# स्थानीय अनुकूलन कार्ययोजना

## के.आई.सिंह गाउँपालिका, वायल, डोटी, सुदुरपश्चिम प्रदेश, नेपाल



तयार गर्ने :

के.आई.सिंह गाउँपालिका, वायल, डोटी, सुदुरपश्चिम प्रदेश, नेपाल







२०८०

सार्वाधिकार © के.आई.सिंह गाउँपालिका, वायल, डोटी, सुदुरपश्चिम प्रदेश, नेपाल

योजनाको नाम: स्थानीय अनुकूलन कार्ययोजना

तयार गरिएको वर्ष: २०८०

तयार गर्ने: के.आई.सिंह गाउँपालिका, वायल, डोटी, सुदुरपश्चिम प्रदेश, नेपाल

आर्थिक तथा प्राविधिक सहयोग : CDF Doti/ आइपास नेपाल

के.आई.सिंह गाउँपालिका
K I Singh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

वायलडोटी,
Wayal, Doti
सुदूरपश्चिम प्रदेशनेपाल,
Sudurpaschim Province, Nepal


पत्र संख्या: २०७९/०८०

## मन्तव्य

एक्काइसौं शताब्दीको प्रमुख चुनौतीको रुपमा जलवायु संकट हो भन्ने विषयमा विश्व समुदायमा कुनै विमति नरहेको कुरा COP27 ले पनि प्रष्ट पारी सकेको छ। बढ्दो कार्बन साथै अन्य हरित गृह ग्याँसहरूको उत्सर्जनलाई कटौती गर्नु आजको आवश्यकता हो । हरित आर्थिक क्रियाकलापहरूको वढोत्तरी र दिगो अनुकूलनका गतिविधिहरू अवलम्वन गर्नुको विकल्प हामीसँग छैन । यसै सन्दर्भमा जलवायु परिवर्तन र यसले निम्त्याउने संकटले गरिव र विकासोन्मुख राष्ट्रहरु थप मारमा पर्ने विषय वैज्ञानिक तथ्याङ्क एवं प्रतीवेदनहरुमा प्रष्ट्याइएको छ । नेपाल पनि जलवायुको सन्दर्भमा अति प्रभावित मुलुक रहेको छ।

स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकूलन क्षमता वृद्धि गर्न, वार्षिक योजना प्रक्रियामा जलवायु सम्वन्धित वजेट तर्जुमा गर्न, जलवायु अनुकूलन कार्यलाई प्रोत्साहन गर्न स्थानीय स्तरमै समुदायमा आधारित संस्थाहरुका साथै वार्षिक बजेट तर्जुमा प्रक्रियामा संलग्न हुने सवैलाई जलवायु तथा विपद् सम्वन्धी न्यूनतम ज्ञान र क्षमता अभिवृद्धि गर्ने र जलवायु अनुकूलन कार्यलाई मुल प्रवाहिकरण गर्ने उद्देश्यले के.आई.सिंह गाउँपालिकाले यो स्थानीय अनुकूलन कार्ययोजना तयार गरेको छ । जंगलीजनावरको आतंक, खडेरी, कृषिमा लाग्ने रोग, असिना, मिचाहा प्रजाती, पशुमा लाग्ने रोग, पहिरो, हावाहुरी, वाढी, आगलागी/वन डढेलो, चट्याङ्ग, हिमपात यस पालिकामा देखिएका मुख्य प्रकोपहरु हुन् । यहाँका सम्पुर्ण घरधुरीहरु विपद् जोखिम तथा जलवायु परिवर्तनको असरवाट दिन प्रतिदिन प्रभावित भईरहेको सन्दर्भलाई मध्ये नजर गरी आइपास नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सि डि एफ नेपालसँगको सहकार्यमा एलायन्स फर इन्भायरोमेन्टको सहजीकरणमा के.आई.सिंह गाउँपालिकामा स्थानीय अनुकूलन कार्ययोजना २०८० स्थानीय अनुकूलन योजनाको राष्ट्रिय संरचना २०७६ तथा जलवायु परिवर्तन नीति २०७६, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली २०७७, तथा राष्ट्रिय स्वास्थ्य अनुकूलन योजना (२०७२-२०७७) अनुरुप तयार गरिएको हो । यसरी पहिचान भएका विपद् तथा जलवायु जोखिमलाई विस्तृत रुपले व्यवस्थापन गर्नको लागि आगामी ५ वर्षको विस्तृत कार्ययोजना तर्जुमा गरिएको छ। यस योजनालाई गाउँपालिकाको नियमित योजना तर्जुमा प्रक्रियामा समायोजन गरी सम्वन्धित सबै सरोकारवालाहरुको सहयोग, समन्वय तथा सहकार्यमा कार्यान्वयन गरिने छ।

स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना स्थानीय सरकारको मात्र जिम्मेवारी नभएर राष्ट्रिय तथा विभिन्न तह र तप्काका जिम्मेवारीहरू पनि हुन् । यसर्थ, यी स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्य योजनालाई मुल प्रवाहिकरण गर्नका निम्ति राष्ट्रिय र प्रादेशिक तहहरूका सरकारहरू वीचका साथै सरकारी, गैरसरकारी, नीजि र सामुदायिक क्षेत्रहरूसँग रणनीतिक साझेदारी गर्न आवश्यक छ। म यो अवसरमा ०८४/८५ सम्ममा यस योजनाको प्रभावकारी कार्यान्वयन प्रक्रियामा नेतृत्व एवं स्थानीय श्रोत साधन परिचालन गर्न गाउँपालिका सदैव सक्रिय रहने प्रतिवद्धताका साथै आवश्यकता अनुसार सम्वन्धित सबै सरोकारवालाहरुको विभिन्न श्रोतहरुको उपलब्धतासँगै अझ सक्रिय सहयोग तथा सहकार्यको अपेक्षा गर्दछु र सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूलाई आह्वान गर्दछु । साथै यो योजना निर्माण गर्न सहयोग गर्नु हुने सवैप्रति हार्दिक कृतज्ञताका साथ धन्यवाद ज्ञापन गर्दछु ।

लोकेन्द्र बहादुर शाही
अध्यक्ष

लोकेन्द्र बहादुर शाही
अध्यक्ष

के.आई.सिंह गाउँपालिका
K I Singh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

वायलडोटी,
Wayal, Doti
सुदूरपश्चिम प्रदेशनेपाल,
Sudurpaschim Province, Nepal

पत्र संख्या: २०७९/०८०

## मन्तव्य

विश्वव्यापी रुपमा जलवायु परिवर्तन भएको अवस्थामा नेपालमा पनि यसको प्रभाव बढ्दो छ । जलवायु परिवर्तनले गर्दा गरिवी र सामाजमा अन्तर्निहित समस्याका कारणहरु न्यूनीकरण गर्न थप चुनौतिहरु सृजना भएको छ । खडेरी, अनियमित वर्षा र अत्याधिक एवं पटक पटक आउने बाढी, विनाशकारी हुरी वतास, विश्वव्यापी कोरोना माहामारी र लम्पि स्किन आदिजस्ता सवै प्रकारका प्रकोपहरुले गर्दा गरिब तथा विपन्न वर्गको जीविकोपार्जन सुरक्षामा असर पारी रहेको छ । परिवर्तित जलवायुले ल्याएको असरहरुले विकासका कार्यक्रमहरुलाई समेत प्रत्यक्ष रुपमा प्रभाव पारेको अनुभव गरिएको छ । जंगली जनावरको आतंक, खडेरी, कृषिमा लाग्ने रोग, असिना, मिचाहा प्रजाती, पशुमा लाग्ने रोग, पहिरो, हावाहुरी, बाढी, आगलागी/वन डढेलो, चट्याङ्ग, हिमपात यस गाउँपालिकामा देखिएका मुख्य प्रकोपहरु हुन् । यस्ता प्राकृतिक तथा मानवीय प्रकोपहरुले यस के.आई.सिंह गाउँपालिका अन्तर्गतका स्थानीय बासिन्दाहरुलाई दिन प्रतिदिन असर पार्दै आईरहेको छ । यहाँको मुख्य पेशा कृषि तथा पशुपालन हो जुन शत प्रतिशत जलवायुसँग जोडिएको छ । यहाँका सम्पुर्ण घरधुरीहरु विपद् जोखीम तथा जलवायु परिवर्तनको असर बाट दिन प्रतिदिन प्रभावित भईरहेको सन्दर्भलाई मध्ये नजर गरी आइपास नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सिडिएफ नेपालसँगको सहकार्यमा एलायन्स फर इन्भायरोमेन्टको सहजीकरणमा के.आई.सिंह गाउँपालिकामा स्थानीय अनुकलन कार्य योजना २०८०, स्थानीय अनुकूलन योजनाको राष्ट्रिय संरचना २०७६ तथा जलवायु परिवर्तन नीति २०७६, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली २०७७, तथा राष्ट्रिय स्वास्थ्य अनुकूलन योजना (२०७२-२०७७) अनुरुप तयार गरिएको हो । यसरी पहिचान भएका विपद् तथा जलवायु जोखिमलाई विस्तृत रुपले व्यवस्थापन गर्नको लागि आगामी ५ वर्षको विस्तृत कार्य योजना तर्जुमा गरिएको छ । यस योजनालाई के.आई.सिंह गाउँपालिकाको नियमित योजना तर्जुमा प्रक्रियामा समायोजन गरी सम्वन्धित सबै सरोकारवालाहरुको सहयोग, समन्वय तथा सहकार्यमा कार्यान्वयन गरिनेछ ।

अन्तमा यस योजनाको प्रभावकारी कार्यान्वयन प्रक्रियामा नेतृत्व एवं स्थानीय श्रोत साधन परिचालन गर्न गाउँपालिका सदैव सक्रिय रहने प्रतिवद्धताका साथै आवश्यकता अनुसार सम्बन्धित सबै सरोकारवालाहरुको विभिन्न श्रोतहरुको उपलब्धतासँगै अझ सक्रिय सहयोग तथा सहकार्यको अपेक्षा गर्दछु । साथै यो योजना निर्माण गर्न सहयोग गर्नु हुने सवैप्रति हार्दिक कृतज्ञताका साथ धन्यवाद ज्ञापन गर्दछु ।

सुरत बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

सुरत बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

# विषयसुची

परिच्छेद १ : योजनाको औचीत्य तथा मान्यता १
१.१ पृष्ठभूमि १
१.१ स्थानीय अनुकूलन योजनाको औचीत्य र मान्यता ३
१.२ स्थानीय अनूकुलन कार्य योजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरु ४
१.३ स्थानीय अनुकूलन योजना र विपद् जोखिम व्यवस्थापन बीच अर्न्तसम्बन्ध ६
परिच्छेद २ : के.आई.सिंह गाउँपालिकाको परिचय ७
२.१ जलाधार ८
२.२ अवस्थिति र भैागोलिक अवस्था ८
२.३ सामाजिक, आर्थिक तथा मानविय अवस्था ८
२.३.१ सामाजिक अवस्था ८
२.३.२ मानवीय अवस्था ९
२.३.३ आर्थिक क्रियाकलापहरुको अवस्था १०
२.४ प्राकृतिक श्रोतको अवस्था (वन, जमिन, जलस्रोत) ११
२.४.१ वन सम्बन्धि बिवरण ११
२.४.२ जमिन बिवरण १२
२.५ भौतिक पुर्वाधारको अवस्था १४
२.७ गा.पा. मा कार्यरत संघसंस्थाहरुको अबस्था तथा उपलब्ध सेवाहरु १९
परिच्छेद ३ : अनूकुलन कार्ययोजनाको बिधि र प्रक्रिया २२
३.१ अनुकुलन कार्ययोजनाको तर्जमा बिधि र प्रक्रिया २२
परिच्छेद ४ : स्थानीय अनुकूलन कार्ययोजना तर्जुमाका चरणहरु २४
४.१ जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि २४
४.२ संकटासन्नता, जोखिम विश्लेषण तथा वस्तुगत विवरणको तयारी २४
४.२.१ प्रकोपको ऐतिहासिक घटनाक्रम २४
४.२.२ परिवर्तित मौसमी तथा प्रकोप पात्रो ४०
४.२.३ परिवर्तित बाली पात्रो ४२
४.२.४ तापक्रम र बर्षाका तथ्यांकहरुको विश्लेषण ४४
४.२.४.१ औसत न्युनतम तापकम र अधिकतम तापकमको विश्लेषण ४४
४.२.४.२ बर्षाका तथ्यांकहरुको विश्लेषण ४४
४.२.५ सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन ४५
४.२.६ जोखिमको रुपरेखा ४६
४.२.७ संकटासन्न वर्ग तथा समुदाय पहिचान ५२
४.२.८ कार्यबोझ बिश्लेषण: ५७
४.२.९ लक्षित समुह छलफल ६१
४.२.१० प्रकोपको प्राथमिकिकरण ६३
४.२.११ वडा जोखिम स्तरीकरण ६४

४.२.१२ प्रकोप तथा जोखिम विश्लेषण ६६
४.२.१३ जीविकोपार्जनका स्रोतहरु माथिको प्रभाव विश्लेषण ९१
४.२.१४ विषयगत क्षेत्रमा पारेको प्रभाव १०२
४.२.१५ पारिस्थितिकीय प्रणालीको संकटासन्नता चित्रण तथा विश्लेषण १११
परिच्छेद ५ : जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिहरुको पहिचान ११४
५.१ अनूकुलन तथा विपद् जोखिम व्यवस्थापन योजना ११४
५.२ अनूकुलन तथा विपद् जोखिम न्युनीकरणका कार्यहरूको प्राथमिकीकरण १२०
५.३ अनुकूलन कार्ययोजनाको निर्माण १२०
परिच्छेद ६: जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण १४६
६.१ आवधिक योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहीकरण १४६
६.२ स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा र अनुगमन तथा मूल्यांकन प्रक्रियामा मूलप्रवाहीकरण १४८
परिच्छेद ७ : अनूगमन तथा मुल्याङ्कन योजना १५०
परिच्छेद ८: अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यहरुको तर्जुमा र कार्यान्वयन १५२

## तालिका सुची

तालिका १ गाउँपालिका वडाहरुको क्षेत्रफल, मुख्य वस्तिहरु, जनसंख्या तथा घरधुरी ८
तालिका २ गाउँपालिका तथा विभिन्न वडाहरुको साक्षरता दर १०
तालिका ३ वैदेशिक रोजगारमा जानेहरु र वैदेशिक रोजगारबाट हुने आम्दानी विवरण ११
तालिका ४ वर्षभरिको खाद्यान्नमा आत्म निर्भरता, औसत मासिक आम्दानी र वचतका आधारमा वडा स्तरिय घरधुरी विवरण ११
तालिका ५ वर्तमान भूउपयोग सम्वन्धी विवरण १४
तालिका ६ सडक सञ्जाल, पक्की तथा झोलुगें पुलहरुको विद्यमान अवस्था १५
तालिका ७ गाउँपालिकामा भएका स्वास्थ्य संस्थाहरुको विवरण १८
तालिका ८ गाउँपालिकामा पानी प्राप्त गर्ने स्रोत, स्रोत रहेको स्वामित्व, पानी लिन जाँदा लाग्ने समय, र शौचालयको बनावटको आधारमा घरधुरी विवरण १८
तालिका ९ गाउँपालिकामा सुरक्षित मातृ शिशु सेवाको विवरण १८
तालिका १० गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण १९
तालिका ११ गाउँपालिकामा महिनावारी भएको समयमा बस्ने ठाउँ र महिनावारीको समयमा घरपरिवार भन्दा छुट्टै बस्ने दिन (अवधि) को आधारमा घरधुरी विवरण १९
तालिका १२ जिल्लाका सायल र के.आई.सिंहमा सुरक्षीत गर्भपतनका सेवा लिनेहरुको विद्यमान अवस्था २०
तालिका १३ विकास साझेदार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको विवरण २१
तालिका १४ प्रकोपको ऐतिहासिक घटनाक्रम २६
तालिका १५ परिवर्तित प्रकोप तथा मौसमी पात्रो ३९
तालिका १६ बाली पात्रो ४१
तालिका १७ के.आई.सिंह गा.पा.को जोखिमको रुपरेखा ४५
तालिका १८ संकटासन्न वर्ग तथा सामाजिक समुहहरुको पहिचान ४९
तालिका १९ कार्यबोझ विश्लेषण ५०
तालिका २० प्रकोपको जोडागत स्तरीकरण ५५
तालिका २१ वडा जोखिमको जोडागत स्तरीकरण ५६

तालिका २२ सम्मूखता, संवेदनशिलता र अनूकुलन क्षमताको आधारमा संकटासन्न वडाका संकटासन्न वस्तिहरु ५६
तालिका २३ गाउँपालिकाको प्रकोपको अवस्था तथा अनुकूलनका प्रयासहरुको विश्लेषण ५७
तालिका २४ जीविकोपार्जनका स्रोतहरुमा प्रभाव विश्लेषण ६१
तालिका २५ विषयगत क्षेत्रमा पारेको प्रभाव ६४
तालिका २६ वन जगंल पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ७२
तालिका २७ कृषि पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ७३
तालिका २८ जल (खोला, ताल, नदी) पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ७३
तालिका २९ पारिस्थितिकिय प्रणालीहरुको तुलनात्मक जोखिम विश्लेषण ७४
तालिका ३० जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिहरुको पहिचान ७५
तालिका ३१ स्थानीय अनुकूलन कार्ययोजना ८०
तालिका ३२ योजना तर्जुमा प्रक्रियाको समयमा समायोजन गर्नूपर्ने १०८
तालिका ३३ अनूगमन तथा मुल्याङ्कन योजना १११
तालिका ३४ अनुगमन चेकलिष्ट ११२
तालिका ३५ मुल्याङ्कन चेकलिष्ट ११२

## चित्र सुची

चित्र १ के.आई.सिंह गा.पा.को प्रशासनिक नक्शा ७
चित्र २ के.आई.सिंह गाउँपालिकाको भू-उपयोग नक्शा १२
चित्र ३ के.आई.सिंह गाउँपालिकाको जलाधार नक्शा १३
चित्र ४ के.आई.सिंह गाउँपालिकाको मुलबाटो भएको नक्शा १६
चित्र ५ के.आई.सिंह गा.पा.मा काम गर्ने विकास साझेदार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु समेटेको रोटीचित्र २०
चित्र ६ लापा खाका तयारीको सम्रग प्रक्रिया २२
चित्र ७ स्थानिय अनुकूलन कार्ययोजना विधि प्रक्रिया २३
चित्र ८ सन् १९९० देखि पछिल्लो अवस्थासम्म औसत न्युनतम तापक्रम र अधिकतम तापक्रममा देखिएका परिवर्तन ४४
चित्र ९ सन् १९९० देखि पछिल्लो अवस्थासम्म वर्षात्मा देखिएका परिवर्तन ४५
चित्र १० स्थानियहरुले तयार गरेको के.आई.सिंह गाउँपालिकाको प्रकोप तथा स्रोत नक्शा ४५
चित्र ११ के.आई.सिंह गाउपालिकाको संकटासन्नता नक्शा ६५
चित्र १२ स्थानिय जलवायु परिवर्तन तथा विपद् जोखिम न्युनीकरण मुलप्रवाहिकरण विधि प्रक्रिया १४६

## योजनाको सारांश

जलवायु परिवर्तन र यसका प्रतिकुल प्रभावहरु समग्र विश्वकै लागि साझा चुनौतिका रुपमा अगाडि आइरहेको वर्तमान परिप्रेक्ष्यमा डोटी जिल्लाको के.आई.सिंह गाउँपालिकाले पनि यसबाट श्रृजित तथा भविष्यमा श्रृजना हुन सक्ने प्रतिकुल प्रभावहरुसँग अनुकूलित हुन सक्ने क्षमताको अभिवृद्धि गर्न परीमार्जीत स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०७६ ले निर्दिष्ट गरेका विधि, प्रक्रिया र चरणहरुलाई अवलम्बन गरी बहुसरोकारवाला निकायहरु गाउँपालिकाका जनप्रतिनिधिहरु, विषयगत शाखा प्रमुख, स्थानीय गैरसरकारी संघसंस्थाहरुको प्रतिनिधि, जलवायु परिवर्तन क्षेत्रमा कार्यरत संघसंस्थाहरु, महिला तथा अन्य सरोकारवाला निकायहरुको सक्रिय सहभागीतामा वडा स्तरबाट पहिचान भएको प्रकोप तथा अनुकूलनका प्रयासहरुलाई समेत समावेश गरी यो स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ । यो कार्ययोजना मिति चैत्र २२ २०७९ देखि चैत्र ३० २०७९ सम्म के.आई.सिंह गाउँपालिकाको विभिन्न तहमा संचालित अनुकूलन कार्ययोजना तर्जुमा गोष्ठीबाट तयार गरिएको हो । सोही मुल्यांकनको आधारमा उच्च अनुकूलन क्षमताको परिकल्पना गर्दै प्रभावकारी अनुकूलन कार्यहरुको पहिचान तथा प्राथमिकीकरण गरी यो कार्ययोजना तयार भएको थियो । यस कार्ययोजनाको सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| विवरण | |
|---|---|
| **कार्यक्षेत्र:** | के.आई.सिंह गाउँपालिका, बायल, डोटी, सुदुरपश्चिम प्रदेश, नेपाल |
| **चारकिल्ला:** | पूर्वमा अछाम जिल्ला र बोगटान गाउँपालिका, पश्चिममा बडिकेदार गाउँपालिका शिखर नगरपालिका, उत्तरमा डोटीको दिपायल सिलगढी नगरपालिका र शिखर नगरपालिका, दक्षिणमा डोटीकै बोगटान गाउँपालिका |
| **क्षेत्रफल:** | १२७.०१ वर्ग. कि. मि. |
| **जनसंख्या (राष्ट्रिय जनगणना, २०७८)** | कुल जनसंख्या २०,७३६, कुल घरधुरी ४६८० |
| **प्रमुख पेशा / जीविकोपार्जनको आधार:** | यस पालिकाका बासिन्दाको मुख्य पेशा कृषि हो भने जीविकोपार्जन अर्थात ज्याला मजदुरी, रोजगारीको लागि यहाँका मानिसहरु अन्य क्षेत्रहरु अर्थात देशको अन्य भाग, भारत तथा खाडी मुलुकहरुमा जाने गर्दछन् । |

- गर्मीका दिनहरु १ हप्ता पछि सुरु भएर १ महिना पछि सरेको र गर्मिको मात्रा पनि बढेको छ ।
- मनसुनी वर्षा १ महिना पछि सुरु भएर १ महिना पछि सकिने गरेको छ ।
- वर्षाको मात्रा घटेको छ । जाडोका दिन करिब २ हप्ता पछि सुरु भएर २ हप्ता पछि सकिने गरेको छ ।
- हिउँदे बर्षा ३ हप्ता पछि सुरु भएर २ हप्ता पछि सकिने गरेको छ र छिटपुट मात्र हुने गरेको छ ।
- कुहिरो लाग्ने समय ५ हप्ताले घटेको छ ।
- तुसारो एक हप्ता बढेको छ । सुख्खा खडेरी ६ हप्ताले बढेको छ ।
- हावाहुरी २ हप्ताले बढेको छ । कार्तिकका दिनहरुमा पनि चटयाङ्ग पर्ने गरेको छ ।
- अहिले वर्षामा फेरबदल भएकोले बाढी तथा पहिरोको समयमा पनि परिवर्तन भएको छ तर मात्रा र बारम्बारता भने बढेको छ ।
- बाढी, पहिरोले पानीका स्रोतहरुमा क्षती, र प्रदुषणको जोखिम उच्च, महिलाहरुको स्वस्च्छ पानी खोज्ने कार्यबोझ बढ्ने, लैगिंकतामा आधारित हिंसाका जोखिमहरु बढ्ने, नवजात शिशु तथा बाल स्वास्थ्य स्याहार घट्ने,
- खडेरी तथा जल उत्पन्न प्रकोपहरु जस्तै बाढी, पहिरोका समयमा स्वच्छ पानी खोज्ने क्रम, मिचाहा प्रजातीका कारण घाँसको गुणस्तरमा ह्रास आउने, मिचाहा प्रजाती व्यवस्थापन लगायतका महिलाहरुको कार्यबोझ बढ्ने जंगली जनावरको सम्मुख्ता बढ्ने
- बालीको उत्पादकत्व घट्नु, पोषणयुक्त खाद्यान्न अभाव, यौन मनोविज्ञानमा नकारात्मक प्रभाव, प्रजनन रुग्णताका जोखिम ।
- पानी मुहान कम निस्कने र मुहान फुट्ने समय १ महिना पछि सरेको ।
- जलवायु परिवर्तनसँगै उत्पादकत्व घट्नु, जिविकोपार्जनका विकल्पहरु नहुँदा वैदेशिक रोजगारीमा पुरुषहरुको आकर्षण, यो सँगै यौन रोग संक्रमण र एचआईभी र एड्सको जोखिम ।

कार्यबोझ बढेसँगैको समय व्यवस्थापन र मानसिक विचलनका कारण परिवार नियोजन, सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य स्याहार, गर्भपतनको कारणबाट उत्पन्न हुने समस्याहरूको रोकथाम तथा उपचार, प्रौढ महिलाहरूको स्वास्थ्य सम्बन्धी सवालहरुले कम प्राथमिक्ता पाउनु ।

| | |
|---|---|
| **मुख्य प्रकोपहरु** | जंगली जनावरको आतंक, खडेरी, कृषिमा लाग्ने रोग, असिना, मिचाहा प्रजाती, पशुमा लाग्ने रोग, पहिरो, हावाहुरी, बाढी, आगलागी/वनडढेलो, चट्याङ्ग, हिमपात |
| **मुख्य वस्तीहरु** | डुम्राकोट, रावतवाडा, लोली, गणेशकाँडा, महादेव, राडेसैन, मकरकाँडा, मेलसैन, सैन, वसन, पुदेखानी, धारापानी, खाइलेक, भिडखेत, कापडा, झिमे, मझेरा, माझघर, झाडीखेत, बोरागाउँ, बामगडा, खाडेलेक, तिखातर, मौडा, दाडिमाटी, हलोकाटे, बगाले, तलकोट, सेल्पाखा, अमगडा, जारीमाडी, बनलेख रातामाटी, झिगाबस्ती, खरवारा, भाडी, सलकट्टे, देउकाडा, दल्ल, कापडीगाउँ, देउरडी, काल्याम, सिमगाउँ, खार, भुगंर, खडकावडा, गोगन खोला, धौलाकाडा, वलिगाउँ, खिल्लेग, बाडाकोट, बास्कोट, बालाबन, डाडल, लश्कर, कोट, लेककोट, धामीगाउँ, चन्केसैन, भाडागाउँ, कापडीगाउँ, डाइगडा वगर, सेउडेखेत, मौराता, कोलढुगां, बगर थलागडा, बगर, काफली, बुहार, केदारगाउँ, स्याँला, जमलकट्टे, शिरगाउँ, रानागाउँ, भुलवाडा, भिताडी, चाका, नोभारी, फलेडी, डाँगा, भाटिगाउँ, कोटीगाउँ, बलायर गाउँ, नौतडि, पाउटा, विष्टगाउँ, महतगाउँ, चौड, सिमडोरा, सेल्पाउ, घडेदाउना, जोगमुठ, सिमलठोरा |

**कार्ययोजनाको परिकल्पनाः**

- जलवायु परिवर्तन अनुकूलित उपयुक्त बीउ बिजन, प्रविधि र उन्नत नश्लको प्रवर्द्धनले गर्दा पशु व्यवसाय तथा कृषि उत्पादनमा वृद्धि भई खाद्य सुरक्षा बढेको हुनेछ।
- सिंचाई कुलोको मर्मत तथा स्तर उन्नती र साना सिंचाई प्रविधिहरुको प्रयोगले कृषि उत्पादनमा वृद्धि भई स्थानीय समुदायको आत्मनिर्भरता बढेको हुनेछ।
- विभिन्न भौतिक पूर्वाधारहरुको निर्माणबाट बाढी, पहिरो जस्ता जलवायुजन्य प्रकोपहरुको असरमा कमी आई स्थानीय समुदायको समानुकूलन क्षमता बढेको हुनेछ।
- दिगो वन व्यवस्थापनका माध्यमबाट मिचाहा प्रजातिको नियन्त्रण तथा वनको हैसियतमा सुधार आएको हुनेछ।
- स्वच्छ पिउने पानीको उपलब्धता, व्यवस्थापन, स्वच्छता तथा सरसफाईको साथै वैकल्पिक उर्जा प्रवर्द्धनबाट स्थानीय समुदायको स्वास्थ्यमा सुधार र जीवन स्तरमा सुधार आएको हुनेछ।
- स्थानीय समुदायमा जलवायु परिवर्तन सम्बन्धी चेतना अभिवृद्धि भई यसका प्रभावहरुसँग अनुकूलित हुने र क्षति न्युनिकरण गर्ने क्षमताको विकास भएको हुनेछ।
- परिवार नियोजन, सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य स्याहार, गर्भपतनको कारणबाट उत्पन्न हुने समस्याहरूको रोकथाम तथा उपचार, यौन रोग संक्रमण र एचआईभी र एड्स, बाँझोपनको रोकथाम तथा उपचार, किशोर किशोरीहरूको प्रजनन स्वास्थ्य, प्रौढ महिलाहरूको स्वास्थ्य, लैगिंकतामा आधारित हिंसा विशेष महत्वको विषयमा लिईनेछ र तत् सम्बन्धी क्षमताको विकास भएको हुनेछ।

| | |
|---|---|
| **योजनाको अवधिः** | आ. व २०८०/८१ देखि ०८४/८५ |

**कार्ययोजनाको प्राथमिकता परेका मुख्य अनुकूलनका कार्यहरुः:**

- सिंचाई कुलो मर्मत तथा स्तर उन्नती, साना सिंचाई प्रविधि प्रवर्द्धन, प्लाष्टिक घरमा बेमौसमी तरकारी खेती, रिचार्ज पोखरी निर्माण, पानीका मुहान संरक्षण
- नदी किनारमा वृक्षारोपण, तटबन्ध निर्माण, ग्याविन पर्खाल निर्माण
- सुख्खा सहने तथा रोग किरा प्रतिरोधी प्रजातिहरुको प्रवर्द्धन, नश्ल सुधारको लागि बोका (बोयर) वितरण, भकारो सुधार, बाखाको खोर सुधार, पशुपालन सम्बन्धि तालिम, पशु स्वास्थ्य सिविर
- वन व्यवस्थापन, वृक्षारोपण, बायोचारको तयारी तथा प्रयोग
- सरफाई तथा पोषण सम्बन्धि तालिम, गाउँघर क्लिनिक तथा स्वास्थ्य चौकीको सवलिकरण

**क्षमता विकास**

विभिन्न तहमा जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा अभिमुखीकरण तालिमहरुको साथै विभिन्न विषयगत क्षेत्रहरु जस्तै कृषि, पशुपालन, वन तथा जैविक विविधता, उर्जा, जनस्वास्थ्य, भौतिक पूर्वाधारमा जलवायु परिवर्तन अनुकूलित प्रविधिहरु सम्बन्धी क्षमता विकासका क्रियाकलापहरु संचालन गरिने छ।

**लैङ्गिक समानता, सामाजिक समावेशिता, र सुशासन**

स्थानीय अनुकूलन कार्ययोजना निर्माण प्रकिया तथा कार्यान्वयनमा लैङ्गिक समानता, सामाजिक समावेशिता, र सुशासनलाई मुख्य सवालको रुपमा लिई यस अवधारणालाई सम्बन्धित क्रियाकलापहरुमा समायोजन गरिएको छ ।

**विषयगत क्षेत्र अनुसार पाँच वर्षको लागि अनुमानित वार्षिक बजेट:**

| विषयगत क्षेत्र | | अनुमानित बजेट रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | कूल जम्मा |
| १ | कृषि तथा खाद्य सुरक्षा | ६२५०० | ६७९५० | ७३३०० | ६९९०० | ६५५५० | ३३९२०० |
| २ | वन, जैविक विविधता तथा जलाधार संरक्षण | १८२५ | २२५० | १८५० | १८०० | १५५० | ९२७५ |
| ३ | जल तथा उर्जा | १५३० | १५३० | ४६५ | २४० | २४० | ४००५ |
| ४ | स्वास्थ्य, खानेपानी तथा सरसफाई | ७१४५५ | ४३५५५ | ७१५५५ | १०२८० | १०८० | १९७९२५ |
| ५ | स्थानीय ग्रामिण तथा शहरी बस्ती | २००० | ० | ० | ० | ० | २००० |
| ६ | जलवायुजन्य प्रकोप न्युनीकरण तथा विपद् जोखिम व्यवस्थापन | ४५७६० | ५६५८० | ६१९०० | ५७२२० | ४६०२० | २६७४८० |
| ७ | उद्योग, यातायात तथा भौतिक पुर्वाधार | २५०० | ५००० | ३६०० | ४५०० | १७०० | १७३०० |
| ८ | पर्यटन एंव प्राकृतिक तथा सांस्कृतिक सम्पदा | ० | १००० | ० | ० | ० | १००० |
| ९ | लैङ्गिक समानता, सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन | २६०० | २००० | २१०० | २६०० | २६०० | ११९०० |
| १० | जनचेतना अभिवृद्धि तथा क्षमता विकास | ५३८५ | ३७७५ | ५०३५ | ४१७५ | ६६८५ | २५०५५ |
| ११ | अनुगमन तथा समिक्षा बैठक | १९५५.५५ | १८३६.४ | २१९८.०५ | १५०७.१५ | १२५४.२५ | ८७५१.४ |
| | **कूल जम्मा** | १९७५१०.५५ | १८५४७६.४ | २२२००३.०५ | १५२२२२.१५ | १२६६७९.२५ | ८८३८९१.४ |

**योजना कार्यान्वयनमा सहयोग गर्न सक्ने निकाय**

के.आई.सिंह गाउँपालिका, वडा कार्यालय, जिल्ला समन्वय समिति, गाउँपालिका अन्तर्गत विषयगत शाखाहरु, डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालय, जिल्ला प्रशासन तथा प्रहरी कार्यालयहरु, जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, सामुदायिक वन उपभोक्ता समूहरु, जिल्लामा क्रियाशिल सम्बन्धित दातृ निकाय तथा गैह्र सरकारी संस्थाहरु, सिडिसी (पहल), नेपाल दृष्टिविहिन कल्याण संघ टिकापुर, सोर्स नेपाल, इ डि सी, सिडिएफ नेपाल, दलित महिला अधिकार महिला मञ्च (फेडो), नीड्स नेपाल, डेनमार्क/लिवर्ड पोखरा, ए डब्ल्यू ओ इन्टरनेशनल, एक्शन एड्ड नेपाल, अमेरिकी अन्तराष्ट्रिय विकास सहयोग नियोग, युएसएआईडी

**स्थानीय अनुकूलन कार्ययोजना समायोजन तथा मुलप्रवाहीकरण**

यस अनुकूलन कार्ययोजनालाई नेपाल सरकारको स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियाका ७ चरणहरु अन्तर्गत वडा स्तरीय योजना प्राथमिकरण बैठक, बजेट तथा कार्यक्रम तर्जुमा समिति, एकिकृत योजना तर्जुमा प्रणालीबाट गाउँ कार्यपालिकाको बैठक हुँदै गाउँ सभाको बैठकबाट अनुमोदन गरिनेछ । त्यसैगरी अन्य सरकारी तथा गैह्र सरकारी निकायहरुको वार्षिक तथा आवधिक योजनाहरुमा यस कार्ययोजनालाई कार्यान्वयनको लागि समायोजन गरी मुलप्रवाहीकरण गरिने छ ।

**स्थानीय अनुकूलन कार्ययोजना कार्यान्वयन**

स्थानीय अनुकूलन कार्ययोजना उक्त समायोजन प्रकृयाबाट अनुमोदित भई गाउँपालिकाको समन्वयनमा र गाउँपालिकाको अध्यक्षको नेतृत्वमा सबै सरोकारवालाहरुबाट स्वीकार्य बहुसरोकारवाला संरचनाबाट कार्यान्वयन गरिनेछ ।

**अनुगमन तथा मूल्यांकन**

समुदाय तहमा क्रियाकलापहरुको, वडा तहमा प्रक्रिया र प्रगतिहरु र गाउँपालिका तथा जिल्ला तहमा नतिजा तथा उपलब्धीहरुको विभिन्न वार्षिक समिक्षा, अर्धवार्षिक समिक्षा, फिल्ड अनुगमन आदिको माध्यमबाट अनुगमन तथा मूल्यांकन गरिनेछ ।

यस कार्ययोजनाको कार्यान्वयनबाट यस के.आई.सिंह गाउँपालिकाका सम्पूर्ण बासिन्दा खासगरी लक्षित विपन्न, महिला तथा पछाडि पारिएका वर्गहरुको अनुकूलन क्षमता अभिवृद्धि गरी उक्त परिकल्पनाहरु पूरा गर्नको लागि जम्मा **रु ८८,३८,९१,४०० ।-(अक्षरेपी अठासी करोड अर्तिस लाख एकानब्बे हजार चार सय**) बराबरको विस्तृत स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।

# परिच्छेद १ : स्थानीय अनुकूलन कार्ययोजनाको परिचय

## १.१ पृष्ठभूमि

जलवायु परिवर्तन विश्वव्यापी रुपमा भईरहेको नियमित प्राकृतिक प्रक्रिया हो जुन केहि दशक यता बढ्दो मानव जन्य क्रियाकलापहरुबाट सृजित उच्च हरितगृह ग्याँसको मात्राको कारणले भईरहेको छ । जलवायु परिवर्तन सम्बन्धि अन्तर्राष्ट्रिय प्यानल (IPCC) तथा वैज्ञानिकहरुले जलवायु परिवर्तन सचिक्कै तिव्र गतिमा भैरहेको र विश्वव्यापी रुपमा यसको असर परिरहेको कुरा प्रमाणित भैसकेको छ । वन विनाश, बढ्दो औद्योगिकरण, यातायात क्षेत्रमा पारम्परिक खनिज इन्धनको व्यापक प्रयोग र अव्यवस्थित शहरीकरणले हरितगृह ग्याँसको चिन्ताजनक उत्सर्जनबाट जलवायु परिवर्तनमा तिव्रता आएको छ । IPCC को छैटौं संस्करणको प्रतिवेदन अनुसार मानव सृजित हरितगृह ग्याँसले गर्दा पृथ्वी तात्दै गएको र यसले गर्दा मौसम तथा जलवायुका सूचकहरुमा उल्लेख्यि परिवर्तन आएको कुरा प्रमाणित भएको छ । त्यसै गरी विश्वव्यापी उष्णता औद्योगिकरण समयपूर्व भन्दा सन् २०३० देखि २०५२ को बिचमा १.५ डिग्री सेल्सियसले बढ्ने प्रक्षेपण गरिएको छ । दक्षिण एशियामा मनसुनमा हुने वर्षा सन् २०४१ साल पछि बढ्ने र जसले गर्दा बाढीका घटना बढ्ने प्रक्षेपण गरिएको छ ।

विश्वव्यापी उष्णीकरण सँगै नेपालको सबै क्षेत्रमा तापक्रम वृद्दि भएको पाइएको छ । जल तथा मौसम विभागको सन् २०१७ को प्रतिवेदन अनुसार नेपालमा १९७४ देखि २०१४ सम्ममा अधिकतम तापमानमा प्रत्येक वर्ष ०.०५६ डिग्री सेल्सियसको दरले वृद्दि भएको छ भने न्युनतम तापक्रममा ०.००२ डिग्री सेल्सियसको दरले वृद्दि भएको पाइएको छ । नेपालको उच्च हिमाली क्षेत्रमा सबैभन्दा उच्च दरले तापक्रम वृद्दि भएको छ जस अनुसार मनाङ जिल्लामा अधिकतम तापक्रम ०.१२ डिग्री सेल्सियससम्म प्रति वर्ष सम्म वृद्दि भएको छ । त्यसै गरी वर्षाको स्वरुपमा पनि विभिन्न ऋतुमा मौसममा फरक फरक तरिकाले परिवर्तन भइईराखेको छ । उत्तर पश्चिम क्षेत्रका जिल्लाहरुमा पानी पर्ने दिनहरुको संख्यामा वृद्दि तथा वर्षाका चरम घटना ठाउँ अनुसार विविध तरिकाले परिवर्तन आएको छ । वन तथा वातावरण मन्त्रालयको २०१९ को प्रतिवेदन अनुसार सन २०४५ सम्म औसत तापक्रम ०.९२ देखि १.०७ डिग्री सेल्सियसको दरले र सन् २१०० सम्म १.७२ देखि १.८२ डिग्री सेल्सियसले वृद्दि हुने प्रक्षेपण गरिएको छ ।

जलवायु परिवर्तनको प्रभावबाट धनी र विकसित राष्ट्रहरुको तुलनामा गरिब र विकासोन्मुख राष्ट्रहरु बढी प्रभावित भएका देखिन्छन् । नेपालको हरितगृह ग्याँस उत्सर्जनमा न्यून योगदान (०.००२७५) भएतापनि जलवायु परिवर्तनको असर तथा प्रभावहरु उल्लेख्य मात्रामा भएको पाइन्छ (MOFE, २०२१ ) । ग्लोबल रिस्क ईन्डेक्स्, २०२१ ले सन् २०००-२०१९ सम्मको तथ्यांक विश्लेषणका आधारमा नेपाल जलवायु परिवर्तनको जोखिमका हिसाबले विश्वको १० औं स्थानमा रहेको छ भने Eckstein et al., 2021 का अनुसार जलवायु परिवर्तनका हिसाबले नेपाल अति संवेदनशील रहेको पाइन्छ । वन तथा वातावरण मन्त्रालयले सन् १९७१-२०१९ सम्मका घटनाहरुलाई विश्लेषण गरी

गरेको अध्ययन अनुसार जलवायुजन्य विपदका कारणबाट प्रति वर्ष ६ सय ४७ जनाको मृत्यु हुने गरेको पाइन्छ (MOFE, २०२१ आ) ।

त्यस्तै स्वच्छ हावा, सुरक्षित पिउने पानी, पर्याप्त खाना र सुरक्षित आश्रय जस्ता स्वास्थ्यका सामाजिक र वातावरणीय निर्धारकहरूलाई जलवायु परिवर्तनले असर गर्छ । सन् २०३० र २०५० को बीचमा, जलवायु परिवर्तनका कारणले निम्त्याउने कुपोषण, मलेरिया, पखाला र गर्मीबाट प्रति वर्ष लगभग २,५०,००० थप मृत्यु हुने अपेक्षा गरिएको छ (विश्व स्वास्थ्य संगठन २०२२) । सन् २०३० सम्मको अवधिमा स्वास्थ्यमा प्रत्यक्ष क्षतिको लागत (कृषि र पानी र सरसफाई जस्ता स्वास्थ्य निर्धारण क्षेत्रहरूमा लागतहरू बाहेक) २-४ बिलियन अमेरिकि डलर प्रति वर्षको बीचमा हुने अनुमान गरिएको छ । कमजोर स्वास्थ्य पूर्वाधार भएका विकासोन्मुख देशहरू पुर्वतयारी र प्रतिकार्यको लागि सहायता बिना जलवायुजन्य जोखिम सामना गर्न नसक्ने अवस्थामा रहेका छन् । राम्रो यातायात, खाना र ऊर्जा उपयोग विकल्पहरू मार्फत हरितगृह ग्याँसहरूको उत्सर्जन कम गर्नाले स्वास्थ्यमा सुधार ल्याउन सकिन्छ ।

जलवायु परिवर्तनका कारणले खासगरी महिलाहरु लु, अतिवृष्टी, अनावृष्टी, पानीबाट सर्ने रोगहरु, प्रदुषित हावा तथा पानी, खाद्य असुरक्षा आदिले बढी प्रभाव परेको तथ्यहरु आएका छन् (Sorensen et al., 2018) । बढ्दो जलवायु परिवर्तनका असरका कारणले खासगरी नेपाल जस्ता विकान्सोमुख देशहरुमा लैंगिक विभेद तथा हिंसा बढने देखिन्छ (Ipas, 2022) । त्यसै गरी जलवायुजन्य जोखिम जस्तै बाढी, पहिरो, खडेरी, लुका कारणले महिलाहरुको प्रजनन स्वास्थ्य सम्बन्धि अधिकारहरु पनि जोखिममा परिरहेको विभिन्न अध्ययनहरुले देखाएको छ । प्रजनन स्वास्थ्य विश्वव्यापी अधिकारको एक महत्वपुर्ण तत्व हो जसलाई मानव अधिकार विश्वव्यापी घोषणा पत्र र अन्य मानव अधिकारका सम्मेलन, घोषणा तथा सहमतिहरुले समेट्ने गरेको छ । मानव अधिकारका मापदण्ड अनुसार हरेक राज्यले हरेक व्यक्तिको प्रजनन स्वास्थ्य अधिकारको सम्मान, संरक्षण र परिपुर्ति गर्नुपर्छ । हरेक व्यक्तिले आफ्नो स्वास्थ्य सुधारसँग सम्बन्धित कार्यक्रमहरुमा सहभागी हुन पाउने देखि लिएर बच्चा जन्माउने वा नजन्माउने र कहिले जन्माउने र शिशुको जन्म भइसकेपछि शिशुको उचित पालनपोषण कसरी गर्ने, त्यस सम्बन्धि आवश्यक जानकारी र उचित शिक्षा पाउनु पर्दछ । नेपालका विभिन्न क्षेत्रमा स्वास्थ्य सम्बन्धि सेवा लिन स्थानीय स्वास्थ्य चौकीहरुको प्रयोग गर्ने चलन भए पनि जनताले आवश्यकता अनुसारको सुविधा लिन सकेका छैनन् । नेपालको सन्दर्भमा अहिलेसम्म जलवायु परिवर्तन र प्रजनन स्वास्थ्य अन्तरसम्बन्ध सम्बन्धि अध्ययन न्यून रहेको छ । यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि सेवा सुविधाहरु प्रयाप्त नभएको र जनताले समस्या झेल्नुपर्ने बाध्यताका कारण जलवायुजन्य प्रकोपहरुले अझ जोखिम बढ्ने देखिन्छ ।

नेपालको संविधान २०७२ ले प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य हक मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । यसको साथै सर्वसुलभ र पहुँच योग्य सुरक्षित गर्भपतन सेवाको अधिकार महिलाको प्रजनन अधिकार हो भनि नेपालको सम्मानित सर्वोच्च अदालतले स्पष्ट पारेको छ । त्यस्तै सुरक्षित गर्भपतन सम्बन्धी राष्ट्रिय नीति २०६० को दफा २.३ मा गर्भपतनसँग सम्बन्धित महिलाको अधिकारका बारेमा उल्लेख भए अनुसार अनिच्छित गर्भलाई निरन्तरता दिने वा नदिने भन्ने निर्णय गर्ने सम्पूर्ण अधिकार महिलाको हुने भएकोले १६ वर्ष उमेर पुगेका महिलाले आफु स्वयंको मञ्जुरी र

१६ वर्ष उमेर नपुगेका अथवा मानसिक अवस्था ठीक नभएका महिलाले उनको नजिकको नातेदारको मञ्जुरीले गर्भपतन सेवा लिन सक्ने उल्लेख गरिएको छ । गर्भपतनको प्रविधि र गर्भ निरोधको साधन बारे संम्पुर्ण जानकारी पाउनु र महिलाले रोजे अनुसारको सेवा पाउनु महिलाको अधिकार भित्र पर्दछ । अतः सुरक्षित गर्भपतन सम्बन्धी सेवा प्रदान गर्ने सबै स्वास्थ्य संस्था तथा सेवा प्रदायक स्वास्थ्यकर्मीले महिलाको उपरोक्त अधिकारलाई सुनिश्चित गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ । त्यस्तै जलवायु नीति २०७६ तथा सुरक्षीत मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५, सुरक्षीत मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली २०७७, तथा राष्ट्रिय स्वास्थ्य अनुकूलन योजना (२०७२-२०७७)ले पनि जलवायु परिवर्तनले सुरक्षीत मातृत्व तथा प्रजनन स्वास्थ्यमा ल्याउने जलवायुजन्य जोखिम मुद्घाहरुलाई महत्वपुर्ण विषयका रुपमा वर्णन गरेको पाईन्छ ।

वन तथा वातावरण मन्त्रालयको पछिल्लो प्रतिवेदन (Vulnerability and Risk Assessment and Identifying Adaptation Options, MoFE, 2021) अनुसार सुदुर पश्चिम अती उच्च संकटासन्न प्रदेश हो भने डोटी जिल्ला उच्च संक्टासन्न जिल्ला हो । प्रतिवेदन अनुसार सुदुर पश्चिम प्रदेशका मुख्य जोखिहरु महामारी, आगलागि, बाढी, वन डढेलो, पहिरो रहेका छन् र डोटी जिल्ला जलवायु उतपन्न विपदको संवेदनशिल स्थान (Hotspot) रहेको छ । त्यस्तै उक्त प्रतिवेदन अनुसार के. आई. सिंह गाउँपालिकाको उच्च जोखिममा रहेको छ भने सम्मुखता, संवेदनशिलता, अनुकूलन क्षमता र संकटासन्नता क्रमश ०.३२६, ०.५१२, ०.३८४, ०.७६२ रहेको छ । यही अवस्थालाई ध्यानमा राखी यस के. आई. सिंह गाउँपालिकाको स्थानीय अनुकूलन कार्ययोजना तयार गरीएको हो । यस स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्दा के. आइ. सिंह गाउँपालिका भित्र रहेका वडाका जन प्रतिनिधीहरु, प्रमुख दलका प्रतिनिधिहरु, स्थानीय विषयगत कार्यालयहरुका कर्मचारीहरु, सा.व.उ.स., कृषि समूह, आमा समूहका प्रतिनिधीहरु, महिला स्वास्थ्य स्वंयसेविका, गरीब, महिला, दलित, जनजाति तथा पछाडी पारिएका वर्ग/समुदायको सहभागिता रहेको छ । यस योजना निर्माणका लागि २०७९ साल चैत्र २२ गते के. आइ. सिंह गाउँपालिकामा पालिका स्तरीय स्थानीय अनुकूलन कार्ययोजना तयारी गोष्ठी आयोजना गरिएको थियो । यसका साथै, विभिन्न समय र चरणमा वडा तथा समुह स्तरमा विभिन्न व्यक्ति, समुदाय, भिन्न भुगोल, समुह छलफल, तथ्याँक संकलन तथा विश्लेषण आदी गरि यो स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।

## नीतिगत व्यवस्था

जलवायु परिवर्तनको कारणबाट श्रृजित समस्याहरुको सामना गर्न नेपाल सरकारले जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) २०६७, जलवायु परिवर्तन नीति २०६७ र स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना (National Framework on LAPA) २०६७ का साथसाथै विभिन्न स्थानीय अनुकूलन कार्ययोजनाहरु (LAPAs) समेत तयार गरी सफलतापूर्वक कार्यान्वयन गर्दै आएको छ । सँगसँगै जलवायु परिवर्तन अनुकूलन सम्बन्धी आवश्यकताहरू पहिचान तथा प्राथमिकीकरण गर्ने र सोही आधारमा मध्यकालीन (सन् २०३० सम्म) र दिर्घकालीन (सन् २०५० सम्म) समयका लागि वन तथा वातावरण मन्त्रालयको समन्वयमा राष्ट्रिय अनुकूलन योजना ( National Adaptation Plan–NAP) तथा Enhanced Nationally Determined Contribution (eNDc)

तयारी भएको छ । यस्ता योजनाहरु संसार भरि नै लागु भैरहेका छन् जसले जलवायु परिवर्तनका नकारात्मक असरहरु न्यूनीकरण गर्न अत्यन्त सहयोगी भैरहेको छ (NAP Global Network & Women Deliver, 2020) । विगतका अनुभव, अन्तराष्ट्रिय सन्दर्भ र नेपालमा भएको राज्य पूर्नसंरचना अनुकूल हुने गरी नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६ र जलवायु नीति २०७६, जारी गरिसकेको छ भने स्थानीय स्तरमा विकास निर्माणको समग्र प्रक्रियामा जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नुपर्दछ भन्ने सैद्धान्तिक अवधारणामा आधारित रही परीमार्जीत स्थानीय अनुकूलन योजनाको राष्ट्रिय संरचना ( Revised LAPA Framework), २०७६ पारीत भैसकेको छ । यो परिमार्जित खाकाले स्थानीय सरकारहरूलाई स्थानीय स्तरमा जलवायु परिवर्तनका असरहरु व्यवस्थापन गर्न र दीर्घकालिन जलवायुमैत्री विकासका योजनाहरु पहिचान तथा कार्यान्वयन गर्न सहयोग गर्नेछ । यसले स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरु बीच नियमित सहकार्य तथा सम्वाद मार्फत् स्थानीय क्रियाकलापहरूको कार्यान्वयनमा सहमति निर्माण गरी जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित अन्तरराष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन गर्न समेत मद्दत गर्नेछ । त्यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जलवायु परिवर्तनसँग जुध्न स्वास्थ्य क्षेत्रको लागि रणनीति तथा कार्ययोजना (२०१६-२०२१) निर्माण गरी कार्यन्वयन पनी गरीसकेको छ र दोस्रो कार्ययोजनाको तयारी प्रक्रियामा छ ।

यसै सन्दर्भमा आइपास नेपालले के.आई.सिंह गाउँपालिकामा महिलाको प्रजनन तथा यौन स्वास्थय तथा अधिकारलाई सुनिश्चितता गर्न जलवायु अनुकूलन कार्ययोजना तयार गरि प्रजनन तथा यौन स्वास्थ्य तथा अधिकारका कार्यक्रमलाई स्थानीय योजनामा मुलप्रवाहीकरण गर्न विशेष सहयोग हुनेछ ।

## १.२ स्थानीय अनुकूलन योजनाको औचीत्य (भूमिका)

स्थानीय अनुकूलन कार्ययोजनाले स्थानीय समुदायको जानकारी, समर्थन, र सहभागिता लिन सक्छ । समुदाय आफै सहभागी भएर योजनाहरूमा सुझाव दिन, सहभागिता गर्न र समर्थन गर्न सक्छ । यो समुदायको सम्बन्धमा जानकारी र विश्वशनियता स्थानीय अनुकूलन कार्ययोजनाहरूको सफलताका लागि अत्यावश्यक छ । स्थानीय अनुकूलन कार्ययोजनाहरूले सामाजिक, सांस्कृतिक, तथा पर्यावरणीय सङ्कटहरूको ध्यान राख्न सक्छन् र उनीहरूलाई हल गर्न सक्छन् । कार्ययोजनाले स्थानीय जनता, समुदाय र संस्थाहरुको आवश्यकताहरु र विकास लक्ष्यहरुलाई ध्यानमा राख्दै स्थानीय स्तरमा विकास निर्माणका कार्यक्रम संचालन गर्न मद्दत गर्दछ । स्थानीय अनुकूलन कार्ययोजना स्थानीय लोकतान्त्रिक प्रणालीको स्थापना गर्दछ, जसले विकासको समर्थन गर्दछ र साथै समाजको संस्कृतिक विविधताको रक्षा गर्दछ ।
यसै सन्दर्भमा स्थानीय समुदायको जलवायु परिवर्तनले विभिन्न क्षेत्रमा पारेको असरहरुसँग सामना गर्न सक्ने क्षमताको अभिवृद्धि गर्न स्थानीय अनुकूलन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने उद्देश्यका साथ स्थानीय अनुकूलन कार्ययोजना (लापा) को आवश्यकता पर्दछ । यस अन्तरगत स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाले निर्दिष्ट गरेका विधि, प्रक्रिया र चरणहरुलाई

अवलम्बन गरी बहुसरोकारवाला निकायहरु, नगरपालिकाका जनप्रतिनिधिहरु, विषयगत शाखा प्रमुख, स्थानीय गैरसरकारी संघसंस्थाहरुको प्रतिनिधि, जलवायु परिवर्तन क्षेत्रमा कार्यरत संघसंस्थाहरु, महिला तथा अन्य सरोकारवाला निकायहरुको सक्रिय सहभागीतामा वडा तथा वस्ती स्तरबाट पहिचान भएको प्रकोप तथा अनुकूलनका प्रयासहरुलाई समेत समावेश गरिन्छ । स्थानीय निकायको संकटासन्नता, सम्मुखता र अनुकूलन क्षमताको विश्लेषणको आधारमा जोखिम मुल्याँङकन, संकटासन्न नक्शामा आधारित भई स्थानीय अनुकूलन कार्ययोजना तयार गर्नु पर्ने हुन्छ । स्थानीय अनुकूलन कार्ययोजनाका उदेश्यहरु निम्न बमोजिम रहेका छन् ।

- स्थानीय स्तरमा जलवायु परिवर्तनबाट सृजित जोखिम र संकटासन्नाताको पहिचान, अभिलेखीकरण र प्राथमिकिकरण गर्न
- जोखिममा रहेका तथा संकटासन्न व्यक्ति, घरधुरी, समुह, र समुदायको अनुकूलन क्षमतामा बढोत्तरी गर्ने, अनुकूलन चुनौती तथा अवसर लगायत कार्य पहिचान गर्न र जलवायु उत्थानशील क्रियाकलापहरु पहिचान गरि कार्यन्वयन गर्न
- स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको विषयलाई एकिकृत गर्दै जलवायु उत्थानशील योजनाहरुको कार्यन्वयन गर्न
- स्थानीय स्तरमा गरिने विकासका पुर्वाधारहरुका साथै शिक्षा, स्वास्थ्य, खानेपानी र स्थानीय प्रविधिलाई जलवायु उत्थानशील बनाउन
- स्थानीय समुदायले आफ्ना आवश्यकताबारे आफैंले निर्णय गर्न सहज तरिका प्रयोग गर्न सक्ने गरी अनुकूलन कार्यहरूको पहिचान तथा प्राथमिकीकरण गर्न,
- स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न र स्थानीय स्वायत्त शासन ऐन बमोजिम सो कार्ययोजनालाई स्थानीय तथा राष्ट्रिय स्तरका योजनामा समेत समायोजन गर्न,
- सेवा प्रदायक निकायले समयमै प्रभावकारी ढंङ्गले स्रोत परिचालन गरी अनुकूलन कार्य क्रमबद्ध रूपमा अपनाउन/कार्यान्वयन गर्न,
- कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न, र
- स्थानीय तथा राष्ट्रिय योजनालाई लागतको आधारमा अनुकूलनका प्रभावकारी विकल्प पहिचान गर्न ।

माथि उल्लेखित विभिन्न आवश्यकता साथै महिलाको प्रजनन स्वास्थ्यलाई पनि जलवायु परिवर्तन अनुकूलन बनाउन अति आवश्यक देखिन्छ । विगतमा थुप्रै स्थानीय निकायहरुमा स्थानीय अनुकूलन कार्ययोजना निर्माण भएपनि प्रजनन स्वास्थ्य अधिकारका कुराहरु प्राथमिकतामा नपरेको देखिएको छ । नेपाल जस्तो विकासशील देशमा जलवायु परिवर्तनका कारणले हुने प्रभावले समग्र स्वास्थ्य संस्थाहरु लगायत महिलाको प्रजनन स्वास्थ्यमा विभिन्न खालका जटिलता आउने कुरालाई न्यूनीकरण गर्ने स्थानीय अनुकूलन कार्ययोजनामा विशेष प्राथमिकता दिईनु पर्दछ । यसै सन्दर्भमा आइपास नेपालले जलवायु परियोजना अन्तरगत के. आई. सिंह गाउँपालिकामा महिलाको यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारलाई सुनिश्चितता गर्न जलवायु अनुकूलन योजना तयार गरि प्रजनन यौन तथा स्वास्थ्य तथा अधिकारका कार्यक्रमलाई स्थानीय अनुकूलन कार्ययोजनामा मुलप्रवाहीकरण गर्न विशेष सहयोग हुनेछ ।

## १.३ स्थानीय अनुकूलन कार्ययोजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरु

स्थानिय अनुकूलन कार्ययोजनाका निर्दिष्ट सिद्धान्तहरु (समावेशी, उर्ध्वगामी, लचिलो, तत्परता) लाई आधार विन्दु मानिने छ । स्थानीय तहमा निर्मित स्थानिय अनुकूलन कार्ययोजनाले स्थानीय तह अन्तर्गत पर्ने सम्पुर्ण वडा, वस्ती र टोलहरुमा तथा समुदायको अनुकूलन क्षमता अभिवृद्दि भई जिविकोपार्जनमा सुधार ल्याएको हुनेछ । यस योजनाका मान्यता तथा सिद्दान्तहरु निम्नानुसार रहेका छन् ।

- स्थानीय अनुकूलन कार्ययोजना स्थान विशेष अनुसार फरक फरक हुन्छ ।
- स्थानीय समुदाय तथा सरोकारवालाहरुको सहभागितामा लक्षित क्षेत्र, वर्ग तथा समुदायको पहिचान गरी जलवायु परिवर्तनको असरसँग सामना गर्न अनुकूलनका उपायहरुको प्राथमिकिकरण गरी स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।
- पालिका स्तरीय अनुकूलन कार्ययोजनाले लक्षित क्षेत्र, वर्ग तथा समुदायलाई समेटी जोखिम क्षेत्रको पहिचान गरी कार्यक्रमहरुको तय गरेको हुँदा यो कार्ययोजना प्रभावकारी रुपले सञ्चालन गर्न सकिन्छ ।
- स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि भएको हुँदा कार्यक्रम कार्यान्वयनका लागी अनुकूल वातावरणको श्रृजना हुनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्दा पालिकामा रहेको सम्पुर्ण सरोकारवालाहरुलाई समावेश गरिएकाले योजनालाई प्राथमिकताका साथ कार्य गर्न उपयुक्त वातावरण श्रृजना हुनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाको निर्देशित सिद्धान्त समावेशि, तत्परता र लचिलोमा आधारित भई स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।
- राष्ट्रिय अनुकूलन योजनाले पहिचान गरेका क्षेत्रमा आधारित भई जलवायु परिवर्तनले असर गर्ने सबै विषयगत क्षेत्र समेटि विभिन्न सरकोकारवाला निकायहरुको सहभागितामा योजना तयार गरिएको छ ।
- स्थानीय अनुकूलन कार्ययोजना तयार गर्दा स्थानीय विपद व्यवस्थापनका पक्षहरुलाई पनि विशेष ध्यान दिइएको छ ।

## १.४ स्थानीय अनुकूलन कार्ययोजना र विपद् जोखिम व्यवस्थापन बीच अर्न्तसम्बन्ध

स्थानीय अनुकूलन कार्ययोजना तयारीको लागि वन तथा वातावरण मन्त्रालयले स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना तयार गरी लागु गरेको छ भने स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तयारीको लागि संघीय मामीला तथा स्थानीय विकास मन्त्रालयबाट मार्गदर्शन तयार गरी लागु गरिएको छ । दुवै दस्तावेजको लागि छुट्टाछुट्टै मन्त्रालयबाट मार्गदर्शन लागु गरिएको भएता पनि यसको उद्देश्य, आसय, योजना तर्जुमा, प्रक्रिया र विधिमा खासै भिन्नता देखिदैंन । दुबै योजनाको मुख्य उद्देश्य नेपालले भोगीरहनु पर्ने र दोहोरीरहने बाढी, पहिरो, माहामारी, आगलागी, शीतलहर जस्ता विनासकारी समस्या तथा जोखिमहरुसँग जुध्न उत्थानशील समुदायको निर्माण गर्नु रहेको छ । स्थानीय अनुकूलन कार्ययोजनाले जलवायु परिवतर्नबाट सिर्जित जलवायुजन्य प्रकोपहरुमा केन्द्रित भई संकटासन्न समुदायको अनुकूलीत क्षमतामा अभिवृद्धि गर्ने उद्देश्यका साथ योजना तयार गरेको र स्थानीय विपद तथा जलवायु उत्थानशील योजनाले जलवायु जन्य तथा अन्य प्रकोपहरुलाई

समेटी विपद व्यवस्थापनका पक्षलाई केन्द्रित गरी योजना तयार गरी कार्यान्वयन गर्ने भएकाले स्थानीय अनुकूलन कार्ययोजना र स्थानीय विपद तथा जलवायु उत्थानशील योजना समायोजन गर्नु पर्ने आवश्यक देखिएकोले विपद व्यवस्थापन योजनामा समावेश भए गरेका विपद व्यवस्थापन सम्बन्धि योजनाहरु पनि स्थानीय अनुकूलन कार्ययोजनामा समावेश गरी कार्यान्वय गर्दा अझ बढी प्रभावकारी हुने देखिएकोले यस योजनामा दुवै योजनाका समान रहेका पक्षहरुलाई समावेश गर्ने प्रयास गरिएको छ । पालिका स्तरमा गाउँपालिकाले नै जलवायु परिवर्तनका कार्यक्रम तथा विपद व्यवस्थापनका कार्यक्रमहरु संचालन गर्ने हुँदा विपद व्यवस्थापन तथा उत्थानशील योजनालाई परिमार्जित अनुकूलन योजना मार्फत् सम्बोधन गर्दा व्यवहारिक र समयानुकुल हुने देखिन्छ ।



# परिच्छेद २ : के.आई.सिंह गाउँपालिका को परिचय

डोटी जिल्लाको सदरमुकाम सिलगढी देखि दक्षिण पूर्वि भागमा अवस्थित यस के.आई.सिंह गाउँपालिका पहाडी क्षेत्रमा पर्दछ। सडक बाटोले भर्खर मात्र जोडेको यस गाउँपालिका बढी मात्रामा भिरालो जमिनले ओगटेको छ। यस गाउँपालिकाको पूर्वमा अछाम जिल्ला र वोगटान गाउँपालिका, पश्चिममा बडिकेदार गाउँपालिका शिखर नगरपालिका, उत्तरमा डोटीको दिपायल सिलगढी नगरपालिका र शिखर नगरपालिका, दक्षिणमा डोटीकै बोगटान गाउँपालिका रहेको छ। यस गाउँपालिकाको मुख्य कार्यालय साविकको दुर्गामाण्डौं गा.वि.स. अर्थात हालको वार्ड नं. ४ मा रहेको छ। यो गाउँपालिका समुद्री सतहबाट १३८७.४७ मि. को उचाईमा अवस्थित छ। नेपालको केन्द्रीय राजधानी काठमाडौं देखि ८५० कि. मि. र प्रादेशिक राजधानी धनगढी देखि करिव २०० कि.मि.को दूरीमा रहेको छ भने साविकको सुदुरपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रिय सदरमुकाम दिपायलबाट २१ कि.मि.को दूरीमा रहेको छ। डोटी जिल्लाका ९ वटा स्थानीय तहहरू मध्ये १२७.०१ वर्ग कि.मि. क्षेत्रफल रहेको छ।




**चित्र १ के.आई.सिंह गा.पा.को प्रशासनिक नक्शा**

**तालिका १ गाउँपालिका वडाहरुको क्षेत्रफल, मुख्य वस्तिहरु, जनसंख्या तथा घरधुरी**

| वडा नं. | क्षेत्रफल ( वर्ग कि.मि.) | मुख्य वस्तिहरु | जनसंख्या | | | घरधुरी |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| १ | १८.६२ | डुम्राकोट, रावतवाडा, वाजगडा, ठुल्लागडा, हरियाली, लोली, गणेशकाँडा, | १३१९ | ९९९ | २३१८ | ५३३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बागवजार, इजेट, महादेव, राडेसैन, मकरकाँडा, मेलसैन, सैन, वसन, पुदेखानी, धारापानी, खाइलेक, भिडखेत, घ्यारी, खेलागाडा, कापडा, भिमे, मभेरा, माभघर, कुन्टा, मालिका, भाडीखेत, बोरागाउँ, खडसैन, गैणबडा, कोट, खडगुणी, विसैगडा, डाँडा, बामगडा, खाडेलेक, खोचेपानी | | | | |
| २ | १३.७७ | तिखातर, मौडा, दाडिमाटी, हलोकाटे, बगाले, तलकोट, सेल्पाखा, अमगडा, जारीमाडी | १७५९ | १३६९ | ३१२८ | ६४२ |
| ३ | १३.९१ | चामण्याम, वर्मा, सालगाडी, बनलेख रातामाटी, धाराखोला, मार्कोट, बविणा, भिगाबस्ती, खरवारा, भाडी, सलकट्टे, कोलमाणा, भागी, देउकाडा, चरिकोट, दल्ल, कापडीगाउँ, देउरडी, दुहयाम,, काल्याम, सिमगाउँ, खार, सल्यानी, इन्वानी , भुगंर, भडयाम र गंवानी | १९८५ | १५४५ | ३५३० | ७५३ |
| ४ | २८.२५ | खडकावडा, गोगन खोला, धौलाकाडा, वलिगाउँ, खिल्लेग, बाडाकोट, गोरडीगाउँ, बास्कोट, भिमे, बालाबन, डाडल, देचाड, माण्डो, लश्कर, कोट, लेककोट, धामीगाउँ, चन्केसैन, भाडागाउँ, ननली, कार्कीबगर, नामथलो, दिगंरा, कापडीगाउँ, डाइगडा वगर, सेउडेखेत, मौराता, कोलढुगां, बगर थलागडा, बगर, काफली | २३४४ | १७७१ | ४११५ | १०१७ |
| ५ | १४.०७ | बुहार, केदारगाउँ, स्याँला, जमलकट्टे, शिरगाउँ, रानागाउँ | १७४४ | १२५२ | २९९६ | ६५६ |
| ६ | ३०.६ | भुलवाडा, भिताडी, चाका, नोभारी, फलेडी, बेलाल गाउँ, डाँगा, कैनपडा, भाटिगाउँ, थलि, | १३५८ | ९९३ | २३५१ | ५८३ |
| ७ | ७.७ | कोटीगाउँ, बलर गाउँ, थलि, लालमडाडा, बगनेटे, बेत्ता, रिटकाट्या, नौतडि, पाउटा, विष्टगाउँ, महतगाउँ, चौड, खणेतगाउँ, अकरभाडा, सिमडोरा, सेल्पाउ, घडेदाउना, जोगमुठ, सिमलठोरा, कोरकोच्चा, | १२३७ | १०६१ | २२९८ | ४९६ |
| जम्मा | १२७.०१ | | ११७४६ | ८९९० | २०७३६ | ४६८० |

**(स्रोत राष्ट्रिय जनगणना, २०७८)**

## २.१ जलाधार

सेती नदी जलाधारमा पर्ने यस गाउँपालिकाको क्षेत्रफल १२७.०१ वर्ग कि.मि. क्षेत्रफल रहेको छ । सेती नदी जलाधार अर्न्तगत यस गाउँपालिकामा माल्लिभाड, छुडेखोलो, धही गाड, छडिखोला, घ्याडिगाड, भावर लोर, सैन बागभोर खोला, सेरी गाड, करेच खोला, निनाउने खोला, घट्टे, बुढि, आरसेनि, कफाली, भारीगडोकेनखला, सेती नदी, ठुलो खोलो, अनागाड, कटानी खोला, छडखोला, किन्मुखोला, धाराखोला, करखोला, सिम खोलो, डाडेमाडु सिम, चौमारी सिम, छडीदेवी ताल, किन्मुखोला ताल, ठुलाखोला ताल, गैलीताल उसवसेइ ताल, पाल्लेइ ताल, राङगेइ ताल, छडी भरना लगायतका खोलाखोल्सी, तालतलैया, भरना जस्ता महत्वपुर्ण सिमसारहरु रहेका छन् ।

## २.२ अवस्थिति र भौगोलिक अवस्था

यो गाँउपालिका २९.११ डिग्रि उत्तरी अक्षांश र ८१.०५ डिग्रि पूर्वि देशान्तर देखि २९.२४ डिग्रि उत्तरी अक्षांश र ८०.८७ डिग्रि पूर्वि देशान्तर सम्म फैलिएको यो गाउँपालिका उत्तर-दक्षिण अलि फुकेको जस्तो देखिए पनि चार कुना मिलेर बनेको छ । जिल्लाको दक्षिणी भागमा अवस्थित यो के आई सिंह गाउँपालिका भौगोलिक दृष्टिले धेरैजसो भुभाग महाभारत श्रृङ्खलाको मन्द ढालयुक्त पहाडी क्षेत्र, चट्टान युक्त र कंकड खैरो माटो, अधिकांश भाग जंगलले ढाकिएको, साना फाँटहरु भएको, सिंचाईको प्रयाप्त सम्भावना भएको खेती गर्न सकिने खेतीयोग्य जमिन अन्य विभिन्न नदीनालाले बनाएका किनारीय भुखण्डहरू र महाभारत श्रृङ्खलाका तल्ला होचा पहाडहरूले बनेको छ ।

## २.३ सामाजिक, आर्थिक तथा मानविय अवस्था

### २.३.१ सामाजिक अवस्था

डोटी जिल्ला विभिन्न जातजातिहरुको उद्गम स्थलको रहेको कुरा इतिहासकारहरुले व्याख्या गरेका छन् । यो गाँउपालिका पनि डोटी जिल्लाका नौ वटा स्थानीय तह मध्येको एक जातीय विविधता युक्त गाँउपालिका हो । यस गाँउपालिकामा बाहुन, ठकुरी, क्षेत्री, गुरुङ, मगर, दमाई, कामी, आदि जातजातिहरुको मुख्य वसोवास रहेको छ । हालको राष्ट्रिय जनगणना, २०७८ अनुसार के.आई.सिंह गाउँपालिकाको कुल जनसंख्या २०,७३६ मध्ये ८९९० (४३.३५%) पुरुष, ११७४६ (५६.६५%) महिला रहेका छन् । यस गाँउपालिकामा बसोवास गर्ने विभिन्न जातजातिहरुले मान्ने धर्महरुको विश्लेषण गर्दा सबैभन्दा धेरै हिन्दु धर्म मान्ने गरेको पाइयो । हिन्दु र इसाई धर्मालम्बिहरुका आ-आफ्नै किसिमका धार्मिक तथा सांस्कृतिक परम्परा रहेका छन् । विशौं पर्व, ओल्केतिहार, गौरा, जाँत, हरितालिका तिज, विजया दशमी, तिहार, जात्रा, पुष पन्ध्र, हुडकेली, देउडा, छलिया, माघे संक्रान्ति, होली, चैते दशैं, गुरु पूर्णिमा, नागपञ्चमी हिन्दुहरुका महत्वपूर्ण चाडपर्वहरु हुन् भने इसाईको क्रिसमस आदि महत्वपूर्ण चाडपर्वहरु हुन् । यस गाँउपालिकामा बसोवास गर्ने विभिन्न जातजातिहरुले बोल्ने मातृभाषाहरुको विश्लेषण गर्दा सवैभन्दा धेरै डोटेली, नेपाली, मगर भाषा बोल्ने गरेको पाइयो ।

### २.३.२ मानवीय अवस्था

हालका अवस्थामा राष्ट्रिय जनगणना २०७८ वडा स्तरका सम्पुर्ण आकडा नआईसकेकाले यस के.आई.सिंह गाँउपालिकाको घरधुरी सर्वेक्षण २०७५ का अनुसार सातवटै वडाहरुको रोजगारीको अवस्थाको विवरण लाई विश्लेषण गर्दा ज्याला/मजदुर सबैभन्दा बढी २९३७ जना, करार कर्मचारी अन्य ४६३ जना, वैदेशिक रोजगार ३१६ जना, व्यापारमा २११ जना, नोकरीमा ३०१ जना रहेको पाईन्छ ।

**तालिका २ गाउँपालिका तथा विभिन्न वडाहरुको साक्षरता दर**

| वडा नं. | साक्षरता प्रतिशत | | वडाको साक्षरता प्रतिशत | निरक्षरता प्रतिशत | | वडाको निरक्षरता प्रतिशत |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | | महिला | पुरुष | |
| १. | ७३.९८ | ७९.७७ | ७६.६५ | २६.०२ | २०.२३ | २३.३५ |
| २. | ६९.६३ | ७०.२० | ६९.९२ | ३०.३७ | २९.८० | ३०.०८ |
| ३. | ७०.६१ | ८४.०८ | ७७.१६ | २९.३९ | १५.९२ | २२.८४ |
| ४. | ७०.३६ | ८५.०३ | ७७.३० | २९.६४ | १४.९७ | २२.७० |
| ५. | ७२.२१ | ७४.७० | ७३.४७ | २७.७९ | २५.३० | २६.५३ |
| ६. | ८०.८५ | ७९.८२ | ८०.३५ | १९.१५ | २०.१८ | १९.६५ |
| ७. | ७०.८७ | ७०.८५ | ७०.८६ | २९.१३ | २९.१५ | २९.१४ |

श्रोतः घरधुरी सर्वेक्षण २०७५

### २.३.३ आर्थिक क्रियाकलापहरुको अवस्था

के.आई.सिंह गाउँपालिकामा रहेको वायल बजार, लेकगडा, देउरेडी, जस्ता व्यापारिक केन्द्रहरुमा खाद्य, खुद्रा, कपडा, फलफुल, स्टेशनरी, औषधीहरुको बिकि हुने गर्दछ । कृषि, पशु/कुखुरा पालन, व्यापार, रोजगार नै यहाँका प्रमुख जिविकोपार्जनको स्रोतहरु हुन् । के.आई.सिंह गाउँपालिकामा वसोवास गर्ने आम समुदायका लागि कृषि तथा पशुपालन नै पहिलो पेशा भएता पनि कुनै पनि व्यक्तिले यसलाई व्यवसायिक रुपमा लागू गर्न सकेको अवस्था छैन् । तथापी यस कृषि मार्फत

आफनो दिनचर्या चलाईरहेको पाइन्छ । यस पालिकाबाट मौसमी बसाईसराईको रुपमा भारत जाने गरेका र लामो अवधि सम्मका खाडीमुलुक लगायत अन्य देशहरुमा रोजगारीको रुपमा गएका घरपरिवारहरुको विवरण देहाय बमोजिम दिइएको छ ।

**तालिका ३ वैदेशिक रोजगारमा जानेहरु र वैदेशिक रोजगारबाट हुने आम्दानी विवरण**

| | | वडा न. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| वैदेशिक रोजगारमा जानेहरु | भारत | २८५ | ४२६ | ५६३ | ६२५ | ४९३ | ३५४ | २४३ |
| | मलेसिया | ५ | ११ | १२ | १० | ११ | ७ | ६ |
| | साउदी | १ | १ | २ | २ | २० | ६ | ६ |
| | दुवई | ३ | ४ | ४ | ३ | ० | २ | २ |
| | बहराइन | ० | ० | ० | १ | ० | ० | ० |
| | कतार | २ | ० | ० | १ | ० | १ | ४ |
| | कोरिया | ० | १ | ० | ० | ० | ० | १ |
| | अमेरिका | ३ | ० | ० | ० | ० | ० | ० |
| | जापान | ४ | १ | ४ | २ | ० | ० | १ |
| | अन्य | २२ | ७ | ० | ० | ० | १५ | ३ |
| वैदेशिक रोजगारबाट हुने आम्दानी | १ लाख भन्दा कम | १८३ | २८४ | ५१५ | ५०४ | ३९६ | १३१ | १६८ |
| | १-२ लाख | १२८ | १५१ | ६१ | १३४ | ११२ | २०३ | ७८ |
| | २-३ लाख | १० | १२ | ९ | ४ | १६ | १९ | १७ |
| | ४-५ लाख | ३ | ० | ० | २ | ० | १७ | ३ |
| | ५लाख भन्दा माथि | १ | ४ | ० | ० | ० | १५ | ० |

श्रोत : घरधुरी सर्वेक्षण २०७५

के.आई.सिंह गाउँपालिकाको प्राथामिक घरधुरी सर्वेक्षण २०७५ का आधारमा यहाँको वर्षभरिको खाद्यान्नमा आत्म निर्भरता, औसत आम्दानी र वचत वडा स्तरिय विवरण तालिका ७ मा दिईएको छ ।

**तालिका ४ वर्षभरिको खाद्यान्नमा आत्म निर्भरता, औसत मासिक आम्दानी र वचतका आधारमा वडा स्तरिय घरधुरी विवरण**

| | | वडा न. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| वर्ष भरिको खाद्यान्नमा आत्म निर्भरता | ३ महिना भन्दा कम | २१० | १७७ | ३३६ | ३३० | ६६ | २०३ | ५१ |
| | ४-६ महिना | १५५ | १७५ | १८८ | २९८ | १०४ | ११८ | ८९ |
| | ७-९ महिना | ११६ | १६५ | १०२ | १६५ | ९६ | १२४ | ८४ |
| | १०-१२ महिना | ४० | ९६ | ९८ | १०२ | ३३७ | ६३ | २२८ |
| | विक्रि गर्ने | १० | ३ | २ | १० | ३२ | ५ | ३ |
| औसत मासिक आम्दानी | १००० भन्दा कम | ९० | ८० | ३६१ | २०५ | ४७३ | ६० | ५५ |
| | १०००-२००० | ६८ | १०७ | १२० | ८८ | १०८ | १८ | २० |
| | २००१-३००० | १२० | ५० | १०४ | ४५ | २४ | १४ | ४० |
| | ३००१- ५००० | ११४ | ४६ | ८० | ५० | ९ | २७ | ४७ |
| | ५००१-१०००० | ७५ | १०० | २५ | ३७ | १२ | ३७ | १०३ |
| | १०००१-१५००० | ३५ | ४८ | २५ | ३५८ | ३ | २०१ | ८० |
| | १५००१-२५००० | २० | ७४ | ६ | १०९ | ४ | ६६ | ५९ |
| | २५००० भन्दा माथि | ९ | १११ | ५ | १३ | २ | ९० | ५१ |
| पारिवारिक मासिक औषत बचत | बचत हुँदैन | १६९ | १०२ | २७० | ४७९ | २५९ | १६७ | १२४ |
| | २०० भन्दा कम | १९८ | ३१४ | ३७५ | २३७ | २९१ | ७५ | ५० |
| | २०१- १००० | ४६ | ९८ | ३५ | १०२ | ५० | १२० | १७९ |
| | १००१- ३००० | ५७ | ३३ | ३० | ४५ | १० | ३८ | ६० |
| | ३००१- ५००० | ४३ | २४ | ४ | २३ | ४ | ४६ | २२ |
| | ५००१- १०००० | ८ | १० | ७ | १२ | १२ | १२ | १३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १०००० भन्दा माथि | १० | ३५ | ५ | ७ | ९ | ५५ | ७ |

## २.४ प्राकृतिक श्रोतको अवस्था (वन, जमिन, जलस्रोत)

### २.४.१ वन सम्बन्धि विवरण

गाउँपालिकाको तल्लो भुभागमा सालको जंगल अनि नदी-नालाले छोडेका बगर र टार क्षेत्रमा रहेका सिमल, टुनीका वन लगायत विभिन्न थरीका मिश्रित वनले यस क्षेत्रको उष्ण किसिमको वनलाई परिभाषित गर्दछ । उपउष्ण क्षेत्रमा सल्लाको वन देखिन्छ । यसको वन भित्र अरू धेरै रूख-बिरुवा फस्टाउने अवस्था हुँदैन । कटुस एवं खोटे सल्लाको प्रचुरता बिलाएपछि गाउँपालिकाको उत्तरी भागमा २००० मिटरको उँचाइबाट ३००० मिटरसम्म शीतोष्ण हावापानी पाईन्छ । यहाँ नेपालमा यस हावापानी पाईने क्षेत्रमा सर्वाधिक फैलन सफल खस्रु, खस्रु जस्तै कडा काठ हुने अन्य वृक्षहरु बाँझ, फलाँट, लालीगुराँसका वन पनि अधिक भेटिन्छन् । शीतोष्ण हावापानीमा विशेष गरेर कोणधारी वृक्ष प्रजातिमा अधिक भेटिन्छन् । हिउँदमा पात झर्ने वृक्षहरू मध्ये फिरफिरे प्रजातिका ओखर तथा लेक पाङग्रो पनि यस क्षेत्रमा पाइन्छ । हरियो चौडा पात भएका वनको माझ-माझमा पहेंलिएका पात झर्न सुरू भएपछि त्यहाँ निकै आकर्षक दृश्य निर्माण हुन्छ । बोजो (*Acorus calamus*) कुरिलो (*Asparagus racemosus*), *कोईरालो* (*Bauhinia purpurea*), भाङ्गो (*Cannabis sativa*), आकाशबेली (*Cuscuta reflexa*), लोक्ता (*Daphne bholua*), निगालो (*Drepanostachyum falcatum*), अल्लो (*Girardinia diversifolia*), ठोट्ने (*Koenigia mollis*), गुर्जो (*Tinospora sinensis*), टिम्बुर (*Zanthoxylum armatum*) जस्ता जडीबुटी/गैह्र काष्ठ वनजन्य उत्पादनहरु (NTFP) पाईन्छ ।

जैविक विविधताको दृष्टिकोणबाट अत्यन्तै संवेदनशिल स्थान (Biodiversity Hotspot) भएतापनि यी क्षेत्रहरु कुनै पनि राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षित क्षेत्रहरु भित्र पर्दैनन् । यस क्षेत्रमा संभाव्यताको आधारमा समुदायमा आधारित संरक्षणको उपयुक्त कार्यकमहरु र निश्चित क्षेत्र निर्धारण गर्नुपर्ने देखिन्छ ।



बौँडाइ (*Falco tinnunculus*), कालो चील (*Milvus migrans*), हिमाली गिद्द (*Gyps himalayensis*), काकाकुल (*Spilornis cheela*), तामे ढुकुर (*Streptopelia orientalis*), न्याउली (*Megalaima virens*), कुथुर्के (*Megalaima asiatica*), ठूलो डुन्डुल (*Glaucidium cuculoides*), सेतोकण्ठे माटीकोरे (*Halcyon smyrnensis*), सानो

माटीकोरे *(Alcedo atthis)*, भद्राई *(Lanius schach)*, हरियो चिचिल्कोटे *(Parus monticolus)*, गेरुकटी गौँथली *(Cecropis daurica)*, जुरेली *(Pycnonotus cafer)*, बाखे जुरेली *(Hypsipetes leucocephalus)*, काँकिर *(Zosterops palpebrosus)*, डाङ्गे रुपी *(Acridotheres tristis)*, कल्चौँडे *(Myophonus caeruleus)*, धोबिनी रबिन *(Copsychus saularis)*, थोप्ले खोलेधोबिनी *(Enicurus maculatus)*, झ्फेकझ्फेक झ्याप्सी *(Saxicola torquatus)*, काले झ्याप्सी *(Saxicola caprata)*, हिमाली झ्याप्सी *(Saxicola ferreus)*, सानो हजारा चाँचर *(Monticola cinclorhynchus)*, घर भँगेरा *(Passer domesticus)*, फुस्रो टिकटिके *(Motacilla cinerea)*, खोले टिकटिके *(Motacilla maderaspatensis)*, कटुसटाउके मुरलीचरा *(Merops leschenaulti)* लगायतका चराचुरुङ्गीहरु भेटिएको थियो ।

यहाँ हिमाली कालो भालु *(Ursus thibetanus)*, चितुवा *(Panthera pardus)*, चरीबाघ *(Felis bengalensis)* बन बिरालो *(Felis chaus)*, हिमालयन मृग *(Muntiacus vaginalis)*, घोरल *(Naemorhedus goral)*, बदेल *(Sus scrofa)* लगायतका स्तनधारी जनावरहरु पाईने जानकारी सामुहिक छलफलका क्रममा भेटिएको थियो ।

## २.४.२ जमिन विवरण

### २.४.२.१ वर्तमान भू-उपयोग सम्बन्धी विवरण

यस गाँउपालिकाको वर्तमान भू-उपयोग लाई हेर्दा सवैभन्दा बढी ९५.८ हेक्टर क्षेत्रफल वन तथा चरन क्षेत्रले ओगटेको छ भने कृषि क्षेत्र तथा झाँडी बुट्यानले ओगटेको क्षेत्र २८ हेक्टर रहेको छ ।




चित्र २ के.आई.सिंह गाउँपालिकाको भू-उपयोग नक्शा

तालिका ५ वर्तमान भूउपयोग सम्वन्धी विवरण

| क्रं सं. | विवरण | क्षेत्रफल (हेक्टर.) | प्रतिशत |
|---|---|---|---|
| १ | नदि तथा खोलाले ओगटेको क्षेत्र | १.६ | १.२४ % |
| २ | वन तथा चरन क्षेत्र | ९५.८ | ७५.४४ % |
| ३ | घाँसे क्षेत्र | ०.०१ | ०.०४ % |
| ४ | कृषि क्षेत्र तथा झाँडी बुट्यान | २८ | २२.०६ % |
| ५ | वस्ती | १.३ | १.०२ % |
| ६ | बाँझो जग्गा | ०.२ | ०.१९ % |
| | जम्मा | १२७.०१ | १०० % |

## २.४.३ जलश्रोत विवरण

गाउँपालिकामा माल्लिझाड, छुडेखोलो, धही गाड, छडिखोला, घ्याडिगाड, भावर लोर, सैन बागभोर खोला, सेरी गाड, करेच खोला, निनाउने खोला, घट्टे, बुढि, आरसेनि, कफाली, भारीगडोकेनखला, सेती नदी, ठुलो खोलो, अनागाड, कटानी खोला, छडखोला, किन्मुखोला, धाराखोला, करखोला, सिम खोलो, डाडेमाडु सिम, चौमारी सिम, छडीदेवी ताल, किन्मुखोला ताल, ठुलाखोला ताल, गैलीताल उसवसेइ ताल, पाल्लेइ ताल, राङगेइ ताल, छडी झरना लगायतका खोलाखोल्सी, तालतलैया, झरना जस्ता साना ठुला जलका स्रोतहरु छन् ।




चित्र ३ के.आई.सिंह गाउँपालिकाको जलाधार नक्शा

## २.५ भौतिक पुर्वाधारको अवस्था

हालको अवस्थामा गाउँपालिकामा २४ आधारभुत विद्यालय, ८ माध्यामिक विद्यालय, ६ संस्थागत विद्यालय, र ११ सामुदायिक बाल विकास केन्द्र रहेका छन् । गाँउपालिका भित्रको विद्यमान सडक सञ्जाल, पक्की तथा झोलुगें पुलहरुको विवरणलाई तालिका ८ मा देखाईएको छ । .

**तालिका ६ सडक सञ्जाल, पक्की तथा झोलुगें पुलहरुको विद्यमान अवस्था**

| वडा नं. | प्रकार | नाम | देखि | सम्म | लम्बाई मि. | चौडाई मि. | अवस्था | लाभान्वित जनसंख्या | निर्मित साल |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | झोलुङ्गे पुल | दोगडे | डुम्राकोट | कापडा तिखातर | | | राम्रो | १०००+ | |
| ३ | | भेरीगाड | वासुदवी दल्लै | दुर्गामाण्डौ | १०५ | १ | राम्रो | १५००० | |
| | | वेडखेत | के.आइ.सिं.१ र २ र ३ | के.आइ.सिं.५ रानागाउ | ११० | १ | ठिकै | ५०००० | २०६९ |
| | | राउसे | के.आइ.सिं.१ र २ र ३ | के.आइ.सिं.५ रानागाउ | ९० | १ | जिर्ण | ५५००० | २०४६ |
| | | नारीदाङ | के.आइ.सिं. १ र २ र ३ | दि.सि न.पा. पुर्वीचौकी गा.पा | १०० | १ | ठिकै | ५५००० | २०४४ |
| ४ | | भल्फाङ | भडागाउ | वाडाकोट | | | ठिक | | |
| | | भेरीगाड | भडागाउ | बगाउबजार | | | राम्रो | | |
| ५ | | बेडखेत | रानागाउ | वासुदेवी | ११० | १ | ठिकै | ५०००० | २०६९ |
| ५ | | राउसे | रानागाउ | वासुदेवी तिखातर गजुडा | ९० | १ | ठिकै | ५५००० | २०४६ |
| ७ | | गौरीघाट | विष्टगाउ | म्त्रागाउ | ८० | १.५ | ठिकै | | २०६९ |
| | | गौरीगाड | कोटीगाउ वलापरगाउ | मत्रागाउ कउलेमी | ९० | १.५ | ठिकै | | २०७० |
| १ | अस्थायी पुल | सेरीगाड | | | | | | | २०७४ |
| | | धहीगाड | | | | | | | |
| | | टुस्टपुल धटटीगाड | सेरीगाड | बाडाखेत | ३५ | २.५ | | | २०६८ |
| १ | पक्की पुल | ध्याडि गाड | महादेव डुम्राकोट | सेलपाखा तिखातर | ३० | ४ | राम्रो | १०००+ | २०७० |
| २ | | चौराहा स्कुल | लेकगडा चौराहा बजार दुबै | इन्द्र उ.मा..वि सम्म | १४५ | ५ | राम्रो | | २०७४ |
| १ | पक्की सडक | चौराहा स्कुल | लेकगडा चौराहा बजार दुबै | इन्द्र उ.मा..वि सम्म | १४५०० | ५ | राम्रो | | २०७४ |
| १ | कच्ची सडक | अल्लेवन दवाडाडा सेती नदी | अल्लेवन | सेती नदी | १००० | ३.५ | ठिकै | १०० | २०७५ |
| | | वासुदेवी मगरकाडा डुम्राकोट | वासुदेवी | मगरकाडा | | | निर्माण अवस्था | | |
| | | लोली गणेशकाडा | लोली | गणेशकाडा | ३५०० | ५ | ठिकै | ३५० | २०७४ |
| | | झिमे अल्लेवन लोली | झिमे | लोली जरिम भाडी | ९००० | ५ | ठिकै | १००० | २०७४ |
| २ | | लेकगडा भगवति मन्दिर | तिखात्तर | तिखात्तर | ३०० | ३.५ | राम्रो | ६० | २०७४ |
| | | तुरसैन नारी दाङ | लेकगज तुरसैना | मौडा, ढाडीमाटी, भलमुडा, तलकोट नारी | ७००० | ३.५ | ठिकै | ७०० | २०७० |
| | | कुथाकोट | खामोगोड | कुथाकोट | १००० | ३.५ | ठिकै | ६० | २०७२ |
| | | लेकगडा घाटलाप गणेशकाडा | घाटलाप | लेकगडा | ३५०० | ५ | ठिकै | ४०० | २०७५ |
| | | लेकगाडा जेठखोला | लेकगडा | जेठखोला मष्टा मन्दिर | २००० | ३.५ | ठिकै | ५० | २०७४ |
| ३ | | राजपुर वोगटान | के.आइ.सिं.३ | के.आइ.सिं.५,४,२,१ | ३६००० | ४ | ठीकै | ४०००० | २०५९ |
| | | वाग्नेट देउरडी | के.आइ.सिं.३ | के.आइ.सिं.५,४,२,१ | १४००० | ४ | ठीकै | ४५००० | २०७१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | देउरडी अल्लेवन | के.आइ.सिं.३ | के.आइ.सिं.३, १ | ९००० | ४ | जिर्ण | १५०० | २०७२ |
| | | देउरडी मटेना | मटेना चरिकोट | झिगावस्ती देउकाडां | १५०० | ४ | ठीकै | १३०० | २०७५ |
| ४ | | दिपायल वायल | | | २१००० | ६ | ठीकै | | |
| | | वगर पिलेगाडा | वगर | पिलेगाडा | | ५ | ठीकै | | २०७२ |
| | | दिपायल पिलेगाडा | | | | | | | |
| | | बन्नेखोला चभेशेव | | | | | | | |
| ५ | | राजपुर बोगटान | रानागाउ | दुर्गामाण्डौ, बासुदेवी | २०००० | ८ | ठीकै | ४०००० | २०५९ |
| | | वाग्नेटे देउरडी | रानागाउ | बासुदेवी, तिखात्तर | १४००० | ४ | ठीकै | ४५००० | २०७१ |
| ६ | | फलेडी भिताडी | फलेडी | भिताडी | | | ठिकै | | २०७४ |
| | | फलेडी भारीगाउं | फलेडी | भरीगाउँ | | | ठिकै | | २०७४ |
| | | फलेडी डोडर | फलेडी | डोडर | | | ठिकै | | २०७३ |
| ७ | | दिपायल खुटिया | दिपायल | खुटिया धनगढी | ८२००० | | निर्माणाधिन | | २०६६ |
| १ | | लाम कट्या | डुम्राकोट | तिखात्तर | ३००० | ०.९ | ठिकै | १००० | २०७४ |
| २ | | देउकाडा गोदारा | देउरडी | गोदारा | १२००० | ०.५ | जिर्ण | १४०० | |
| | | अल्लेवन झिगावस्ती | अल्लेवन कापडीगाउ | चरीकोट,देउरडी, झिगावस्ती | १६००० | ०.५ | ठीकै | १६०० | |
| | | देउकाडा झिगावस्ती अनागण | देउकाडा | अनागण | ६००० | ०.५ | ठीकै | | |
| | | देउरडी मटेना चरिकोट | देउरडी | चरिकोट | १५०० | ०.५ | ठीकै | | |
| | | दल्ले देउरडी | दल्ले | देउरडी | ३००० | ०.५ | ठीकै | | |
| | | देउरडी बाउचेला | देउरडी | बाउचेला सिमगाउँ | २००० | ०.५ | ठीकै | | |
| ३ | | झाडखोला वगर | झाडखोला | कीर्मवगर | १००० | १.५ | ठीकै | | पुरानो |
| | | वयल वगउ बजार वालावन | बगउबजार | वलावन | ९०० | १.५ | ठीकै | | २०७४ |
| | | मुरेडा देखि आल्लोवन | मुरेडा | आलीगाउँ | ८०० | १.५ | ठीकै | | पुरानो |
| ४ | | रानागाउ मटेला | रानागाउँ | मटेला | ३००० | १.२ | | १०००० | |
| | गोरेटो बाटो | सिलगाउ बोताडा | सिलगाउँ | बोताडा | ४००० | १.२ | | ५००० | |
| | | बुहार अम्सैन | बुहार | अमसैन वेडखेत | ५००० | १.२ | | १२००० | |
| | | बुहार गडीगाउ | बुहार | गडीगाउ | ६००० | १.२ | | १०००० | |
| | | जमलकट्टीया राजपुर | जमलकट्टीया बुहार | सिरीगनउ,रानागाउ, राजपुर, पिपल्ला | १३००० | १.२ | | २५००० | |
| | | सिमलदोरा भिताडी फलेडी | सिमलदोरा | फलेडी | ३००० | ०.५ | | | |
| | | भिताडी फलेडी | सिमलदोरा | छातीबगर | ५००० | ०.५ | | | |
| | | छातिवगर जाने बाटो | डोडर | भारीगाउँ | ३००० | ०.५ | | | |
| | | डोडर भारीगाउ | डोडर | भारीगाउ | ३००० | ०.५ | | | |
| ५ | | चौड राजपुर | चौड | राजपुर | | | | जिर्ण | |
| | | डोटर नौतडी | | | | | | | |
| | | वरेडाङ्गा विष्टगाउँ | | | | | | | |
| | | वरेडाङ्गा मतरगाउँ | | | | | | | |
| | | पाउटा लाम्डाङ्गा | | | | | | | |
| | | कोटीगाउँ थली | | | | | | | |
| | | भुमीराजमार्डौ कपल्लेकी | | | | | | | |

श्रोत: गा.पा.को घरधुरी सर्वेक्षण २०७५




**चित्र ४ के.आई.सिंह गाउँपालिकाको मुलबाटो भएको नक्शा**

जी.एस.एम., स्काई र ऐनसेलको मोबाइल टावरहरु भएपनि धेरै क्षेत्रहरुमा मोबाईलको संकेत राम्रो नदेखाउने भएकाले दुरसंचारका सेवाहरुको स्तरीकरण गर्नुपर्ने देखिन्छ । गाँउ तथा नगरमा सडक, विद्युत, संचारजस्ता सुविधाहरू रहेका अधिकांश क्षेत्रमा शहरीकरण प्रक्रियाले तिव्र रुप लिएको देखिन्छ । यस गाँउपालिकाका धेरैजसो वडाहरूमा ग्रामीण विशेषता रहेको पाईन्छन् भने कतिपय प्रमुख वडा र वस्तीहरूमा शहरीकरण भइरहेको शहरोन्मुख अवस्थामा रहेको पाइन्छ । वायल मुख्य शहरी क्षेत्र हो । यसका अतिरिक्त अधिकांश क्षेत्रहरू शहरोन्मुख अवस्थामा रहेको देखिन्छन् ।

यस गाँउपालिकाका धेरैजसो स्थानमा व्यवस्थित नगर योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ । वस्तीहरूमा सुविधा वर्गिकरणको आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल, विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन । यस सम्बन्धमा वस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ । वस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा वृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन् । विकासोन्मुख वस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी वस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला वस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ ।

### २.५.१ स्वास्थ्य

वडा अनुसार स्वास्थ्य संस्थाहरुको संख्या र विवरण तालिका ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७ गाउँपालिकामा भएका स्वास्थ्य संस्थाहरुको विवरण**

| वडा नं. | स्वास्थ्य संस्था रहेको टोलको नाम | स्वास्थ्य संख्या |
|---|---|---|
| १ | सामुदायिक स्वास्थ्य केन्द्र अल्यावन | १ |
| २ | तिखातर स्वास्थ्य चौकी | १ |
| ३ | स्वास्थ्य चौकी वासुदेव | १ |
| ४ | उप स्वास्थ्य चौकी वायल | १ |
| ५ | उप स्वास्थ्य चौकी रानागाउ | १ |
| ६ | भूमिराजमाण्डौं स्वास्थ्य चौकी | १ |
| ७ | छैन् | ० |

यस पालिकामा पिउने पानी प्राप्त गर्ने स्रोत, स्रोत रहेको स्वामित्व, पानी लिन जाँदा लाग्ने समय, र शौचालयको बनावटको आधारमा घरधुरी विवरण यस प्रकार रहेको छ ।

**तालिका ८ गाउँपालिकामा पानी प्राप्त गर्ने स्रोत, स्रोत रहेको स्वामित्व, पानी लिन जाँदा लाग्ने समय, र शौचालयको बनावटको आधारमा घरधुरी विवरण**

| वडा | पिउने पानी प्राप्त गर्ने स्रोतको आधारमा घरधुरीको विवरण | | | | पानीको स्रोत रहेको स्वामित्वको आधारमा घरधुरी विवरण | | | पानी लिन जाँदा लाग्ने समयको आधारमा घरधुरी विवरण | | | | | शौचालयको बनावटको आधारमा घरधुरी विवरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | धारा / पाइप | इनार | मूल / कुवा | नदी / खोला | नीजि | सार्वजनिक | सामुदायिक | ०- १५ मिनेट | ३० मिनेट सम्म | ४५ मिनेट सम्म | १ घण्टा सम्म | १ घण्टाभन्दा बढी | पक्की | अर्ध पक्की | कच्ची | वस्तुले बारेको | शौचालय नभएको |
| १ | ४७९ | १ | ४७ | ४ | २ | ७० | ४५९ | ५२ | २३७ | १०७ | १२० | १५ | २ | २६ | ४७४ | १३ | १६ |
| २ | ४९६ | ० | ५० | ७० | १८ | ४४८ | १५० | ४१२ | ११४ | ७० | १२ | ८ | ३ | ३७२ | २३५ | ० | ६ |
| ३ | ४३६ | ० | २८१ | ९ | ७७ | २९९ | ३५० | ३९६ | १७८ | ६० | ६२ | ३० | ३ | ८२ | ६३८ | २ | १ |
| ४ | ८९५ | ५ | ३ | २ | ४ | ८६ | ८१५ | ७०४ | १५० | २५ | २० | ६ | ० | १२१ | ७८४ | ० | ० |
| ५ | ६२७ | ३ | ४ | १ | १३९ | ४५२ | ४४ | ४१६ | ७६ | ७१ | ५२ | २० | २२ | ४८४ | १२९ | ० | ० |
| ६ | ४७० | ४ | ३७ | २ | ४५ | ११२ | ३५६ | ४४७ | ५४ | १० | २ | २ | १ | ६४ | ४४८ | | |
| ७ | ३२७ | ३ | १०९ | १६ | ३७ | २२८ | १९० | ९४ | २६९ | ६६ | १८ | ८ | २ | ५२ | ३९४ | १ | ६ |

यस पालिकामा भएको सुरक्षित मातृशिशु सेवाको विवरण यस प्रकार तालिका ९ मा रहेको छ ।

**तालिका ९ गाउँपालिकामा सुरक्षित मातृ शिशु सेवाको विवरण**

| वडा | स्वास्थ्य परिक्षण गर्ने गर्भवती ( पटक) | | | | घर र स्वास्थ्य संस्थामा प्रसुती | | | आइरन चक्की प्रयोग गर्ने | | प्रसुती पछि जाँच | | मातृ तथा नवजात शिशु मृत्यू | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहिलो | दोस्रो | तेस्रो | चौथो | स्वास्थ्यमा | दक्ष जनशक्तिको सहयोगमा | घरमा असुरक्षित तरिकाले | २२५ वटै | केहि मात्र | गर्भवती | नवजात शिशु | ६ हप्ता भित्र आमा | नवजात २८ दिन पछि | मृत नवजात |
| १ | १ | २ | ६ | ४ | ० | ० | ० | ० | ० | ७ | ० | ० | ० | ० |
| २ | ३२ | २६ | ५ | २८ | ० | ० | ० | ६५ | २० | ४९ | ० | ० | १ | १ |
| ३ | ७८ | ७३ | ५५ | ३८ | ४४ | ० | ९ | ७९ | ६ | ३९ | ३९ | ० | २ | ० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | ११६ | ० | ० | १०१ | ११८ | ० | ० | ११५ | ० | ११५ | ११५ | ० | ० | १ |
| ५ | ६२ | ६३ | ४८ | ३२ | ३९ | ० | ५ | ३२ | ३० | २९ | २९ | ० | ० | ० |
| ६ | ५८ | ४९ | ४९ | ४५ | ४९ | ० | ३ | ४९ | ० | ४९ | ४९ | ० | ३ | ० |
| ७ | ७९ | ४८ | ४७ | ४५ | ४१ | ० | ० | ४१ | ० | ४१ | ४१ | ० | १ | ० |

स्रोत : गाउँपालिकाका स्वास्थ्य संस्थामा आ.व. २०७४/०७५ सम्म राखिएको तथ्यांक

हालका अवस्थामा राष्ट्रिय जनगणना २०७८ वडा स्तरका सम्पुर्ण आकडा नआईसकेकाले : घरधुरी सर्भेक्षण २०७५ लाई नै यस गाउँपालिकामा जम्मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण यस प्रकार रहेको छ ।

**तालिका १० गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण**

| वडा | जेष्ठ नागरिक | | | | एकल महिला | पुर्ण अपांग | | आंशिक अपांग | | बालबालिका सुरक्षा भत्ता | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्य | | दलित | | | | | | | | | |
| | महिला | पुरुष | महिला | पुरुष | | महिला | पुरुष | महिला | पुरुष | बालक | बालिका | |
| १ | १७ | १८ | ३९ | ३८ | १३९ | ४ | ६ | २ | ५ | ० | ० | २६८ |
| २ | २४ | ४२ | ३९ | ७० | १६१ | ३ | ५ | १ | १ | ० | १ | ३४६ |
| ३ | ३९ | ३३ | ४९ | ३७ | १८८ | २ | २ | ५ | ४ | २७२ | | ६३१ |
| ४ | ३६ | ३९ | ४४ | ४० | ३ | ४ | १ | ४ | ३ | १२२ | ९४ | ३९० |
| ५ | ३७ | २२ | ५१ | ५५ | १६२ | १ | १ | ३ | ४ | २४२ | | ५७८ |
| ६ | ३३ | ३४ | १९ | १६ | १४६ | ० | २ | ० | ४ | ० | ० | २५४ |
| ७ | २० | २३ | ८ | ९ | १२५ | ० | २ | १ | ६ | ४१ | ५२ | २८७ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७५

महिलाहरु रजश्वला अर्थात महिनावारी भएको समयमा आफूले नियमित बस्दै आएको कोठा अर्थात भान्छा कोठा बगायत अन्य ठाउँमा प्रवेश पाउन कठिन हुने परम्परा रहेको छ । विगतमा भन्दा हाल आएर यस्तो परम्परा विस्तारै कम हुँदै गएको र महिनावारीको समयमा पनि महिलाहरु अन्य दिनमा जस्तै सामान्य तरिकाले कामकाज गर्न थालेको भएता पनि यस पालिकामा महिनावारी भएको समयमा बस्ने ठाउँ र महिनावारीको समयमा घरपरिवार भन्दा छुट्टै बस्ने दिन (अवधि) को आधारमा घरधुरीले दिएको जानकारी देहाय बमोजिम रहेको छ ।

**तालिका ११ गाउँपालिकामा महिनावारी भएको समयमा बस्ने ठाउँ र महिनावारीको समयमा घरपरिवार भन्दा छुट्टै बस्ने दिन ( अवधि) को आधारमा घरधुरी विवरण**

| वडा | महिनावारीको समयमा बस्ने ठाउँका आधारमा घरधुरी विवरण | | | | जम्मा | महिनावारी हुँदा बाहिर बस्ने समयका आधारमा घरधुरी विवरण | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | छाउ गोठ | अन्य झुपडि | भित्र छुट्टै | आफनै कोठा | | पाँच दिन | छ दिन | |
| १ | २०९ | ५ | ३०५ | १२ | ५३१ | ४५० | ८१ | ५३१ |
| २ | ३८३ | ११ | २१३ | ९ | ६१६ | ५१३ | १०३ | ६१६ |
| ३ | २२८ | ७ | ४७६ | १५ | ७२६ | ६५१ | ७५ | ७२६ |
| ४ | १८७ | १० | ७०१ | ७ | ९०५ | ८१२ | ९३ | ९०५ |
| ५ | ५२८ | ९ | ५५ | ४३ | ६३५ | ५९६ | ३९ | ६३५ |
| ६ | १४० | १२ | २६५ | ९६ | ५१३ | ४६८ | ४५ | ५१३ |
| ७ | १७७ | ७५ | २३४ | २९ | ४५५ | ३८५ | ७० | ४५५ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७५

## २.६ गा.पा.मा उप्लब्ध यौन र प्रजनन स्वास्थ्य र अधिकार सेवा

गा.पा.मा यौन र प्रजनन स्वास्थ्य सम्बन्धि ७ सामुदायिक अगुवा, २ सामाजिक अभियन्ता, ५ बर्थिङ्ग सेन्टर, ५ सुचिकृत सुरक्षीत गर्भपतन सेवा प्रदायक संस्था छ । गा.पा.मा उपलब्ध पाँच यौन र प्रजनन स्वास्थ्य सेवा प्रदायक संस्थाहरु मध्ये एक संस्था, भुमिराजमाण्डौं स्वास्थ्य चौकीले मात्र

पाँचैवटा परिवार नियोजनका सेवा प्रदान गर्दछ । के.आई.सिंह गाँउपालिकाले सेवा प्रदायक संस्थाहरुका लागि १० हप्ताको गर्भको सुरक्षीत गर्भपतन तालिम, ईम्प्लान्ट तालिम, जनप्रतिनिधि अभिमुखिकरण, सामुदायिक अगुवा, सामाजिक अभियन्ता, स्वयम्सेविका अभिमुखिकरण तथा तालिम, अन्तरपाटी महिला संञ्जाल तालिम, पत्रकारहरुका लागि अभिमुखिकरण तथा तालिम, स्वास्थ्य चौकी व्यवस्थापन समिति, पालिका स्तरीय परियोजना सल्लाकार समितीका नियमित बैठक, र यौन र प्रजनन स्वास्थ्य सम्बन्धी नियमित अभिमुखिकरण तथा तालिम संचालन गर्ने गरेको छ । आ.व २०७५/२०७६ मा १२० जना, २०७६/२०७७ मा १७८ जना, २०७७/२०७८ मा २०६ जना, २०७८/२०७९ मा ११९ जनाले सुरक्षीत गर्भपतन सेवा लिएका छन् ।

**तालिका १२ जिल्लाका सायल र के.आई.सिंहमा सुरक्षीत गर्भपतनका सेवा लिनेहरुको विद्यमान अवस्था**

| सुरक्षीत गर्भपतनका सुचकहरु | २०७५/२०७६ | २०७६/२०७७ | २०७७/२०७८ | २०७८/२०७९ |
|---|---|---|---|---|
| औजारद्वारा गरिने गर्भपतन (Surgical Abortion) | १६४ | ५० | ६२ | ५७ |
| औषधीद्वारा गरिने गर्भपतन (Medical Abortion) | ९८३ | ९८१ | १०४८ | ८६९ |
| गर्भपतन सेवा लिने २० वर्षमुनीको महिलाहरुको अनुपात | ६ (७०) | ५ (४९) | ३ (३५) | ४ (४०) |
| गर्भपतनमा आएका जटिलताका संख्या | ६ | ४ | ६ | १ |
| गर्भपतन पश्चात् लामो समयसम्म परिवार नियोजनका साधन प्रयोग गर्नेको अनुपात | १२.४ | १३.८ | २५.५ | ८.६ (८०) |
| बाहिरी संघसंस्थाबाट गर्भपतन गराएर जटिलता आईसकेपछि मात्र सुचिकृत | ११३ | १४२ | २२३ | १७२ |

## २.७ गा.पा. मा कार्यरत संघसंस्थाहरुको अवस्था तथा उपलब्ध सेवाहरु

के.आई.सिंह गाउँपालिकामा तालिका (१२) मा उल्लेख गरिएका विभिन्न विकास साझेदार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरुले खानेपानी, सरसफाई, स्वास्थ्य, महिला तथा बालबालिका, आयआर्जन, कृषि, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्युनीकरण, पौष्टिक आहार तथा शिक्षाको क्षेत्रमा काम गरेको पाईन्छ ।




**चित्र ५ के.आई.सिंह गा.पा.मा काम गर्ने विकास साझेदार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु समेटेको रोटीचित्र**

**तालिका १३ विकास साझेदार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको विवरण**

| सि.न | संस्थाको नाम | | समेटेको परिवार | | | समेटेको वडा | मुख्य क्रियाकलापहरु |
|---|---|---|---|---|---|---|---|
| | विकास साझेदार | अन्तराष्ट्रिय गैर सरकारी | दलित | अन्य | जम्मा | | |
| १ | सिडिसी (पहल) | यु एस एड | | | | १,२,३ | कृषि, शिक्षा |
| २ | नेपाल दृष्टिविहिन कल्याण संघ टिकापुर | | | | | १,२,३,४,५ | अपांगता भएका व्यक्तिहरुका लागि जीविकोपार्जन |
| ३ | सोर्स नेपाल | यु एस एड | | | | १,२,३,४ | सुआहारा |
| ४ | इ डि सी | जर्मन एक्सन एइड | | | | ४,६,७ | |
| ५ | सिडिएम नेपाल | डब्लुएफ पि | | | | ६,७ | |
| ६ | दलित महिला अधिकार महिला मञ्च (फेडो) | | | | | | खाद्य अधिकार सुरक्षा सुशासन |
| ७ | नीड्स नेपाल | ए डब्ल्यू ओ इन्टरनेशनल | ३४ | १३ | ४७ | ६,७ | स्थानीय अधिकार कार्यक्रम |
| ८ | डेनमार्क/लिवर्ड पोखरा | इ डि सी | ३८ | ८५ | १२३ | ६,७ | कृषि |
| ९ | ए डब्ल्यू ओ इन्टरनेशनल | नीड्स नेपाल | ३७ | २३ | ६० | ६,७ | वैदेशिक रोजगारीमा जानेहरुका लागि सुरक्षित व्यवस्थापन |
| १० | एक्शन एइड नेपाल | इ डि सी | ४२ | ७२ | ११४ | ६,७ | स्थानीय अधिकार कार्यक्रम |

श्रोत के.आई.सिंह गाउँपालिकाको कार्यालय, २०७५

## २.८ गाउँपालिकाको सुशासनको अवस्था

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यन्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको

अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका ससंदले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बनाएको छ ।

के.आई.सिंह गाउँपालिकाले जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई समुदाय, वडा हुँदै पालिका स्तरसम्म नै सुदृढीकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै पालिकाको शासन पद्धतिलाई सुदृढ गरी गाउँपालिको विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न आफ्नो स्थानीय ऐन, कानुन तथा निर्देशिका तयार गरी त्यसै अनुसार निति तथा कार्यक्रममा अवलम्बन गरेको छ ।

# परिच्छेद ३ : स्थानीय अनुकूलन कार्ययोजनाको विधि र प्रक्रिया

## ३.१ स्थानीय अनुकस्लन कार्ययोजनाको तर्जुमा विधि र प्रक्रिया

स्थानीय अनुकूलन कार्ययोजना तयार गर्दा जलवायु परिवर्तन नीति २०७६, राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७, परिमार्जित स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०७६, स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०, वातावरण निति, २०७६, राष्ट्रिय स्वास्थ्य अनुकूलन योजना (२०७२-२०७७) लाई आधार मानिएको छ । स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजनाको (लापा) राष्ट्रिय संरचनाका चार निर्देशक सिद्धान्तहरु ( उर्ध्वगामि, तत्परता, लचकता र समावेशी) र छ चरण अन्तर्गत विभिन्न सहभागितामूलक विधि तथा औजारहरुको प्रयोग गरी यो कार्ययोजना तर्जुमा गरिएको छ ।




**चित्र ६ लापा खाका तयारीको सम्रग प्रक्रिया**

स्थानिय अनुकूलन कार्ययोजना तर्जुमा विधि गोष्ठि के.आई.सिंह गाउँपालिकामा मिति २०७९/१२/२२ गतेका दिन जनप्रतिनिधीहरु र पालिका स्तरिय सरोकारवालाहरुलाई जलवायु परिवर्तन अनुकूलन सचेतिकरण गरेर शुरुवात गरिएको थियो । सो गोष्ठिमा गाउँपालिकामा क्षेत्रमा मुख्य मुख्य प्रकोपहरुको पहिचान साथै जोखिमहरुको विश्लेषण गरिएको थियो । त्यसैगरी वडा स्तरमा जलवायु परिवर्तन सम्बन्धी सचेतिकरण, प्रकोपको पहिचान र वस्तिहरु छनौट पश्चात् वस्तिहरुमा संकटासन्नता लेखाजोखा र अनुकूलनका कियाकलापहरुको पहिचान गरिएको थियो । वडामा संकटासन्ता लेखाजोखा, प्रकोप श्रोत नक्सांकन समेत तय गरी अनुकूलनका कियकलापहरु पहिचान गरिएको थियो । प्रत्येक कियाकलापहरुलाई विभिन्न सुचकको आधारमा प्राथामिकिकरण गरिएको थियो । प्रत्येक वडाबाट आएका सुचनाहरुलाई पुन गाउँपालिकामा मिति २०७९/१२/३० गतेका दिन प्रस्तुत गरिएको थियो । वडाहरुको स्तरीकरण, श्रोत नक्सांकन, गाउँपालिकाको जोखिम विश्लेषण, गाउँपालिका स्तरिय अनुकूलनका कियाकलापहरु पहिचान साथै वर्गिकरण गरिएको थियो ।




**चित्र ७ स्थानिय अनुकूलन कार्ययोजना विधि प्रक्रिया**

# परिच्छेद ४ : स्थानीय अनुकूलन कार्ययोजना तर्जुमाका चरणहरु

यस स्थानीय अनुकूलन कार्ययोजनाका तयारी गर्दा अपनाईएका चरण तथा तिनका नतिजाहरु निम्नानुसार रहेका छन् ।

## ४.१ जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि

जलवायु परिवर्तन नविनतम विषयवस्तु भएकाले जलवायु परिवर्तनले पार्ने असर तथा प्रभावलाई सम्बोधन गर्नका लागि प्रभावकारी स्थानिय अनुकूलन कार्ययोजना तयार गर्न जलवायुले के कस्तो असर पारेको छ, के कस्तो प्रभाव पार्न सक्दछ, अनुकूलनका विद्यमान अवसर वा चुनौती के के छन् र त्यसको सामना गर्नका लागि आवश्यक स्रोत र साधन कसरी जुटाउने आदि सूचना स्थानिय स्तरमा जानकारी गराउन समुदाय, वडा तथा वस्ती र गाउँपालिका स्तरमा ११ वटा सचेतना तथा अभिमुखीकरण क्रियाकलाप संचालन गरिएको थियो । सो क्रियाकलाप बाट प्रत्येक्षरुपमा ३७८ व्यक्ति लाभांवीत भएका छन् ।

सचेतना कार्यक्रममा सङ्कटासन्न समुदाय, स्थानीय निकाय, राजनीतिक दल, शैक्षिक एवं सेवा प्रदायक संघ-संस्था, विज्ञ, दलित, जनजाति, किसान, युवा र सर्वसाधारणलाई सहभागी गरिएको थियो । सचेतना अभिवृद्धि कार्यक्रमको लागि जलवायु परिवर्तन सम्बन्धी प्रस्तुति, फ्लेक्स चार्ट, सामुहिक छलफल, लक्षित वर्ग छलफल, सामुहिक कार्य आदिको प्रयोग गरिएको थियो ।

## ४.२ संकटासन्नता, जोखिम विश्लेषण तथा वस्तुगत विवरणको तयारी

यस प्रक्रिया मार्फत संकटासन्न व्यक्ति तथा समुदायहरु र जीविकोपार्जन तथा पर्यावरणीय प्रणालीको विवरण तयार गरी सो बमोजिम अनुकूलन र जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यक्रमहरु तयार गर्न मद्दत पुगेको छ । संकटासन्नता तथा अनुकूलन मूल्याङ्कन तथा लेखाजोखाका लागि मौसमी पात्रो, बाली पात्रो, ऐतिहासिक समय रेखा, संकटासन्नता नक्सांकन, जलवायु परिवर्तनको क्षेत्रगत प्रभाव, पारिस्थितिकीय प्रणालीमा परेका प्रभाव, जीविकोपार्जनका स्रोत र प्रकोप विच अन्तर सम्बन्ध, जोखिम तथा अनुकूलनको विश्लेषण, अनुकूलनका उपायहरुको प्राथमिकिकरण र सेवा प्रदायक/संस्थागत विश्लेषण जस्ता सहभागितामूलक अभ्यास तथा विश्लेषण गरि सोबाट आएका नतिजाहरु तल उल्लेख गरिएको छ ।

### ४.२.१ प्रकोपको ऐतिहासिक घटनाक्रम

यस के.आई.सिंह गाउँपालिका, डोटीमा विगतमा भएका विभिन्न जलवायुजन्य प्रकोपका घटनाक्रमहरुको प्रकृति र प्रभाव विश्लेषण गर्न विगत ३० वर्ष देखि हालसम्मको जलवायुजन्य प्रकोप, प्रभाव, प्रभावीत समुदाय र त्यससँग जुध्न समुहले गरेका प्रयासहरुका साथै सो प्रकोपको असरहरुको भविष्यको परिदृष्यको बारेमा के.आई.सिंह गाउँपालिकाको वस्तिहरु, वडा र पालिका स्तरमा जनप्रतिनिधिहरु, जेष्ठ नागरिक, वुद्धिजिवी तथा जानिफकारहरुको उपस्थितीमा समग्र विश्लेषण गरी संकटासन्नताको समग्र अवस्था निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १४ प्रकोपको ऐतिहासिक घटनाक्रम**

| क.सं. | **प्रकोप** | **वर्ष** | **बारम्बरता** | **प्रकोपले ल्याएको असर तथा प्रभावहरु** | **प्रभावित समुदाय वा वर्ग** | **भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरु** | **बचाउका प्रयास र संस्थागत सहयोग** |
|---|---|---|---|---|---|---|---|
| १ | **पहिरो** | **वडा १**<br>२०४०<br>**वडा २**<br>२०४०, २०७६,<br>**वडा ३**<br>२०५२<br>**वडा ५**<br>२०७६, २०७७<br>**वडा ६**<br>२०४०, २०७८ | **वडा १**<br>१<br>**वडा २**<br>२<br>**वडा ३**<br>१<br>**वडा ५**<br>२<br>**वडा ६**<br>**२** | **वडा नं. १**<br>२० घरधुरी पुरीएको केही मान्छे मरेका तथा घाईते भएको, सिंचाई कुलोमा क्षती, खानेपानी मुहान र पाईप क्षती, वन क्षेत्रमा रहेका वनस्पति र प्रजातिहरुमा क्षति भएको, गाई, गोरु, भैंसी, कृषियोग्य जमीन, अन्नबाली पुरेको<br>**वडा नं. २**<br>बडगुडाका ४० घरधुरीमा क्षती भएको, सेल्पाखा लाठाकदरेमा २० हे खेतीयोग्य जमिन पुरेको<br>वडा नं २ का सम्पुर्ण वस्तीहरुमा जोखिम सिताराम प्रा.वि.को भवन पुरेको<br>३ घरहरु पुरिएको, ७-८ रोपनी कृषियोग्य जमीन पुरेका, पराल बगाएको, जमलकटियामा ५ वटा घर क्षती भएको, २-३ रोपनी कृषियोग्य जमीन पुरेको<br>**वडा नं. ६**<br>देवस्थल मा.वि.को दुई कोठे भवन, कालिका प्रा.वि.को दुई कोठे भवनमा क्षती, फलेडी, भिताडी, माटीगाउँ, नौभारी, चाकाका ५० घरधुरीमा क्षती, ३०० रोपनी खेतीयोग्यभुमी नाश, खानेपानी मुहान तहसनहस<br>**वडा नं. ७**<br>जनधनको क्षती, ४०० रोपनी जती जग्गा नास, २८ जति पशुचौपाया मरेको, | सबै वर्ग समुदाय<br>श्रीगाउँ, ब्वातडीसैन (१५०)<br>जमलकटिया(३५)<br>फलेडी, भिताडी, माटीगाउँ, नौभारी, चाका | खानेपानी पाईप र सिंचाई कुलाहरु सधैं जोखिम, पानी पर्ने तरिकामा फेरवदल आउनुका साथै अवैज्ञानिक तरिकाले बाटो निर्माण, भिरालो क्षेत्रमा भइरहेको खनजोत पुर्वाधार विकास, र भुउपयोगितामा आएको परितर्वन जस्ता क्रियाकलापहरुले गर्दा भविष्यमा अस्वभाविक स्थानहरुमा अस्वभाविक हिसाबको बाढीका घटनाहरु बढ्ने देखिन्छ। | साविकका गाविस<br>स्थानिय सरकारबाट विद्यालय निर्माण<br>स्थानिय सरकार, समुदायका सम्पुर्ण मानिसहरु उद्दारमा खटिएको, तटबन्ध गरिएको पुनरबासले सहयोग गरेको |

| क.सं. | प्रकोप | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय वा वर्ग | भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरु | बचाउका प्रयास र संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|---|
| | | **वडा ७**<br>२०४०, २०७८ | **वडा ७**<br>**२**<br>जम्मा<br>**१०** | देवस्थल मा.वि.को दुई कोठे भवन २० कि.मि. कुलो नास, खानेपानीका मुहानमा क्षती, सिंचाई कुलो क्षती, वडामा ५०-६० रोपनी, कृषियोग्य जमीन प्रत्येक वर्ष जोखिममा | विष्टगाउँ (१००), नौतडी (३०), बेलालगाउँ (९) | | |
| २ | **बाढी** | **वडा नं. १**<br>२०६०,<br>२०७८<br><br>**वडा नं. २**<br>२०४०,<br>२०७८<br><br>वडा नं.३ | **वडा नं. १**<br>२<br><br>**वडा नं. २**<br>२<br><br>**वडा नं. ३** | **वडा नं. १**<br>ध्वाणीगाड, महादेव क्षेत्रका ५ घरधुरी पुरीएको, जमीन कटान भई खोला वरिपरिका सिंचाई कूलो, लगायतका भौतिक पुर्वाधारहरुमा क्षति भएको<br>५० रोपनी जमीन कटान भई खोला वरिपरिका सिंचाई कूलो, लगायतका भौतिक पुर्वाधारहरुमा क्षति भएका<br>**वडा नं. २**<br>जारिमभाडीका मिश्रित २० घरधुरी, सेलपाखाका मिश्रित ४० घरधुरी, वडकुडाको मिश्रित ३०घरधुरी, नारी, तलकोटका मिश्रित ४० घरधुरीका जमीन कटान भई खोला वरिपरिका सिंचाई कूलो, लगायतका भौतिक पुर्वाधारहरुमा क्षति भएको, २०० रोपनी जमीन कटान भई खोला वरिपरिका सिंचाई कूलो, लगायतका भौतिक पुर्वाधारहरुमा क्षति भएको, २०७८मा १३ रोपनी जमीन कटान भई खोला वरिपरिका सिंचाई कूलो, लगायतका भौतिक पुर्वाधारहरुमा क्षति भएको<br>२०६० मा २० विघा जमिन बगाएको<br>२०७३ मा २० विघा जमिन बगाएको, ६ | खोलाको तटीय क्षेत्रमा बसोबास गर्ने समुदायहरु नारी दाङ्ग माझी समुदाय<br><br>जारिमभाडी मिश्रित २०, सेलपाखा मिश्रित ४०, वडकुडो मिश्रित ३०, नारी, तलकोट मिश्रित ४०<br><br>झीगाबस्तीका १५, | संघीय, स्थानिय सरकार, प्रदेश सरकारले सेती नदीमा गर्दै गरेको तटबन्धले तल्लो तटीय क्षेत्रमा बाढीले गर्ने क्षतीको जोखिम कम गरेको छ । पानी पर्ने तरिकामा फेरवदल आउनुका साथै अवैज्ञानिक तरिकाले बाटो निर्माण, भिरालो क्षेत्रमा भइरहेको खनजोत पुर्वाधार विकास, र भुउपयोगितामा आएको परितर्वन जस्ता कियाकलापहरुले गर्दा भविष्यमा अस्वभाविक स्थानहरुमा अस्वभाविक हिसाबको बाढीका घटनाहरु बढ्ने देखिन्छ ।<br><br>बाढी तथा नदी कटानको जोखिममा वृद्दी | समुदायका सम्पुर्ण मानिसहरु उद्धारमा खटिएको, तटबन्ध गरिएको तटबन्ध गरिएको, कुलो घट्टहरुको पुननिर्माण, वस्ती सारिएको |

| क.सं. | प्रकोप | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय वा वर्ग | भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरु | बचाउका प्रयास र संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|---|
| | | २०६०, २०७३<br><br>**वडा नं. ४**<br>२०६७<br><br>**वडा नं. ५**<br>२०६३, २०७६<br><br>**वडा नं. ६**<br>२०४०, २०७८<br><br>**वडा नं. ७**<br>२०४०, २०७८ | २<br><br>**वडा नं. ४**<br>१<br><br>**वडा नं. ५**<br>२<br><br>**वडा नं. ६**<br>२<br><br>**वडा नं. ७**<br>२<br>जम्मा १३ | पानीघट्ट बगाएको<br>**वडा नं. ४**<br>बालावन, खन्काबाडा, लेक्कोट, कार्कीबगर, भाडागाउँ, बास्कोट, काफली, बगडबजारका ३२५-४०० रोपनी कृषियोग्य जमीन पुरेको, २५०-२६० रोपनी जोखिममा, खानेपानीको समस्या<br>**वडा नं. ५**<br>एक जना (राम सिंह राना) बगाएको १२५-१५० रोपनी कृषियोग्य जमीन पुरेको, १५० रोपनी जोखिममा, खानेपानीको समस्या<br>**वडा नं. ६**<br>जमीन कटान भई खोला वरिपरिका घरहरु, सिंचाई कूलो, घट्ट लगायतका भौतिक पुर्वाधारहरुमा क्षति भएको, एक जनाको मृत्यु, ३०-४० पशुचौपाया बगाएको, फलेडी, भिताडी, माटीगाउँ, नौभारी, चाकाका ५० घरधुरीमा क्षती, ३०० रोपनी खेतीयोग्य भुमी नास, खानेपानी मुहान तहसनहस<br>**वडा नं. ७**<br>जनधनको क्षती, ४०० रोपनी जती जग्गा नास, २८ जति पशुचौपाया मरेको, देवस्थल मा.वि.को दुई कोठे भवन २० कि.मि. कुलो नास, खानेपानीका मुहानमा क्षती, सिंचाई कुलो क्षती, वडामा ५०-६० रोपनी, कृषियोग्य जमीन प्रत्येक वर्ष जोखिममा | देउकाडाका १०, मटेना चरिकोटका १० मिश्रित घरधुरीहरु वनगडका १५, दल्लका १०, झीगाबस्तीका ६ मिश्रित घरधुरीमा क्षती बालावन, खन्काबाडा, लेक्कोट, कार्कीबगर, भाडागाउँ, बास्कोट, काफली, बगड बजारका ९०० घरधुरी बाढी तथा कटानको जोखिममा रानागाउँ (१८०) रानागाउँ (१८०), श्रीगाउँ (५०), स्याला (७०), बुहार (७०),गाडेगाउँ (५५) फलेडी, भिताडी, माटीगाउँ, नौभारी, चाकाका ५० घरधुरी विष्टगाउँ (१००), नौतडी (३०), बेलालगाउँ (९) | बाढी तथा नदीकटानको जोखिममा वृद्दी | स्थानीयको सहयोगमा ३ दिनपछि लाश भेटेको, गा.पा., जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, नेपाल रेडक्स सोसाईटीको केही सहयोग<br><br>गा.पा., जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, नेपाल रेडक्स सोसाईटीको केही सहयोग<br><br>गा.पा., जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, नेपाल रेडक्स सोसाईटीको केही सहयोग |

| क.सं. | प्रकोप | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय वा वर्ग | भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरु | बचाउका प्रयास र संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|---|
| ३ | **आगलागी/वन डढेलो** | **वडा १**<br>२०५५, २०७७<br>**वडा २**<br>**२०७८**<br>**वडा ३**<br>२०५५, २०७७<br>**वडा ४**<br>२०७८<br>**वडा ५**<br>२०६४<br>**वडा ६**<br>२०७७<br>**वडा ७**<br>२०७१, २०७३ | **वडा नं. १**<br>**२**<br>**वडा २**<br>२<br>**वडा ३**<br>१<br>**वडा ४**<br>१<br>**वडा ५**<br>१<br>**वडा ६**<br>१<br>**वडा ७**<br>२<br>**जम्मा १०** | **वडा नं. १**<br>सामुदायिक वन डढेलो, बोटबिरुवा नास<br>**वडा नं. २**<br>लेकगडाको एक घरमा आगलागी ८० हजार नगद, सुनचाँदी ११ तोला र घरभित्र रहेका अन्न, लत्ताकपडा, गरगहना, भाँडाकुँडा सबै जलेको<br>**वडा नं. ३**<br>जोगेना, लामकट्टे, घिमरिका वनमा डढेलो<br>**वडा नं. ४**<br>लेककोट वनमा लागेको डढेलोमा एक गोठ जलेको<br>**वडा नं. ५**<br>सामुदायिक वन डढेलो, बोटबिरुवा नाश<br>**वडा नं. ६**<br>देवस्थल मा.वि.को दुई कोठे भवन, दराज-३, कम्प्युर-४, कागजजात, टेबुल ४, सांस्कृतिक साम्राग्री पुरै नास, फलेडी सामुदायिक वन डढेलो, बोटबिरुवा नास<br>**वडा नं. ७**<br>सामुदायिक वन डढेलो, बोटबिरुवा नास | लेकगडाको व्यापारिक केन्द्र<br>जोगेना, लामकट्टे,<br>लेककोट, लस्कर, बालावन, धामीगाउँ<br>देवस्थल मा.वि,<br>फलेडी सा.व. | हाल खडेरीको प्रकोप बढ्दै गएकोले गर्दा आगलागीको घटना पनि बढ्ने देखिन्छ। खरको छाना क्रमश विस्तापित भई आगलागीको जोखिम कम हुनेछ। | नेपाल रेडक्रस सोसाईटीको केही सहयोग र छरछिमेकमा अैंचोपैंचो, पालिका र जिल्ला प्रशासनको केही सहयोग बाहेक बचाउका प्रयास र संस्थागत सहयोग केही नभएको<br>गाउँघरका समुदाय र नेपाल सरकार भैरव प्रसाद गण |
| ४ | **खडेरी** | वडा नं.१<br>२०६३, २०७९<br>वडा नं.२<br>२०७९ | वडा नं.१<br>२<br>वडा नं.२<br>१ | सबै टोलहरु पानीका मुहान सुक्ने, पानीको मात्रा घट्ने, पानीका मुहान कुवा, पधेंरा सुक्ने,<br>सबै टोलहरु पानीका मुहान सुक्ने, पानीको मात्रा घट्ने, पानीका मुहान कुवा, पधेंरा सुक्ने,<br>दल्लमा पानीका मुहान सुकेको | सबै टोलहरु<br>सबै टोलहरु | कृषि रोग, पशु रोग, मानवरोगमा बृद्धि, पानीका थप मुहानहरु सुकेको, आगलागीका घटनाहरु बृद्धि, गर्दा भविष्यमा खडेरीका घटनाहरु अझै बढ्ने, मरुभुमीकरण हुन सक्ने, | वृक्षारोपण, ईनटेक बनाएको, अम्रिसो रोपिएको, धानको बीउ जोगाउन पानी बोकेको, भु तथा जलाधार व्यवस्थापन कार्यालय |

| क.सं. | प्रकोप | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय वा वर्ग | भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरु | बचाउका प्रयास र संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|---|
| | | वडा नं.३<br>२०६३<br>वडा नं.४<br>२०७९<br>वडा नं.५<br>२०७९<br>**वडा नं. ६**<br>२०५०,<br>२०६५,<br>२०६८<br>**वडा नं. ७**<br>२०५०,<br>२०६५,<br>२०६८ | वडा नं.३<br>१<br>वडा नं.४<br>१<br>वडा नं.५<br>१<br>वडा नं.६<br>३<br>वडा नं.७<br>३<br>जम्मा १२ | कलेआममा पानीका मुहान सुकेको पानीका मुहान सुकेको, पानीको मात्रा घटको, पानीका मुहान कुवा, पधेंरा सुकेको<br>पानीका मुहान सुक्ने, पानीको मात्रा घट्ने, पानीका मुहान कुवा, पधेंरा सुक्ने, कृषि उत्पादनमा कमी, वन तथा जैविक विविधतामा क्षति तथा असर, मानव रोगमा वृद्धि, जग्गाको बाँझोपना बढ्ने, उर्जाशिल जनशक्ति पलायन बाहिरी स्रोतबाट खाद्यान्नको आपुर्ति बढ्ने, मनौविज्ञानमा असर पर्ने, मिचाहा प्रजाति<br>खाद्य संकट, कुपोषण हुने, कृषि रोग, पशु रोग वृद्धि, पानीका मुहानहरु सुकेको, आगलागीका घटनाहरु वृद्धि उत्पादनमा कमी, खाद्य असुरक्षा, मिचाहा प्रजातीको जोखिम बढ्ने<br>खाद्य संकट, कुपोषण हुने, कृषि रोग, पशु रोग वृद्धि, पानीका मुहानहरु सुकेको, आगलागीका घटनाहरु वृद्धि उत्पादनमा कमी, खाद्य असुरक्षा, मिचाहा प्रजातीको जोखिम बढ्ने | दल्लका २० मिश्रित घरधुरी<br>सबै वर्ग समुदाय<br>सबै वर्ग समुदाय<br>सबै वर्ग समुदाय<br>सबै वर्ग समुदाय | बढ्दो गर्मि तथा पानीका मुहानहरु सुक्ने कारणले गर्दा स्वस्च्छ पिउने पानीको अभाव भई अझै नयाँ नयाँ खालका रोगहरु देखा पर्ने सम्भावना देखिन्छ । | |
| ५ | **हावाहुरी** | **वडा १**<br>२०७७ | वडा १<br>१ निरन्तर | **वडा नं. १**<br>प्रत्येक वर्ष १०/१२ घरहरु, गोठहरुमा क्षति गर्ने गरेको, लोली, बाउजेला, महादेव, डुम्राकोट, मकरकाडाका विद्यालयहरुको छाना उडाउने गरेको कृषि बाली, फलफूल, अन्न बाली, वनप्रजातिको फस्ल, फलहरु नास गर्ने र रुखका | सबै वर्ग समुदाय | विद्यालयहरुका छानाका पवर्बाधारहरुलाई थप मजबुत पारिएन भने पठनपाठन प्रभावित हुने र थप जोखिमको सृजना हुने देखिन्छ । भविष्यमा हावाहुरीका घटनाहरु वृद्धि भई कृषि | स्थानीयहरुबाट जस्ता संकलनमा सहयोग भएको, स्थानिय सरकार, र सहयोग अपिलका बाबजुत अन्य संस्थागत पहल कतैबाट पनि नभएको |

| क.सं. | प्रकोप | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय वा वर्ग | भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरु | बचाउका प्रयास र संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|---|
| | | **वडा २**<br>२०६७,<br>२०७५<br>**वडा ३**<br>२०५२<br>**वडा ४**<br>२०७६<br>**वडा ५**<br>२०७५<br>**वडा ६**<br>२०७५ | **वडा २**<br>२<br>**वडा ३**<br>१<br>**वडा ४**<br>१<br>**वडा ५**<br>१<br>**वडा ६**<br>१ | हाँगाहरुमा क्षति भएको<br>**वडा नं. २**<br>६ विद्यालय श्री इन्द्र मा.वि., तिखातर, श्री भैरव मा.वि., दाडिमाटी, श्री शिवशक्ति आ. वि. लगायतका अन्य तीन विद्यालयहरुको छाना उडाएको विद्युत आपुर्तिमा अवरोध भएको<br>**वडा ३**<br>बासुदेवी मा.वि.को छाना उडाएको, पठनपाठन अवरुद्द भएको<br>**वडा नं. ४**<br>काफलीमा १ घर, भाडागाउँमा २ घर, गारीगाउँमा १ घर, खड्कावाडा २ घरहरुमा क्षति गरेको, विद्युतको खम्बा भाँचिएको, विद्युत अवरुद्द, रुखहरु ढलेको, कृषि बाली, फलफूल, अन्न बाली, वन प्रजातिको फूल, फलहरु नास गरेको र रुखका हाँगाहरुमा क्षति भएको<br>**वडा नं. ५**<br>प्रत्येक वर्ष १/२ घरहरु, गोठहरु र घट्टहरुमा क्षति गर्ने गरेको<br>**वडा नं. ६**<br>फलेडीमा १९, भिताडीमा ६, नौभारी, चाका, केनवाडामा १४, भातीगाउँमा ८ घरहरु, गोठहरु क्षति गर्ने गरेको र फलफूल, अन्न बाली, वन प्रजाकिो फुल, फलहरु नास गर्ने र रुखका हाँगाहरुमा क्षति भएको, भिताडीटोलका विरमान भुल, खिमा बलायर, भाटीगाउँको तारा भाट | सबै वर्ग समुदाय<br>सबै वर्ग समुदाय<br>काफली, भाडागाउँ, गारीगाउँ, खड्कावाडा<br>सबै वर्ग समुदाय<br>फलेडी, भाटीगाउँ, नौभारी, भिताडी, चाका, डाङ्गा, बेलालगाउँका मिश्रित | क्षेत्रमा हुने क्षति बढे तापनि भौतिक पूर्वाधारमा कम क्षति पर्ने देखिन्छ। | विद्युत प्राधिकरणलाई खबर गरेको, गाईगोरु सुरक्षीत स्थानमा सार्न छिमेकीले सहयोग गरेको<br>स्थानीयहरुबाट सहयोग भएको, स्थानिय सरकार र जिल्ला रेडक्रस, ई.डि.सी ठोटीको सहयोग |

| क.सं. | प्रकोप | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय वा वर्ग | भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरु | बचाउका प्रयास र संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|---|
| | | **वडा ७**<br>२०७५ | **वडा ७**<br>१<br><br>जम्मा ८ | लगायतका समुदायका २६० कुखुरा मरेको<br>**वडा नं. ७**<br>लाटा कलौर आधारभुत विद्यालयका दुई भवनका, भुमिराज मा.वि.को छाना उडाएको, पठनपाठन प्रभावित, मर्मतका क्रममा खुला मैदानमा कक्षा संचालन गरेको, कृषि बाली, फलपूल, अन्नवाली, वनप्रजातिको फुल, फलहरु नाश गर्ने र रुखका हाँगाहरुमा क्षति भएको | | | |
| ६ | **असिनापानी** | **वडा नं. १**<br>२०५०,<br>२०७६<br>प्रत्येक वर्ष<br><br>**वडा नं. २**<br>२०७८ प्रत्येक वर्ष<br><br>**वडा नं. ३**<br>२०७८ प्रत्येक वर्ष<br><br>**वडा नं.४**<br>२०५३,<br>२०७९<br><br>**वडा नं. ५**<br>२०६१ | **वडा नं. १**<br>२, निरन्तर<br><br>**वडा नं. २**<br>१<br><br>**वडा नं. ३**<br>१<br><br>**वडा नं. ४**<br>२<br><br>**वडा नं. ५** | **वडा नं. १**<br>१५० रोपनी गहुँ, जौ खेतीमा नोक्सानी गरेको<br>१५०० रोपनी गहुँ, जौ, आलु , प्याज, आँपमा क्षती गरेको<br>**वडा नं. २**<br>२०७८ मा धान, मकै, कोदो खेतीमा समेत असर गरेको, प्रत्येक वर्ष अन्न बाली, तरकारी बाली, फलफूल बाली, वनस्पतिहरुमा क्षति हुने गरेको<br>**वडा नं. ३**<br>प्रत्येक वर्ष अन्न बाली, तरकारी बाली, फलफुल बाली, वनस्पति र वन्यजन्तुहरुमा क्षति हुने गरेको<br>**वडा नं. ४**<br>गहुँ, तोरी, तरकारी नै भित्र्याउन नपाएको, प्रत्येक वर्ष अन्न बाली, तरकारी बाली, फलफूल बाली, वनस्पतिहरुमा क्षति हुने गरेका<br>**वडा नं. ५** | सबै वर्ग समुदायका १२०० घरधुरी<br><br>सबै वर्ग समुदायका १२०० घरधुरी<br><br>सबै वर्ग समुदायका १३०० घरधुरी<br><br>सबै वर्ग समुदायका ८०० घरधुरी | अल्पवृष्टि अनावृष्टि, अतिवृष्टि जस्ता जलवायुजन्य परिवर्तन र असिना पानीको बारम्बारतालाई हेर्दा भविष्यमा असिनापानीको समस्या बढ्दै जाने देखिन्छ । | स्थानिय सरकारको कृषी शाखाले विवरण संकलन गरेपनि बचाउका लागि संस्थागत पहल कतैबाट पनि नभएको |

| क.सं. | प्रकोप | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय वा वर्ग | भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरु | बचाउका प्रयास र संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|---|
| | | **वडा नं. ६**<br>२०४६,<br>२०५४,<br>२०७८<br><br>**वडा नं.७**<br>२०४६,<br>२०५४,<br>२०७८<br>प्रत्येक वर्ष | **१**<br><br>**वडा नं. ६**<br>**३**<br><br>**वडा नं. ७**<br>**३**<br><br><br>**जम्मा १३** | अन्न बाली क्षति भएको, प्रत्येक वर्ष अन्न बाली, तरकारी बाली, फलफुल बाली, वनस्पति र क्षति हुने गरेको<br>**वडा नं. ६**<br>अन्न बाली क्षति भएको, प्रत्येक वर्ष गहुँ मकै, तोरी, केराउ, सिमी बोडीमा क्षती<br>**वडा नं. ७**<br>प्रत्येक वर्ष अन्न बाली, तरकारी बाली, फलफुल बाली, वनस्पतिहरुमा क्षति हुने गरेको | सबै वर्ग समुदाय<br><br>फलेडी, भाटीगाउँ, नौभारी, भिताडी, चाका, डाङ्गा, बेलालगाउँ मिश्रित ८०० घरधुरी<br><br>मिश्रित ८०० घरधुरी | | |
| ७ | **हिमपात** | **वडा नं.१, २०७३**<br><br>**वडा नं.२, २०५३**<br><br>**वडा नं.३, २०५३**<br><br>**वडा नं.४, २०५३**<br><br>**वडा नं. ६, २०५३**<br><br>**वडा नं. ७, २०५३** | १<br><br>१<br><br>१<br><br>१<br><br>१<br><br>१<br>जम्मा ६ | लोली, गणेशकाँडा, हिउँचेका १०० घरधुरी प्रभावित<br>लेकका ३०० घरधुरी प्रभावित<br>लेकका ५० घरधुरी प्रभावित<br>सिमे मा. वि.को परिक्षा स्थगित, वनजंगलमा रुख भाँचिएर नष्ट<br>लेकका ५० घरधुरी प्रभावित, अन्न बाली, तरकारी बाली, फलूफूल बाली, वनस्पति र वन्यजन्तुहरुमा क्षति, वनजंगलमा रुख भाँचिएर नष्ट<br>लेकका ७० घरधुरी प्रभावित, अन्न बाली, तरकारी बाली, फलफूल, वनस्पतिहरुमा क्षति, वनजंगलमा रुख भाँचिएर नष्ट | लोली, गणेशकाँडा, हिउँचे<br>लेकका ३०० घरधुरी प्रभावित<br>लेकका ५० घरधुरी प्रभावित<br>वडा नं.४का घरधुरी सबै<br>वडा नं. ६ का घरधुरी सबै<br>वडा नं. ७ का घरधुरी सबै | हिमपातका जोखिम, असरहरु घट्नेछन् । | स्थानिय प्रशासनलाई क्षतीको विवरण पेश गरी आवश्यक सहयोग माग, सहयोग नभएको |
| ८ | **मिचाहा प्रजाति** | प्रत्येक वर्ष | प्रत्येक वर्ष मिचाहा प्रजातिको जोखिम र बारम्बरता | **गाउँपालिका भरि**<br>पातीझार/माओवादीझार (स्थानियको अनुसार), कालो वनमारा, गन्दे, निलो गन्दे जस्ता मिचाहा प्रजातीहरु कमश बढ्दो कममा रहेको कुरा सामुहिक | सबै वर्ग समुदाय | उन्नत जातका बीउको बढ्दो माग, मोटरगाडीमा हुने सामानको ओसारपसारले मिचाहा प्रजाती फैलाउने भेक्टरका रुपमा काम गर्न | डिभिजन वन कार्यालयको जनचेतनामुलक कार्यक्रम बाहेक बचाउका लागि |

| क.सं. | प्रकोप | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय वा वर्ग | भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरु | बचाउका प्रयास र संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|---|
| | | | बढ्दो क्रममा रहेको छ | छलफलले दर्शाएको छ । गन्देको बढी जोखिम कृषि क्षेत्रमा, कालो वनमाराको बढी जोखिम वन क्षेत्रमा, र पातीझार/माओवादीझार (स्थानियका अनुसार) को बढी जोखिम चरण र खुल्ला क्षेत्रमा बढी भएको पाईन्छ । रैथाने घाँस प्रजातिहरु लोप हुँदै गएको, पाखो वारी तथा खेतहरुमा अनावश्यक झारहरुले गर्दा कृषि उत्पादनमा कमी, वोटविरुवाको वृद्धि विकासमा असर, चरण क्षेत्रको अभाव भएको | | सक्ने, रैथाने घाँसहरु हराउने, वारीका काल्ना तथा वारीमा मिचाहा प्रजाती भएका कारण उत्पादनमा कमी, चरण क्षेत्रको अभाव, महिलाहरुको कार्यकोझ बढ्ने, घाँस संकलनका लागि टाढाटाढा जानुपर्ने हुनसक्छ, अत् भविष्यमा मिचाहा प्रजातीको प्रकोप बढ्दै जाने देखिन्छ । | संस्थागत पहल कतैबाट पनि नभएको |
| ९ | **कृषिमा रोग** | वडा नं. १ २०५६ साल यता<br><br>वडा नं. ४ २०६४ साल यता | निरन्तर | प्रत्येक वर्ष धानखेतमा मरुवा (ब्लास्ट)को संक्रमण<br>आलुमा रातो किरा लागेको पिलेकाँडा, गणेशकाँडा | महादेव, बाउजेला, डुम्राकोट, मकरकाडी का ५०० घरधुरीका मिश्रित वर्ग<br>सबै वर्ग समुदाय | भविष्यमा कृषिमा रोगहरु बढ्दै जाने, रसायनिक पदार्थको प्रयोग बढी हुने, उर्जाशिल जनशक्ति पलायन बाहिरी स्रोतबाट खाद्यान्नको आपुर्ति बढ्ने | साविकको जिल्ला कृषि कार्यालयका केही कृषी सेवा बाहेक बचाउका लागि संस्थागत पहल कतैबाट पनि नभएको |
| १० | **पशुमा रोग** | वडा नं. १ २०६०, २०७३<br><br>वडा नं. २ २०५८, २०६५, २०७९<br><br>वडा नं. ३ २०५८, २०६५, २०७९ | २<br><br>३<br><br>३ | भ्यागुतेरोगले महादेवमा २७, बाउजेलामा ३०, डुम्राकोटमा ६०, लोलीमा ७० मकराकाडामा ३१ पशुचौपाया हताहत<br>खोरेतले महादेवमा ३०, बाउजेलामा २५, डुम्राकोटमा ६०, लोलीमा ५० पशुचौपाया मरेको<br>खोरेतले २००, पटकेले १००, लम्पीस्कीन ३०० पशुचौपाया क्षती<br>खोरेतले २५०, पटकेले १८०, लम्पीस्कीन ३०० पशुचौपाया क्षती<br>खडकावाडा, बालावन, धामीगाउँ, लेककोट, चन्केसैनका २७१ घरधुरीका | महादेव, बाउजेला, डुम्राकोट, लोली मकराकाडाका मिश्रित समुदाय<br><br>सबै वर्ग समुदाय<br><br>तिखातर, मौडा, सेल्पाखा, नारी | पशु सेवाको पहुँच बढ्ने छ,, संस्थागत पहुँच बढ्ने, पशु बिमाहरु हुनेछन् । | संक्रमित पशुचौपाया भेटेनरी डाक्टरले उपचार गरेको, खेरेतको घरेलु उपचार (हिलोमा पशुचौपायाको खुट्टा डुबाउने, फिनायल, आरुको मुन्टा, खोटोको प्रयोग गर्ने), धामी झाँकी लगाउने, स्थानिय सरकारको सहयोग |

| क.सं. | प्रकोप | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय वा वर्ग | भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरु | बचाउका प्रयास र संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|---|
| | | वडा नं. ४ २०७७, २०७९ | २ | गाई, गोरु, भेडा, बाखामा खोरेत, मुखेत, पखाला, रगत पिसाव गर्ने, पातलो दिसा गर्ने रोगले मरेको | सबै वर्ग समुदाय | | |
| ११ | **जंगली जनावरको आतंक** | वडा नं १, २०७१, २०७७, २०७९ | ३ | बाँदरले १५० रोपनीमा लगाएको धान, मकै गहुं नास गरेको<br>बँदेलले ५० रोपनीमा लगाएको धान, मकै गहुँ नास गरेको<br>७ पशुचौपाया गाई, गोरु, ३० बाखा, कुखुराको क्षती | लोली, गणेशकाँडा, डुम्राकोट, बउजेला<br>मकरकाँडा, लोली, गणेशकाँडा, डुम्राकोट, बोरागाउँ | भौतीक पुर्वाधार विकासले बासस्थानको खण्डीकरण हुनेहुँदा मानव वन्यजन्तु दन्द्ध बढ्ने | धपाउने, रातीमा चौकिदारी गर्ने, घेराबार गर्ने, पासो राख्ने सामुदायिक वन, प्रदेश सरकारले बाँदर धपाउन प्लाष्टिकको बन्दुक दिएको, त्यही पड्काउने गरेको, स्थानिय सरकारको सहयोग |
| | | वडा नं २, २०५१, २०६२, २०७७ | ३ | ४०० पशुचौपाया गाई, गोरु, बाखा, कुखुराको क्षती, अन्नपातको नास, बँदेल, बाँदर, दुम्सीले नास गरेको<br>१ जनालाई बँदेलले आक्रमण गरी घाईत बनाएको<br>२०६७, २०७८ मा कालो भालुको आक्रमणमा झिगाबस्तीको १ महिला, दल्लको एक महिला परेको, | झिगाबस्ती, दल्ल | | |
| | | वडा नं ३, २०६६, २०६७, २०७८ | ३ | ३०० पशुचौपाया गाई, गोरु, बाखा, कुखुराको क्षती, करिब ६०० घरधुरीका अन्नपातको नाश बँदेल, बाँदर, दुम्सीले नास गरेको<br>२०५२ मा कालो भालुको आक्रमणमा खडकावाडा र कारीगाउँमा २ पुरुष परेका<br>२०७८ मा कालो भालुको आक्रमणमा बासकोटमा १ महिला परेका | मौडा, तिखातर, नारी, वडगुडा, अमगाउँ, भलमुडा, सेलपाखा | | धपाउने, रातीमा चौकिदारी गर्ने, घेराबार गर्ने, पासो राख्ने |
| | | वडा नं ४, २०५२, २०७८ | २ | ७० पशुचौपाया गाई, गोरु, बाखा, कुखुराको क्षती, करिब ४०० घरधुरीका अन्नपातको नास बँदेल, बाँदर, दुम्सीले नास गरेको | खडकावाडा, कारीगाउँ, बासकोट | औषधी उपचार , गोठालो रेखदेख | स्वास्थ्य केन्द्र, वन कार्यालय, वडा कार्यालय, गा.पा. |
| | | वडा नं ६, २०५९, | | ९० पशुचौपाया गाई, गोरु, बाखा, | भिताडी, भाटीगाउँ | | धपाउने, रातीमा चौकिदारी गर्ने, |

| क.सं. | प्रकोप | वर्ष | बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय वा वर्ग | भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरु | बचाउका प्रयास र संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|---|
| | | २०७९<br><br><br><br><br><br><br>वडा नं ७, २०७६, २०७७, २०७९ | २<br><br><br><br><br><br><br><br>३<br><br>जम्मा १६ | कुखुराको क्षती, करिब ४०० घरधुरीका अन्नपातको नास बँदेल, बाँदर, दुम्सीले नास गरेको<br>२०७७ मा चौड की तुल्सी भण्डारीको बँदेलको आक्रमणले मुख हातमा चोट, २०७६ मा सिमलटुक्राका लाल बहादुर विनाडीको हातखुट्टामा चोट, कोटीगाउँका रमेश बलायर, लालौडाँडाका यज्ञ महत घाईते, ७० पशुचौपाया गाई, गोरु, बाख्रा, कुखुराको क्षती, करिब ५०० रोपनीका अन्नपातको बँदेल, बाँदर, दुम्सीले नास गरेको | लगायतका सबै बस्तीहरु<br><br>चौड, जोगीमठ, सिमलटुक्रा, खडायतगाउँ, नौतडी, कोटीगाउँ, विष्टगाउँ, महतगाउँ, लगायतका सबै वस्तीहरु | | घेराबार गर्ने, पासो राख्ने |
| १२ | **चट्याङ्ग** | वडा नं. २<br>२०५२,२०७७<br><br><br>वडा नं. ३<br>२०७०<br><br>वडा नं. ६/७<br>२०५८ | वडा नं. २<br>२<br><br>वडा नं. ३<br>१<br><br>वडा नं. ६/७<br>१<br>**जम्मा ४** | **वडा नं २**<br>इन्द्र मा.वि. लेकगडामा एक विद्यार्थीको मृत्यु र २ विद्यार्थी घाईते<br>**वडा नं ३**<br>वनमा परेको चट्याङ्गले एकजना मरेको तथा तीन बाख्रा मरेको<br>**वडा नं. ६/ ७**<br>फलेडीमा १ महिला र एक बालक चट्याङ्गले हानेको रुखले किचिएर मरेको | इन्द्र मा.वि. लेकगडा, मौडा, जेठखला<br><br>भुगंर, सबै वर्ग समुदाय<br><br>फलेडी | भविष्यमा पनि चट्याङ्गको जोखिम रहेको छ, अर्थिक सहितको विद्युतीकरण र चट्याङ्ग सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरुले चट्याङ्गको जोखिम कम गर्ने छ। | समुदायका मान्छेहरुले पानी हालेर आगलागी नियन्त्रण गरेको, जिल्ला प्रशासन कार्यालय, गा.पा.को आर्थिक सहयोग समुदायका मानिसहरुले रुखले किचिएको लास निकालेको |

पहिरोका जम्मा १० घटना मध्ये क्रमश २-२ घटना वडा नं २, ५, ६, ७, १ घटना वडा नं १, ३, मा घटेका थिए। तर छलफलका क्रममा बाढीको प्रभावहरुलाई लेखाजोखा गर्दा बाढीका १३ घटना मात्र देखिए ठाडोखोलामा भएको कटानलाई पहिरोका रुपमा लिईएकाले पनि बाढीका घटनाहरु कम देखिएका हुन्। बाढीका जम्मा १३ घटना मध्ये २-२ घटना वडा नं १, २, ३, ५, ६, ७ मा घटेका थिए भने १ घटना वडा नं ४ मा घटेको थियो। आगलागीका जम्मा १० घटना मध्ये क्रमश ३ घटना वडा नं १, २, ७ मा २-२ घटना घटेको र वडा नं ३, ४, ५, ६ मा १-१ घटना घटेको थिए।

हावाहुरीका जम्मा ८ घटना  मध्ये वडा नं.२ मा २ घटना, वडा नं १, ३, ४, ५, ६, ७ मा १ घटना घटेका थिए । चट्याङ्गका जम्मा ४ घटना मध्ये वडा नं. २ मा २ घटना, वडा नं. ३ मा १ घटना र वडा नं. ६/७ मा १ घटना घटेको थियो । जंगली जनावरको आतंकका जम्मा १६ घटना मध्ये ३-३ घटना वडा नं १, २, ३, ७ र वडा नं ६ र ७ मा २-२ घटना घटेको थियो । बारम्बारताका सवालमा अंकका हिसाबमा खडेरी, असिनापानी, चट्याङ्ग, कृषि रोग, पशु रोगको जोखिम र यसको बारम्बरता कम देखिएतापनि छलफलका क्रममा मानसपटलमा रहेका क्षतिका विवरणका आधारमा प्रत्येक वर्ष खडेरी, असिनापानी, चट्याङ्ग, कृषि रोग, पशुरोगको क्षती र जोखिम बढ्दो क्रममा रहेको छ । प्रत्येक वर्ष अन्न बालीमा रोग किराको संक्रमणमा वृद्धि, खाद्यान्नको उत्पादनमा र गुणस्तरमा ह्रास, भण्डारण गरेको बीउमा किरा लाग्ने, कृषिमा रोगसँग जुध्न बढी खर्च, पशुपालनका लागि अन्न दाना कमी, पशुपालनका लागि खाद्य सामाग्रीका रुपमा प्रयोग हुने कृषिजन्य पराल, छ्वाली, मकैको ढोडको मात्रा र गुणस्तर घट्ने, कृषि उत्पादनको गुणस्तर घट्ने र भएका कृषि उत्पादनको मुल्यमा गिरावट आउने गरेको छ । प्रत्येक वर्ष गाई, गोरु, भैंसी, बाख्रामा खोरेत, मुखेत, पखाला, रगत पिसाव गर्ने, पातलो दिसा गर्ने रोगले मर्ने, कुखुराहरुमा कुभिने, बाउँडिने, र्‍याल छाड्ने, पाखाला लाग्ने लक्षणका रोगले धेरै कुखुराहरु मर्ने गरेको, मुख्याना, भ्यागुते, पखालाले पालिकाका १००० बाख्रा जति मर्ने गरेको, रेबिजले कुकुर मर्ने गरेको पट्के र चरचरेले भैंसीहरु मर्ने गरेको छ । यी सबै जलवायुजन्य जोखिम, यिनका बारम्बरताले संवेदनशील अवस्थाका गर्भवती महिला, १००० दिने आमा, नवजात शिशु, ज्येष्ठ नागरिकलाई झनै जोखिमसँगको सम्मुख्ता बढाउँछ ।

विगत ३० वर्षको समयमा स्वास्थ्य सम्बन्धी चेतना खासै थिएन । स्वास्थ्य सेवाका लागि परम्परागत विचार, सामाजिक तथा धार्मिक बाधाहरु, अन्धविश्वास र सामाजिक संस्कृति/कुरीतिहरु (धामी, झांक्रीमा) विश्वास गरिन्थ्यो । भाषागत हिसावले सूचना दिन नसक्नु, चेतनामूलक कार्यक्रमहरुमा जनताको सहभागीता हुन/गराउन नसक्नु, स्थानीय आवश्यकतालाई सम्बोधन गरी सूचना स्पष्ट रुपमा दिन नसक्नुले नै सचेतनाको कमी थियो । गरिवी तथा अशिक्षा, सूचनाको कमी तथा प्राप्त सूचना उपयुक्त माध्यम तथा वुझ्ने भाषामा प्रचार प्रसार नहुनुका कारणले पछाडी परेका समुदाय स्वास्थ्य सूचनावाट वन्चित भएका थिए । आर्थिक अवस्था कमजोर हुनेले सेवा निःशुल्क भएपनि स्वास्थ्य संस्था टाढा भएकाले सेवा लिन जाँदा यातायात तथा अन्य खर्च जुटाउन समस्या पर्ने, भौगोलिक हिसावले विकट क्षेत्रमा स्वास्थ्य संस्था लक्षित वर्गको पहुँच पुग्ने स्थानमा उपलव्ध नभएकाले ति वर्गले स्वास्थ्य सेवा प्राप्त गर्नमा कठिनाई भोग्नुपर्ने कारणहरुले स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराउने, परामर्श लिने र उपचार प्राप्त गर्ने क्रम न्युन थियो । नेपाल पुरुष प्रधान विचारबाट प्रभावित र लङ्गैिक विभेद भएको कारण महिलाको स्वास्थ्यलाई प्राथमिकता दिएको पाईदैन । घरको आर्थिक पक्षमा महिलाको नियन्त्रण नहुँदा आर्थिक समस्याका कारण महिलाहरुका कार्यबोझ बढ्ने, स्वास्थ्य उपचार गराउन नसक्ने र आफुलाई जहिले पनि न्यून प्राथमिकतामा राख्ने गरेको पाईन्छ । सेवा प्रदायकहरु अधिकाँश पुरुषहरु हुनाले र महिला स्वास्थ्यकर्मी नहुँदा स्वास्थ्य सेवा लिन हिचकिचाउने गरेको पाईन्थ्यो । विगत ३० वर्षको समयमा स्वास्थ्य संस्थामा गएर परिवार नियोजन, सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य स्याहार, गर्भपतनको कारणबाट उत्पन्न हुने समस्याहरूको रोकथाम तथा उपचार, यौन रोग संक्रमण र एचआईभी र एड्स,

बाँझोपनको रोकथाम तथा उपचार, किशोरकिशोरीहरूको प्रजन्न स्वास्थ्य, प्रौढ महिलाहरूको स्वास्थ्य सम्बन्धी स्वास्थ्य सेवा पाईन्छ भन्ने कुराहरुको ज्ञान नै थिएन अत् यौन तथा प्रजन्न स्वास्थ्य सेवा लिनेका संख्या शुन्य हुन्थियो । प्रजनन स्वास्थ्य रुग्णताको कारण देखाई बहुविवाह गर्ने चलन थियो । धामी, झांक्रीले दिने स्थानिय जडिबुटीको प्रयोगले असुरक्षीत गर्भपतन गरिन्थ्यो । बालविवाहको चलन थियो । किशोरकिशोरीहरूको पुर्णरुपमा मानसिक र प्रजनन स्वास्थ्य परिपक्क नभई गर्भावस्थामा पुग्थिए, असुरक्षीत गर्भावस्था, असुरक्षीत गर्भाधानको जोखिम उच्च हुने गरेको थियो । आमाहरुले अकालमा ज्यान गुमाउने अवस्था थियो । सन्तानहरु ईश्वरका वरदान भन्दै पुरुष प्रधान विचारबाट प्रभावित महिलाको वर्ष पिच्छे असुरक्षीत गर्भाधानका गरिरहेका हुन्थिए ।

### ४.२.२ परिवर्तित मौसमी तथा प्रकोप पात्रो

स्थानिय मौसम र मौसमी अवस्था, बाली तथा प्रकोपमा आएको परिवर्तन बारे जानकारी हासिल गर्न परिवर्तित प्रकोप तथा मौसमी पात्रा विधिको प्रयोग गरिएको थियो । समुदायको ज्येष्ठ नागरीक, बुद्धिजीवीसँगको छलफलबाट भएको जलवायु सम्बन्धी जानकारी विवरणका आधारमा तापक्रम, वर्षाको स्वरुप, बिरुवाको व्यवहार, प्रकोपको स्वरुप आदिमा आधारित यो पात्रो तयार गरिएको थियो । मौसमी पात्रो सम्बन्धि जानकारी हासिल गर्न विगतको करिब ३० वर्ष पहिले र हालको बारे तुलनात्मक अध्ययन गरी प्रकोप, तापक्रम, बाली आदि हुने समयमा परिवर्तन आएको वा नआएको प्रस्ट समुदायमा देखिएको थियो । के.आई.सिहं गाउँपालिकामा तयार पारिएको परिवर्तित प्रकोप तथा मौसमी पात्रो तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १५ परिवर्तित प्रकोप तथा मौसमी पात्रो

| मौसम/प्रकोप | | वैशाख | | | | जेठ | | | | असार | | | | साउन | | | | भदौ | | | | असोज | | | | कात्तिक | | | | मंसिर | | | | पुष | | | | माघ | | | | फागुन | | | | चैत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| गर्मी | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मनसुनी वर्षा | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जाडो | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| हिमपात | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| तुसारो | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कुहिरो | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| बाढी | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| पहिरो | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| सुख्खा खडेरी | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| असिना | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| मौसम/प्रकोप | | वैशाख | | | | जेठ | | | | असार | | | | साउन | | | | भदौ | | | | असोज | | | | कात्तिक | | | | मंसिर | | | | पुष | | | | माघ | | | | फागुन | | | | चैत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| हावाहुरी | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| चटयाङ्ग | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| रोग किरा | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मिचाहा प्रजाती | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जंगली जनावर को आतंक | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

*नोट : पहिले भन्नाले ३० वर्ष भन्दा माथि र अहिले भन्नाले विगत ५ देखि यताको समय सम्झनु पर्छ ।*

गर्मीका दिनहरु १ हप्ता पछि सुरु भएर १ महिना पछि सरेको र गर्मिको मात्रा पनि बढेका छन् । मनसुनी बर्षा १ महिना पछि सुरु भएर १ महिना पछि सकिने गरेको छ । वर्षाको मात्रा घटेको छ । जाडोका दिन करिब २ हप्ता पछि सुरु भएर २ हप्ता पछि सकिने गरेको छ । हिउँदे बर्षा र हिमपात ३ हप्ता पछि सुरु भएर २ हप्ता पछि सकिने गरेको छ र छिटपुट मात्र हुने गरेको छ । कुहिरो लाग्ने समय ५ हप्ताले घटेको छ । तुसारो एक हप्ता बढेको छ । सुख्खा खडेरी ६ हप्ताले बढेको छ । हावाहुरी २ हप्ताले बढेको छ । कार्तिकका दिनहरुमा पनि चटयाङ्ग पर्ने गरेको छ । अहिले वर्षामा फेरबदल भएकोले बाढी तथा पहिरोको समयमा पनि परिवर्तन भएको छ तर मात्रा र बारम्बारता भने बढेको छ ।

### ४.२.३ परिवर्तित बाली पात्रो

स्थानिय बाली र मौसमी अवस्थामा आएको परिवर्तन बारे जानकारी हासिल गर्न परिवर्तित बाली पात्रो विधिको प्रयोग गरिएको थियो । समुदायको ज्येष्ठ नागरीक, बुद्धिजीवीसँगको छलफलबाट भएको जलवायु सम्बन्धी जानकारी विवरणका आधारमा बिरुवाको व्यवहार, बीउ राख्ने, रोप्ने, भित्र्याउने स्वरुप आदिमा आधारित यो पात्रो तयार गरिएको थियो । बाली पात्रो सम्बन्धि जानकारी हासिल गर्न विगतको करिब ३० वर्ष पहिले र हालको बारे तुलनात्मक

अध्ययन गरी बाली लगाउने समय, भित्र्याउने समयमा परिवर्तन आएको वा नआएको प्रस्ट समुदायमा देखिएको थियो । के.आई.सिंह गाउँपालिकामा तयार पारिएको परिवर्तित बाली पात्रो तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १६ बाली पात्रो**

| बाली | | बैशाख | | | | जेठ | | | | असार | | | | साउन | | | | भदौ | | | | असोज | | | | कार्त्तिक | | | | मंसिर | | | | पुष | | | | माघ | | | | फागुन | | | | चैत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| धानको वीउ राख्ने | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| धान रोप्ने | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| धान काट्ने, भित्र्याउने | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मकै छर्ने | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मकै भित्र्याउने | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| गहुँ छर्ने | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| गहुँ भित्र्याउने | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कोदो रोप्ने | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कोदो भित्र्याउने | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| आलु रोप्ने | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| आलु भित्र्याउने | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कागती, सुन्तला फुल्ने | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कागती, सुन्तला पाक्ने** | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **ओखर फुल्ने** | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **ओखर पाक्ने** | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **गुराँस फुल्ने** | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

*नोट : पहिले भन्नाले ३० वर्ष भन्दा माथि र अहिले भन्नाले विगत ५ देखि यताको समय सम्झनु पर्छ ।*

धानको बीउ राख्ने समय तीन हप्ता पछाडी सरेको छ । गहुँ छर्ने तीन हप्ता पछाडी सरेपनि भित्र्याउने समयमा परिवर्तन भएको छैन् । स्थानिय प्रजातीको नै गहुँ छर्ने गरेको तर गहुँ चाँडै पाक्नाले मौसम, हावा, माटोमा भएको आद्रतामा पक्कै पनि परिवर्तन रहेको छ भनी ईकित गर्दछ । मकै छर्ने र भित्र्याउने समय दुई हप्ता पछि सरेको छ । कोदो रोप्ने र भित्र्याउने समय दुई हप्ता पछि सरेको छ । आलु रोप्ने र भित्र्याउने समय दुई हप्ता अघि सरेको छ । कागती, सुन्तला फुल्ने र पाक्ने समय पहिले भन्दा चार हप्ता अगाडी सरेको छ । ओखर फुल्ने समय पहिले भन्दा तीन हप्ता पछाडी सरेपनि पाक्ने समयमा परिवर्तन भएको छैन् । गुराँस फुल्ने समय पहिले भन्दा दुई हप्ता अगाडी सरेको छ । पहिला कागुनो, फापर, सालिधान, नौसल्ले जस्ता स्थानिय प्रजातिका अन्न बालीहरु लगाईन्थ्यो भने हालको अवस्थामा यी स्थानिय प्रजातिका अन्न बालीहरु लोप भएको कुराहरु छलफलका क्रममा आएको छ ।

### ४.२.४ तापक्रम र वर्षाका तथ्यांकहरुको विश्लेषण

#### ४.२.४.१ औसत न्युनतम तापक्रम र अधिकतम तापक्रमको विश्लेषण

सबैभन्दा नजिकैको तापक्रमको मापन केन्द्रको सन् १९९० देखिको हाल सम्मको वार्षिक औसत तापक्रम वार्षिक अधिकतम तापक्रम र वार्षिक न्युनतम् तापक्रमको तथ्यांकहरुको विश्लेषण गर्दा हालका दिनहरुको वार्षिक औसत तापक्रम वार्षिक अधिकतम तापक्रम र वार्षिक न्युनतम् तापक्रम सबै बढ्दो क्रममा छ । हालका दिनहरुको औसत न्युनतम तापक्रम ०.०३३ डिग्री सेल्सियसले बढ्दो क्रममा छ र औसत अधिकतम तापक्रम ०.०२३६ डिग्री सेल्सियसले र वार्षिक औसत तापक्रम ०.०२३४ डिग्री सेल्सियसल बढ्दो क्रममा छ ।




**चित्र ८ सन् १९९० देखि पछिल्लो अवस्थासम्म औसत न्युनतम तापक्रम र अधिकतम तापक्रममा देखिएका परिवर्तन**

#### ४.२.४.२ वर्षाका तथ्यांकहरुको विश्लेषण

सबै भन्दा नजिकैको वर्षाको मापन केन्द्रको सन् १९९० देखिको हालसम्मको वर्षाका तथ्यांकहरुको विश्लेषण गर्दा हालका दिनहरुको औसत वार्षिक वर्षा बढ्दो क्रममा रहेको छ । समुदायमा छलफलका क्रममा वार्षिक औसत वर्षा बढ्दो रहेको पाईयो जसले बाढी पहिरोको जोखिम उच्च बनाउने र त्यहि समयमा अव्यवस्थित विकास निर्माणले बाढी पहिरोको जोखिम र त्यसको क्षती बढाएको र त्यस्तै सुख्खाको समयमा कम वर्षा हुने र खडेरीको जोखिम बढाउने कुरा प्रष्टिएको थियो ।




**चित्र ९ सन् १९९० देखि पछिल्लो अवस्थासम्म वर्षात्मा देखिएका परिवर्तन**

### ४.२.५ सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन

माथि उल्लेखित मौसमी पात्रो, ऐतिहासिक घटनाक्रमको समय रेखा विश्लेषणको माध्यमबाट एकिन गरिएका प्रमुख प्रकोपले प्रभावित पारेका क्षेत्रलाई के.आई.सिंह गाउँपालिकाको नक्सामा चित्रित गर्न यो विधिको प्रयोग गरिएको छ । सहभागितामूलक तरिकाले तयार गरिएको तल उल्लेखित नक्सामा जलवायुजन्य प्रमुख प्रकोप दोहोरिन सक्ने स्थान र प्रभावित हुनसक्ने वस्ती तथा समुदाय देखाइएको छ ।




**चित्र १० स्थानियहरुले तयार गरेको के.आई.सिंह गाउँपालिकाको प्रकोप तथा स्रोत नक्शा**

### ४.२.६ जोखिमको रुपरेखा

यस विधिको प्रयोगबाट के.आई.सिंह गाउँपालिका क्षेत्रमा हाल विद्यमान प्रकोपहरु, ती प्रकोपहरुबाट भईरहेका र भविष्यमा हुन सक्ने समस्याको अवस्था तथा प्रकोप बाट प्रभावित र प्रभावित हुन सक्ने संकटासन्न समुदायहरुको विश्लेषण गरिएको थियो ।

**तालिका १७ के.आई.सिंह गा.पा.को जोखिमको रुपरेखा**

| प्रकोप | संकटासन्नता तथा जोखिम | अहिलेको अवस्था | भविष्यमा हुन सक्ने |
|---|---|---|---|
| पहिरो | संकटासन्न | महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), गर्भवती महिला, कृषक, घरपालुवा पशुपंछी तथा वन्यजन्तु | महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), गर्भवती महिला, कृषक, घरपालुवा पशुपंछी तथा वन्यजन्तु |
| | जोखिम | धन जनको क्षती, मानव पशुपंछी मर्ने, खेतबारीको माटो तथा पोषण तत्वहरु बगाउने, सिंचाई, कुलोमा क्षति, बाटोमा क्षति, विद्यालय तथा वस्तीमा क्षति, खानेपानी टंकी तथा पाइपलाइनमा क्षति, पशुचौपायाको नास तथा घाईते, गर्भवती महिला, शिशुहरुको खोप, स्वास्थ्य सेवा लिने क्रममा पहिरोसँगको सम्मुख्ता बढ्ने । पानीको मुहान, स्रोतको क्षती भएमा महिलाहरुको पानी खोज्ने कार्यबोझ बढ्ने, अत् सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य स्याहारले कम प्राथमिक्ता पाउने | पानी पर्ने तरिकामा फेरवदल आउनुका साथै अवैज्ञानिक तरिकाले बाटो निर्माण, भिरालो क्षेत्रमा भइरहेको खनजोत जस्ता क्रियाकलापहरुले गर्दा भविष्यमा पहिरोका घटनाहरु बढ्ने देखिन्छ |
| बाढी | संकटासन्न | महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), गर्भवती महिला, कृषक, घरपालुवा पशुपंछी तथा वन्यजन्तु | महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), गर्भवती महिला, कृषक, घरपालुवा पशुपंछी तथा वन्यजन्तु |
| | जोखिम | धन जनको क्षती, मानव पशुपंछी मर्ने, खेतबारीको माटो तथा पोषण तत्वहरु बगाउने, सिंचाई, कुलोमा क्षति, बाटोमा क्षति, विद्यालय तथा वस्तीमा क्षति, खानेपानी टंकी तथा पाइपलाइनमा क्षति, महिलाहरुको पानी खोज्ने कार्यबोझ बढ्ने, पशुचौपायाको नाश तथा घाईते, गर्भवती महिला, शिशुहरुको खोप, स्वास्थ्य सेवा लिने क्रममा बाढीसँगको सम्मुख्ता बढ्ने । सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य स्याहारले कम प्राथमिक्ता पाउने | पानी पर्ने तरिकामा फेरवदल आउनुका साथै अवैज्ञानिक तरिकाले बाटो निर्माण, भिरालो क्षेत्रमा भइरहेको खनजोत पुर्वाधार विकास र भुउपयोगितामा आएको परितर्वन जस्ता क्रियाकलापहरुले गर्दा भविष्यमा अस्वभाविक स्थानहरुमा अस्वभाविक हिसाबको बाढीका घटनाहरु बढ्ने देखिन्छ । |
| वन डढेलो आगलागी | संकटासन्न | महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), गर्भवती महिला, कृषक, घरपालुवा पशुपंछी तथा वन्यजन्तु | महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), गर्भवती महिला, कृषक, घरपालुवा पशुपंछी तथा वन्यजन्तु |
| | जोखिम | रुख बिरुवा, चराचुरुंगी तथा अन्य वन्यजन्तुमा क्षति, घाँस तथा जडिबुटिका प्रजातिहरु लोप हुँदै गएको, बोट बिरुवाको वृद्धि विकासमा असर, वन्यजन्तुहरु लोप हुँदै गएको, तत्काल घाँस खोज्ने कार्यबोझ बढ्ने, यस अवस्थामा परिवार नियोजनका साधनहरुको जोहो गर्ने, सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य स्याहार ध्यान नपुग्ने | हाल खडेरीको प्रकोप बढ्दै गएकोले गर्दा डढेलोको घटना पनि बढ्ने देखिन्छ । पुर्व तयारीका रुपमा यौन तथा प्रजनन स्वास्थ्य र तत् सम्बन्धीका स्वास्थ्य सेवाहरुलाई प्राथमिकतामा राखिनेछ । |
| असिना | संकटासन्न | महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), | महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ |

| प्रकोप | संकटासन्नता तथा जोखिम | अहिलेको अवस्था | भविष्यमा हुन सक्ने |
|---|---|---|---|
| | | कृषक, घरपालुवा पशुपंछी तथा वन्यजन्तु | नागरिक), कृषक, घरपालुवा पशुपंछी तथा वन्यजन्तु |
| | जोखिम | खाद्य बाली, नगदे बालीको क्षति हुने, खाद्यान्नको उत्पादनमा र गुणस्तरमा ह्रास, कहिलेकाहीं बीउको लागि पनि जोगाउन नसकेको दृष्टान्त, पशु चौपायामा क्षति, तरकारी खेतीमा उच्च प्रभाव, उर्जाशिल जनशक्ति पलायन बाहिरी स्रोतबाट खाद्यान्नको आपुर्ति बढ्ने, मनोविज्ञानमा असर पर्ने, मिचाहा प्रजाति, खाद्य संकट, कुपोषण हुने । | असिना पानीको बारम्बारतालाई हेर्दा भविष्यमा असिना पानीको समस्या बढ्दै जाने देखिन्छ । |
| कृषि रोग | संकटासन्न | बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला, कृषक, पशुपालक | बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला, कृषक |
| | जोखिम | अन्न बालीमा रोग किराको संक्रमणमा वृद्धि, खाद्यान्नको उत्पादनमा र गुणस्तरमा ह्रास, भण्डारण गरेको बीउमा किरा लाग्ने, कृषिमा रोगसँग जुध्न बढी खर्च, बाहिरी स्रोतबाट खाद्यान्नको आपुर्ति बढ्ने, भाउ बढ्ने, मनोविज्ञानमा असर पर्ने, मानव रोगमा वृद्धि, कुपोषण हुने, पशुपालनका लागि अन्न दाना कमी, पशुपालनका लागि खाद्य सामाग्रीका रुपमा प्रयोग हुने कृषिजन्य पराल, छ्वाली, मकैको ढोडको मात्रा र गुणस्तर घट्ने, कृषि उत्पादनको गुणस्तर घट्ने र भएका कृषि उत्पादनको मुल्यमा गिरावट आउने, रसायनिक पदार्थको प्रयोग बढी हुने, बच्चाहरु कुपोषित हुन्छन् । किट व्यवस्थापनका कार्यबोझ बढ्ने, किट व्यवस्थापनका क्रममा प्रयोग हुने किटनाशकले गर्भवती महिला र गर्भमा नकारात्मक असर, कृषि रोगका समयमा मानसिक अशान्ति । | भविष्यमा कृषिमा रोगहरु बढ्दै जाने, रसायनिक पदार्थको प्रयोग बढी हुने, उर्जाशिल जनशक्ति पलायन बाहिरी स्रोतबाट खाद्यान्नको आपुर्ति बढ्ने, कृषियोग्य जमिनहरु घडेरीमा परिणत हुने र शहरको विकास हुने, कृषिमा देखा पर्ने रोगको असर कमी भई कृषि उत्पादनमा वृद्धि हुनाले खाद्य सुरक्षा बढ्नेछ । उपयुक्त उन्नत जातको कृषि बाली, आधुनिक जलवायु अनुकूलित प्रविधिको प्रयोगका कारण कृषि उत्पादनमा वृद्धि भई जीविकोपार्जन सहज भएको हुनेछ भने महिलाको कार्यबोझ घटाउनमा टेवा पुग्नेछ । घाँस काट्ने मेशिन, धान झार्ने मेशिन र मकै छोडाउने मेशिनको प्रयोगले महिलाको कार्यबोझमा कमी हुँदा महिलाको प्रजनन तथा अन्य स्वास्थ्य समस्यामा कमि आएको हुनेछ । |
| पशु रोग | संकटासन्न | पशुपालक किसान, गोठालाहरु, महिला, बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला | पशुपालक किसान, महिला, बालबालिका, वृद्धवृद्धा, ज्येष्ठ नागरिक, गर्भवती महिला |
| | जोखिम | पशुमा विभिन्न किसिमका रोगमा वृद्धि, पशु चौपायाको मर्ने, बथान नै मर्ने, पशुपंक्षीबाट मानिसमा संक्रामक रोगहरु सर्ने, दुद्य, मासुको उपलब्धता घट्ने, पशु स्वास्थ्य सेवाको खर्च बढ्ने, गर्भवती, महिनावारी जस्तो संवेदनशील समयमा दुध, मासुको उपलब्धता घट्ने । | भविष्यमा पशुमा रोग बढ्दै जाने देखिन्छ, पशुपालनमा मानिसको चाहना हराउन सक्ने, यो सँगसँगै पशु स्वास्थ्य सेवाको पनि बिस्तार हुनेछ, पशु स्वास्थ्य सेवामा मानिसहरुको पहुँच वृद्धि हुनेछ । पशुमा देखा पर्ने रोगको असर कमी भई कृषि उत्पादनमा वृद्धि हुनाले खाद्य सुरक्षा बढ्नेछ । |
| हिमपात | संकटासन्न | महिला, बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला, कृषक | महिला, बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला, कृषक, |
| | जोखिम | उत्यादनमा ह्रास आउने, भौतिक पूर्वाधारमा क्षती विद्यालयहरुमा, पठनपाठन बन्द भएको, मानसिक बिचलन पैदा भएको, फलफुलको बोटहरु भाँचिदिएको, अत् महिलाहरुको कार्यकोझ बढ्ने । | भविष्यमा बढ्दो गर्मि हिमपातका घटनाहरु कम भई कृषि क्षेत्रमा हुने क्षति र भौतिक पूर्वाधारमा कम क्षति पर्ने देखिन्छ । |
| मिचाहा प्रजाती | संकटासन्न | गृहिणी र गर्भवती महिला, बालबालिका, ज्येष्ठ नागरिक), जडीबुटी संकलक, पशुपालक | गृहिणी तथा गर्भवती महिला, बालबालिका, ज्येष्ठ नागरिक, पशुपालक |

| प्रकोप | संकटासन्नता तथा जोखिम | अहिलेको अवस्था | भविष्यमा हुन सक्ने |
|---|---|---|---|
| | जोखिम | खाद्य बाली, नगदे बालीको उत्पादनमा कमी, घाँस प्रजातीको उपलब्द्धतामा कमी, अत् महिलाहरुको कार्यकोभ्रु बढ्ने, जैविक विविधतामा असर, वन डढेलोका लागि ईन्धनका रुपमा काम गर्ने, जडीबुटीको फैलावटमा बाधा, उपलब्द्धतामा कमी, चराका घाँसे बासस्थान नास, वन्यजन्तुको चरण क्षेत्रमा प्रभाव, जलचरका बासस्थान विनाश, वन्यजन्तु खाद्यान्न खोजीमा खेतबारीमा पस्नु, महिलाहरुको वन्यजन्तु खेद्ने, चरण क्षेत्रको अभावमा घाँस संकलनका लागि टाढाटाढा जानुपर्ने लगायतका कार्यबोभ्रु बढ्ने, गर्भवती महिला, शिशुहरुको वन्यजन्तुसँगको सम्मुख्ता बढ्ने । | उन्नत जातका बीउको बढ्दो, मोटरगाडीमा हुने सामानको ओसारपसारले मिचाहा प्रजाती फैलाउने भेक्टरका रुपमा काम गर्न सक्ने, रैथाने घाँसहरु हराउने, वारीका काल्ना तथा वारीमा मिचाहा प्रजाती भएका कारण उत्पादनमा कमी, चरण क्षेत्रको अभाव घाँस संकलनका लागि टाढाटाढा जानुपर्ने हुनसक्छ, अत् भविष्यमा मिचाहा प्रजातीको प्रकोप बढ्दै जाने देखिन्छ । |
| खडेरी | संकटासन्न | गृहिणी र गर्भवती महिला, बालबालिका, ज्येष्ठ नागरिक, पशुपालक | गर्भवती र गृहिणी महिला, बालबालिका, ज्येष्ठ नागरिक, पशुपालक |
| | जोखिम | पानीका मुहान सुक्ने, पानीको मात्रा घट्ने, पानीका मुहान कुवा, पधेंरा सुक्ने, कृषि उत्पादनमा कमी, वन तथा जैविक विविधतामा क्षति तथा असर, मानव रोगमा वृद्धि, जग्गाको बाभ्रोपना बढ्ने, उर्जाशिल जनशक्ति पलायन बाहिरी स्रोतबाट खाद्यान्नको आपुर्ति बढ्ने, मनोविज्ञानमा असर पर्ने, मिचाहा प्रजाति, खाद्य संकट, कुपोषण हुने, कृषि रोग, पशु रोग वृद्धि, पानीका मुहानहरु सुकेको, आगलागीका घटनाहरु वृद्धि, खडेरीको जोखिम बढेको छ, नाउलो सुक्ने कम बढेको छ , वैज्ञानिक खोज अनुसन्धान बिना नै गरिने भौतिक संरचना विशेष गरी सडकले गर्दा पानीको मुल सुक्ने कम बढेको छ; अत् एक घर एक धारा भन्दै गर्दा पानीका लागि महिलाहरुको कार्यबोभ्रु बढेको छ, सामाजिक कलह दैनिक सुन्ने गरिएको छ । | उत्पादनमा कमी, खाद्य असुरक्षा, मिचाहा प्रजातीको जोखिम बढ्ने, कृषि रोग, पशु रोग, मानवरोगमा वृद्धि, पानीका थप मुहानहरु सुकेको, आगलागीका घटनाहरु वृद्धिले गर्दा भविष्यमा खडेरीका घटनाहरु अभ्रै बढ्ने, मरुभुमीकरण हुन सक्ने, बढ्दो गर्मि तथा पानीका मुहानहरु सुक्ने कारणले गर्दा स्वस्च्छ पिउने पानीको अभाव भई अभ्रै नयाँ नयाँ खालका रोगहरु देखा पर्ने सम्भावना देखिन्छ । |
| हावाहुरी | संकटासन्न | गृहिणी महिला, ज्येष्ठ नागरिक, विद्यार्थी, शिक्षक | गृहिणी महिला, ज्येष्ठ नागरिक, विद्यार्थी, शिक्षक, |
| | जोखिम | मकै, धानका बोटहरु ढालिदिने र उत्यादनमा ह्रास आउने, घर गोठ, विद्यालय, स्वास्थ्य संस्थाहरु छाना उडाएको, पठनपाठन बन्द भएको, आरन, घट्ट छानाको उडाएको, मानसिक बिचलन पैदा भएको, ममर्तका लागि थप रकम विनियोजन गर्नुपरेको, घट्ट तथा आरन संचालकहरु कतिपय अवस्थामा ममर्त गरी घट्ट तथा आरन संचालनमा ल्याउने अवस्थामा नरहेको, फलफुलको बोटहरु भाँचिदिएको, स्वास्थ्य सेवा प्रदायकहरुका छानाहरु उडाउनु,, यौन तथा प्रजन्न स्वास्थ्यका सेवा लिन सेवाग्राहीले नपाउनु, स्वास्थ्य संस्थाहरु नै हावाहुरीको जोखिममा रहेकाले यस्तो अवस्थामा संवेदनशील अवस्थाका सुत्केरी तथा गर्भवती | भविष्यमा हावाहुरीका घटनाहरु वृद्धि भई कृषि क्षेत्रमा हुने क्षति बढे तापनि भौतिक पूर्वाधारमा कम क्षति पर्ने देखिन्छ । |

| प्रकोप | संकटासन्नता तथा जोखिम | अहिलेको अवस्था | भविष्यमा हुन सक्ने |
|---|---|---|---|
| | | महिला, नवजात शिशुहरु संकटासन्न रहने | |
| जंगली जनावरको आतंक | सकटासन्न | गृहिणी महिला, बालबालिका, ज्येष्ठ नागरिक, पशुपालक | गृहिणी महिला, बालबालिका, मजदुर, पशुपालक |
| | जोखिम | खाद्यको उपलब्द्धता कम हुने, भाउ बढ्ने, कुपोषणको शिकार, हुने, पशुपंछीका दाना असहज हुने, कृषि, पशुपालन, जागिर, व्यापारमा लागेकाहरुको मनोबल गिर्ने, कम खाद्यको उपलब्द्धता कम तर श्रम बढेको, संवेदनशील अवस्था बाल्यकाल, गर्भावस्था तथा वृद्ध उमेरमा पोषण कमी, मानसिक बिचलन पैदा हुनु, धपाउने, रातीमा चौकिदारी गर्ने, घेराबार गर्ने जस्ता गैर उत्पादक कार्यबोझ बढ्नाले किशोरकिशोरी, गर्भवती महिला तथा स्तनपान गराईरहेका आमाहरू, साना बालबालिकाहरु समेत संकटाविमुख रहेका छन् । | ग्रामीण बस्तीबाट बजार बसाई आउने बढ्दो कम, ठुलाठुला कृषियोग्य जमिनहरु घडेरीमा परिणत हुने र शहरको विकास हुने, बासस्थानको क्षती हुने, मानव वन्यजन्तु द्वन्द्व बढ्ने कुरा अवश्यभावी छ अत् गाउँपालिकामा मानव वन्यजन्तु सहअस्तित्व घट्न सक्ने छ । |
| चट्याङ्ग | संकटासन्न | गृहिणी महिला, बालबालिका, ज्येष्ठ नागरिक, विद्यार्थी | गृहिणी महिला, बालबालिका, ज्येष्ठ नागरिक, विद्यार्थी |
| | जोखिम | पशु चौपाया क्षति, मानव जनजिवनको क्षति, विद्युतीय उपकरणहरु, सोलार प्यानलहरुको नाश | |

### ४.२.७ संकटासन्न वर्ग तथा समुदाय पहिचान

प्रकोपले सिर्जना गरेका असरहरु विश्लेषण गरी उमेर समुह, लिंग, सामाजिक स्तर, वर्ग र जातजाती अनुसार पर्ने र पारेको प्रभावहरुमा छलफल गरियो । प्रकोपका असरहरुले समुदायका वर्ग, जातजातिमा कस्ता कस्ता प्रभाव पारेका छन् र ति प्रभावहरु कुन समुहमा बढि असर गर्दछन् भन्ने सवालहरुमा छलफल गरि सबै भन्दा उच्च असर पार्ने लाई ३, मध्यमलाई २ र न्युन असर गर्नेलाइ १ अंक दिएको थियो ।

**तालिका १८ संकटासन्न वर्ग तथा सामाजिक समुहहरुको पहिचान**

| प्रकोप | प्रकोप संकटासन्नता वर्ग | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उमेर समूह | | | | लिंग | | आर्थिक स्तर | | | | सामाजिक स्तर | | | जातजाति | | |
| | बलबालिका | युवा | वयस्क | वृद्धवृद्धा | महिला | पुरुष | अति विपन्न | विपन्न | मध्यम वर्ग | सम्पन्न वर्ग | अपांगता भएका व्यक्ति | गर्भवती महिला | एकल महिला | दलित | जनजाति | ब्राह्मण क्षेत्री |
| | | | | | | | | | | | | | | | | |
| पहिरो | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | १ | ३ | ३ | २ | ३ | २ | २ |
| बाढी | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | १ | ३ | ३ | २ | ३ | २ | २ |
| आगलागी/ वन डढेलो | १ | ३ | ३ | १ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ |
| हिमपात | १ | ३ | ३ | १ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ |
| खडेरी | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | ३ | ३ | २ | २ | २ |
| हावाहुरी | ३ | २ | २ | २ | ३ | ३ | ३ | २ | १ | १ | ३ | ३ | २ | ३ | २ | १ |
| असिना | ३ | २ | २ | २ | ३ | ३ | ३ | २ | १ | १ | ३ | ३ | ३ | ३ | २ | १ |
| मिचाहा प्रजाति | १ | ३ | ३ | १ | ३ | ३ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ |
| कृषि रोग | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | ३ | २ | ३ | २ | १ |
| पशु रोग | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | ३ | २ | ३ | २ | १ |
| जंगली जनावरको आतंक | १ | ३ | ३ | १ | ३ | ३ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ |
| चट्याङ्ग | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | ३ | २ | ३ | २ | १ |
| जम्मा | २८ | २८ | २८ | २६ | ३४ | २८ | ३२ | २४ | १८ | १६ | ३२ | ३२ | २६ | ३१ | २४ | १९ |

प्रकोपले सिर्जना गरेका असरहरु विश्लेषण गर्दा उमेर समुह अन्तर्गत समग्रमा बालबालिका, युवा, वयस्कले जम्मा २८ अंकभार पाए भने मिचाहा प्रजाति, जंगली जनावरको आतंकसँगको कम सम्मुख्ताका कारण वृद्धवृद्धाले कम अंकभार २६ पायो । लिंगका आधारमा ३४ अंकभारका साथ महिलामा धेरै प्रभाव परेको छ । अति विपन्न आर्थिक स्तर भएका व्यक्ति, अपांगता भएका व्यक्ति,

गर्भवती महिला, एकल महिला, दलितले क्रमश ३२, ३२, ३२, २६, र ३१ अंकभार पाए । सबैभन्दा उच्च अंकभार महिलाले पाएको देखियो र उच्च प्रभावका साथै उच्च जोखिम पनि महिला मै रहेको छ ।

### ४.२.८ कार्यबोझ विश्लेषण:

उमेरका आधारमा लैगिंक रुपमा समुदायमा छोरा तथा छोरी र महिला तथा पुरुषका बीच कार्य विवरण कसरी विभाजन गरिएको छ भनेर विश्लेषण गर्न यो विधि प्रयोग गरिएको हो । २४ घण्टा भित्र गरिने घरायसी तथा वाह्य कार्य व्यस्ततालाइ विश्लेषण गरी आर्थिक रुपमा सवल वर्ग पहिचान हुने र सिमान्तकृत तथा कमजोर वर्ग तर्फ लक्षित गरि योजना निर्माण गर्न सकिने भएको ले यो विश्लेषण गरिएको हो ।

**तालिका १९ कार्यबोझ विश्लेषण**

| **समय** | | **लिङ्ग** | **उमेर समुह** | | | | |
|---|---|---|---|---|---|---|---|
| **देखि** | **सम्म** | | **५ वर्ष भन्दा मुनि** | **६–१४ वर्ष** | **१५- २५ वर्ष** | **२६ देखी ५९ वर्ष** | **६० वर्ष भन्दा माथी** |
| **बिहान ५ बजे** | **बिहान ६ बजे** | **म.** | सुत्ने | उठ्ने, सरसफाई गर्ने | उठ्ने, हातमुख धुने, पानी लिने, सरसफाई गर्ने | पानी लिने, पुजा गर्ने, चिया पकाउने, सरसफाई गर्ने, गाई भैंसीको लागि कुँडो बनाउने | आराम गर्ने |
| | | **पु.** | सुत्ने | उठ्ने, चिया नास्ता खाने | उठ्ने, हातमुख धुने, चिया नास्ता खाने | उठने हातमुख धुने, चिया नास्ता खाने, बाहिर काममा जाने तयारी गर्ने | आराम गर्ने |
| **बिहान ६ बजे** | **बिहान ९ बजे** | **म.** | उठेर हातमुख धुने, चिया नास्ता खाने | खाजा खाएर ट्युसन जाने, गृह कार्य गर्ने | खाजा बनाउने, घरको काममा सघाउने तथा ट्युसन जाने | खाजा खाने, खाना बनाउने, गाइभैंसीलाइ घाँस कुँडो दिने, सार्ने, जंगल जाने, बच्चालाइ विद्यालय पठाउन तयारी गर्ने | घरको काम गर्ने, खाना खाने |
| | | **पु.** | उठेर हातमुख धुने, चिया नास्ता खाने | खाजा खाएर ट्युसन जाने, गृह कार्य गर्ने | खाजा खाएर ट्युसन जाने | खाजा खाने, खेतवारीको काम गर्ने, चिया खान पसलतिर जाने, गफगाफमा भुल्ने | घरको काम गर्ने, खाना खाने |
| **बिहान ९ बजे** | **बिहान १० बजे** | **महिला** | विद्यालय उमेरका विद्यालय जाने तयारी | विद्यालय जाने तयारी | विद्यालय, क्याम्पस जाने, घरको काममा सघाउने | खाना खुवाउने, भाँडा सफा गर्ने, जंगल जाने | घरको काम गर्ने, हेरचाह गर्ने |
| | | **पुरुष** | विद्यालय उमेरका विद्यालय जाने तयारी | विद्यालय जाने तयारी | विद्यालय, क्याम्पस जाने, घरको काममा सघाउने, खेलकुदमा जाने | खाना खाने, खेतवारीको काम गर्न, अन्यन्त्र जाने | घरको काम गर्ने, हेरचाह गर्ने |

| समय | | लिङ्ग | उमेर समुह | | | | |
|---|---|---|---|---|---|---|---|
| **देखि** | **सम्म** | | **५ वर्ष भन्दा मुनि** | **६–१४ वर्ष** | **१५- २५ वर्ष** | **२६ देखी ५९ वर्ष** | **६० वर्ष भन्दा माथी** |
| **विहान १० ब जे** | **दिँउस ो १ वजे** | **म.** | विद्यालय उमेरका विद्यालय जाने | विद्यालय जाने, पढ्ने | विद्यालय, क्याम्पस जाने | खाना खुवाउने, गाई बाखालाई घाँस, कुँडो पराल गर्ने, कपडा सफा गर्ने, खेतवारीको काममा जाने | घरको काम गर्ने, हेरचाह गर्ने |
| | | **पुरुष** | विद्यालय उमेरका विद्यालय जाने | विद्यालय जाने, पढ्ने | विद्यालय, क्याम्पस जाने | खाना खाने, खेतवारीको काम गर्ने, अन्य काम गर्न जाने | घरको काम गर्ने, हेरचाह गर्ने |
| **दिउँसो १ बजे** | **दिँउ सो ३ बजे** | **म.** | विद्यालय उमेरका विद्यालय मा | विद्यालय जाने पढने | क्याम्पस जाने, क्याम्पसबाट फर्कने घरको तथा खेत वारीको काम गर्ने, बाहिर काममा जाने | कुँडो पराल गर्ने, कपडा सफा गर्ने, खेतवारीको काममा जाने | घरको काम गर्ने, हेरचाह गर्ने |
| | | **पु.** | विद्यालय उमेरका विद्यालय मा | विद्यालय जाने पढने | क्याम्पस जाने, क्याम्पसबाट फर्कने खेतवारीको काम गर्ने, बाहिर काममा जाने | खेतवारीको काम गर्ने तथा अन्य काम गर्न जाने | घरको काम गर्ने, हेरचाह गर्ने |
| **दिँउसो ३ बजे** | **साँझ ५ बजे** | **म.** | विद्यालय बाट फर्कने, खाजा खाने, खेल्ने | विद्यालयब ाट फर्कने, खाजा खाने, घरको काममा सघाउने | कामबाट फर्कने, नास्ता तयार गर्ने, खुवाउने घरको काम गर्ने | कामबाट फर्कने, नास्ता तयार गर्ने, खुवाउने घरको काम गर्ने | घरको काम गर्ने, हेरचाह गर्ने |
| | | **पु.** | विद्यालय बाट फर्कने, खाजा खाने, खेल्ने | विद्यालयब ाट फर्कने, खाजा खाने, खेल्ने | कामबाट फर्कने, नास्ता खाने, घुम्ने | कामवबट फर्कने, नास्ता खाने, घुम्ने | घरको काम गर्ने, हेरचाह गर्ने |
| **साँझ ५ बजे** | **साँझ ७ बजे** | **म.** | खेल्ने, पढ्ने | घरको काममा सघाउने, पढ्ने | घरको काममा सघाउने पढ्ने | खाना तयार गर्ने, खुवाउने घरको काम गर्ने, गाई भैँसि लाई थुन्ने, घाँस पराल गर्ने | खाना खाने, आराम गर्ने |
| | | **पु.** | खेल्ने, पढ्ने | पढ्ने, खेल्ने | पढ्ने, खेल्ने, घुम्ने | खेतवारी तथा कामबाट फर्कने, खाना खाने | खाना खाने, आराम गर्ने |
| **साँझ ७ बजे** | **राती ९ ब जे** | **म.** | खेल्ने, पढ्ने | पढने | पढ्ने, घरको काम गर्ने | खाना तयार गर्ने तथा खुवाउने भाँडा तथा घर सफा गर्ने | खाना खाने आराम गर्ने |
| | | **पु.** | खेल्ने, पढ्ने | पढ्ने | पढ्ने, गफगाफ गर्ने, घुम्न जाने | खाना खाने, गफगाफ गर्ने | खाना खाने आराम |

| समय | | लिङ्ग | उमेर समुह | | | | |
|---|---|---|---|---|---|---|---|
| **देखि** | **सम्म** | | **५ वर्ष भन्दा मुनि** | **६–१४ वर्ष** | **१५- २५ वर्ष** | **२६ देखी ५९ वर्ष** | **६० वर्ष भन्दा माथी** |
| | | | | | | | गर्ने |
| **राती १० बजे** | **बिहान ५ बजे** | | सुत्ने | सुत्ने, आराम गर्ने | सुत्ने, आराम गर्ने | सुत्ने, आराम गर्ने | सुत्ने, आराम गर्ने |

यस विश्लेषण वाट ५ वर्ष भन्दा कम उमेरमा लैंगिक रुपमा समानता रहेको देखिन्छ । तर ६ देखि २५ वर्ष उमेर समुहमा विद्यालय जाने, काममा जाने कुरामा समानता रहेको तर साँझ र बिहानको समयमा छोरी तथा महिलाहरुले घरको काममा बढी ध्यान दिनुपर्ने पाईयो भने छोरा वा पुरुषहरु घर बाहिरको काममा तथा खेल्ने काममा समय दिएको पाईयो । साथै २६ वर्ष देखि ५९ वर्ष सम्मका उमेर समुहका महिलाहरुको बिहान सवेरै देखि साँझ अवेर सम्म घरायसी काम ( चिया, नास्ता, खाना बनाउने, बच्चाहरुलाई खुवाउने, घरभित्रको सरसफाई, गाई भैंसीलाई कुडो बनाउने, भकारो सोहर्ने तथा दुध दुहुने) मा व्यस्त हुने र पुरुषहरु बिहान र साँझको समयमा अलि फुर्सदमा हुने तथा दिनमा घर बाहिरका काममा व्यस्त हुने गरेको पाईयो । साथै ६० वर्ष भन्दा माथीका महिला तथा पुरुषहरु घरको वरपरको काममा तथा हेरचाहमा समय दिने गरेको पाईयो । यो समग्र विश्लेषणबाट पारिश्रमिक बिनाको सेवामूलक (हेरचाहमूलक) कार्य र घर भित्रका गैर आर्थिक काममा महिलाहरुको संलग्नता हुने र पुरुषहरुको घर बाहिर र आर्थिक गतिविधीमा संलग्न हुने गरेको पाईयो । आयमूलक काममा महिला संलग्नता नहुँदा उनीहरुको आर्थिक पक्षमा पहुँच कमजोर देखिन्छ । आर्थिक पक्षमा पहुच नहुँदा महिलाहरु परिवारका पुरुष सदस्यहरु माथि निर्भर रहनु पर्ने बाध्यता रहेको छ । जसका कारण महिलाहरुले विभिन्न प्रकारका हिंसाहरु सामना गर्न परेको देखिन्छ । महिला र पुरुष बीचको अन्तरनिर्भरताका लागि लैगिंकता उत्तरदायी बजेटहरुको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । स्वास्थ्य कार्यक्रमको योजना तर्जुमा समिक्षा आदि कार्यक्रममा महिला सेवाग्राहीको सहभागिता प्राय शुन्य रहने गरेको छ । पुरुष प्रधान विचारबाट प्रभावित र लड्ैगिक विभेद भएको कारण महिलाको स्वास्थ्यलाई प्राथमिकता दिएको पाईंदैन । घरको आर्थिक पक्षमा महिलाको नियन्त्रण नहुँदा आर्थिक समस्याका कारण महिलाहरुका कार्यबोझ बढ्ने, स्वास्थ्य उपचार गराउन नसक्ने र आफुलाई जहिले पनि न्यून प्राथमिकतामा राख्ने गरेको पाईन्छ ।

### ४.२.९ लक्षित समुह छलफल

यस गाउँपालिकामा पनि अन्य ठाउँमा जस्तै खेतीपाती, जागिर, व्यापार जस्ता उत्पादनशील कार्यहरुमा पुरुषको सहभागीता धेरै पाइएको छ भने घाँस दाउरा, पानी पँधेरो, भान्सा, केटाकेटीको रेखदेख जस्ता पुर्नउत्पादनशील कार्यहरुमा महिलाहरुको सहभागिता धेरै पाइएको छ । त्यसैगरी सामाजिक तथा राजनैतिक क्रियाकलापहरुमा पनि महिलाहरुको संलग्नता पुरुषहरुको तुलनामा निकै कम छ । छोरीलाई गाउँको सरकारी विद्यालयमा र छोरालाई शहरमा वा नजिकैको निजी विद्यालयमा पढाउने जस्ता लैङ्गिक विभेद यस गाउँपालिकामा विद्यमान छन् साथसाथै समान कामको

लागि पनि पुरुषलाई भन्दा महिलालाई कम ज्याला प्रदान गर्ने प्रचलन यहाँ पनि विद्यमान छ । तरपनि सरकारी तथा अन्य निकायहरुबाट हाल अवलम्बन गरिएका सामाजिक समावेशी र महिला, दलीत तथा सिमान्तकृत वर्गहरु प्रतिको सकारात्मक विभेद सम्बन्धि नितिगत प्रावधानहरुका कारण पनि महिलाहरुको चेतना स्तर बढ्दै गएकोले हाल उत्पादनशील, सामाजिक तथा राजनैतिक क्रियाकलापहरुमा महिलाहरुको संलग्नता बढिरहेको छ साथै गाउँमा विद्यमान छुवाछुतको कुरीतिमा केही फरक भएको देखिन्छ ।

महिला बालबालिका सधैं पिडामा रहेका छन् । वैदेशिक रोजगारीका लागि गर्भावस्थाका श्रीमति छाडेर विदेशीएका पुरुषहरु गर्भाधानका समयका घरमा नहुदाँ असुरक्षीत महशुश गर्ने गरेको पाईयो । गर्भाधानका भैसकेपछिका संवेदनशील समयमा पनि काममा कसैले नसघाउने गरेको पाईयो । विगतमा घरमा पालेको गाई, भैंसीहरु कुनै न कुनै रुपमा धार्मिक हिसाबमा भाकल गर्ने गरेकाले महिनावारीका समयमा दुग्द्य, दुग्द्यजन्य पदार्थको प्रयोग नगर्ने गरेका महिलाहरुले प्रष्ट्याउनु भएको थियो । त्यस्तै विगतमा कुनै न कुनै रुपमा मनोकान्क्षा सिद्धि भएको खण्डमा धार्मिक हिसाबले सेविकाका रुपमा मन्दिरमा देउकी भाकल गर्ने गरेको पाईयो । यस्तो अवस्थामा देउकीमाथि सम्भावित यौनजन्य आक्रमणजस्ता अपराध कर्मको घटेको र जोखिम उच्च रहने गरेको कुराहरु पनि नजिरका रुपमा प्रस्तुत गरिएको थियो । यस्तो अवस्थामा थप यौन शोषणका जोखिम तथा नचाँहिदो गर्भ रहने जोखिम उच्च हुने गरेको उदाहरणहरु प्रस्तुत गरिएको थियो । यो अवस्थामा समुदायमा मनोविमर्श सहायता चाहिने प्रभावितहरुको पहिचान गरी उनीहरूको समूहहरूको माग पक्षीय जागृति उपयोगी क्रियाकलापहरु संचालन भएको थिएनन् ।

पहिला पहिला पानीको खपत पिउन, खाना बनाउन, भाँडा सफा गर्न, गाई बस्तुलाई दिन गरिन्थ्यो र नाउलोबाट पानीको आवश्यकता पुर्ति हुने गरेको थियो । खुल्ला शौच गर्ने चलन थियो । महिलाहरु पनि महिनावारीका समयमा छाउगोठमा बस्ने ७ -८ दिनमा सरसफाईका लागि गाड ( खोलामा) जाने गर्थे । व्यक्तिगत सरसफाईका लागि पानी बोक्ने कार्यबोझ कम थियो । तर हिजो आज खुल्ला दिशामुक्त क्षेत्र घोषणा, व्यक्तिगत सरसफाई सम्बन्धि चेतना बढेसँगै पानीको माग बढेको छ, महिनावारीका समयमा दिनकै नुहाउने चलन बढेको छ । शौचालयमा पानीको खपत बढेको छ; तर यो सँगै खडेरीको जोखिम बढेको छ, नाउलो सुक्ने कम बढेको छ । वैज्ञानिक खोज अनुसन्धान बिना नै गरिने भौतिक संरचना विशेष गरी सडकले गर्दा पानीको मुल सुक्ने कम बढेको छ; अत् एक घर एक धारा भन्दै गर्दा पानीका लागि महिलाहरुको कार्यबोझ बढेको छ व सामाजिक कलह दैनिक सुन्ने गरिएको छ । पशुपालन गरेका लागि पशुचौपायाका लागि पानी व्यवस्था गर्ने काम महिलाहरुले गर्ने गरेको र महिनावारी, गर्भावस्थनका समयमा गाह्रो हुने गरेको अनुभव साट्नु भयो ।

केही विपन्न दलित वस्तीमा चर्पी छैनन् र भए पानी यथेष्ट नभएको कारणले महिनावारीका समयमा सरसफाईमा समस्या देखिएको छ । लुगा सिलाउने मेसिनको वितरण केही दलित समुदायमा भएको भएपनि सबै विपन्न दलित घरधुरीले नपाएको अवस्था देखिन्छ । वनजंगलमा पछिल्ला दिनमा वृक्षारोपण मार्फत् रोपिएका सल्लाहरुको कोईला राम्रो नबस्ने र अन्य प्रजातिका रुखहरु लिन वस्तीबाट टाढा अरुको क्षेत्रमा जानुपर्ने हुँदा परम्परागत रुपमा कृषि औजार बनाउने

समुदायहरुको पेशा कोईला अभावमा संकटमा परेको छ । गैर दलित समुदायका मानिसहरुले पनि सिलाई कटाईलाई आधुनिक रुपमा व्यवसायका हिसाबमा काम गर्न थालेको र तयारी पोशाकसँग प्रतिस्पर्धा गर्नु र समयानुकुल क्षमता वृद्धि नहुनाले परम्परागत रुपमा लुगा सिलाएर जिविकोपार्जन गर्न हम्मेहम्मे पर्ने गरेको कुरा छलफलका कममा आएको थियो । लुगा सिलाउने मेसिन केहिका घरमा संचालनमा नरहेको र बनाउने मान्छे सजिलै नपाउनाले तालिमको व्यवस्था हुनुपर्ने कुरा लक्षित वर्ग छलफलका कममा आएको थियो । त्यस्तै प्लाष्टिकको भाँडाको बढ्दो लोकप्रियताले फलामको भाँडा बनाउने पेशा व्यवसाय र जिविकोपार्जन संकटमा परेको छ । अत् जिविकोपार्जनका स्रोतहरुको विविधिकरण तर्फ गाउँपालिकाले ध्यान दिनुपर्ने देखिन्छ । गाउँपालिकाले हालका अवस्थामा बेमौसमी तरकारी खेती, उन्नत जातका बोयर बाख्राको वितरण गरे लाभकर हुने कुरा लक्षित वर्ग छलफलका कममा आएको थियो ।

प्रजनन स्वास्थ्य समस्याहरु जस्तै आङ खस्ने, पाठेघरको समस्या, समयमा परिवार नियोजनका साधनहरुको उपलब्धता नभएर नचाँहिदो गर्भ रहने तथा गर्भ तुहिने आदि घटनाहरु पालिकाको विभिन्न वडाहरुमा हुने गरेको छ । त्येसैगरी विभिन्न अन्य विपद्हरु आउँदा हुने क्षतिले गर्भवती महिलामा आइपर्ने थप कार्यबोझले गर्दा प्रजनन स्वस्थ्यमा जटिलता आउन सक्ने सम्भावना बढ्दै जाने देखिन्छ । गाउँपालिकाका धेरैजस्तो ठाउँमा सुरक्षीत गर्भपतन गर्ने सुविधाको कानुनी प्रावधान, गोपनियता र स्वास्थ्य संस्थाहरुमा सुरक्षीत गर्भपतन सेवा हुन्छ भन्ने ज्ञान अझै पनि केही समुदायमा नभएकाले महिलाको प्रजनन स्वास्थ्य अधिकार कुण्ठित भएको देखिन्छ । विगत केहि वर्ष देखि प्रजनन स्वास्थ्य अधिकारका क्षेत्रमा उल्लेख्य सुधार भएको देखिन्छ यद्यपी अझै धेरै सेवा तथा पूर्वाधारको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

पालिकामा यौनिक तथा लैङ्गिक अल्पसङख्यकहरुको अस्तित्व छ भन्ने चेतना नै यहाँका समुदायमा छैन् । लैङ्गिक पहिचान भनी महिला र पुरुषलाई मात्र गर्ने गरेको देखिन्छ अत् यौनिक तथा लैङ्गिक अल्पसङख्यकहरुको अस्तित्व स्वीकार नगरेको पाईयो । तसर्थ घरपरिवार, समाजको धारणा परिवर्तन गरी जनचेतना बढाउँदै संविधानले सम्बोधन गरेको यौनिक तथा लैङ्गिक अल्पसङख्यकहरुको मुद्दालाई सामजिक स्तरमा समेट्नु पर्दछ । घरपरिवार, सार्वजनिक स्थल, कार्यालयका कर्मचारीहरुको संकिर्ण सोच, मानसिकता तथा प्रवृत्तिका कारण दुरव्यवहार सहनुपर्ने हुँदा यौनिक तथा लैङ्गिक अल्पसङख्यकहरु पहिचान लुकाएर बस्न बाध्य छन् । पहिचान लुकाएर बस्नुपर्ने बाध्यताका साथै क्षमता, सिप र योग्यता अनुसारका अवसरबाट पनि वञ्चित हुनु परेको छ । घरपरिवार, समाजको धारणा परिवर्तन गरी संविधानले सम्बोधन गरेको यौनिक तथा लैङ्गिक अल्पसङख्यकहरुको मुद्दालाई गाउँपालिकाले आफ्ना निति तथा कार्यकममा सम्बोधन गर्नुपर्छ र जलवायु परिवर्तन र यसका यौनिक तथा लैङ्गिक अल्पसङख्यकहरुमा पर्ने प्रभाव र जोखिमलाई पनि प्रष्ट पार्नुपर्ने आजको नित्तान्त आवश्यकता रहेको छ ।

### ४.२.१० प्रकोपको प्राथमिकिकरण

सहभागितामुलक तवरबाट गरिएको लेखाजोखाका, ऐतिहासिक घटनाक्रम तथा प्रकोप नंक्शाकनबाट पहिचान गरिएका आधारमा के.आई.सिंह गाउँपालिका अर्न्तगतका ७ वडामा रहेका विभिन्न

जलवायुजन्य प्रकोपहरु मध्ये सबैभन्दा बढी असर तथा प्रभाव पारेको प्रकोप कुन हो भनी स्तरीकरण गर्दै विश्लेषण गरिएको थियो ।

**तालिका २० प्रकोपको जोडागत स्तरीकरण**

| प्रकोप | बाढी | पहिरो | पशुरोग | कृषिरोग | असिना | हावाहुरी | हिमपात | खडेरी | जंगली जनावर आतंक | मिचाहा प्रजाती | आगलागी डढेलो | चटयाङ्ग |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **बाढी** | | पहिरो | पशुरोग | कृषिरोग | असिना | बाढी | बाढी | खडेरी | जंगली जनावर आतंक | मिचाहा प्रजाती | आगलागी डढेलो | बाढी |
| **पहिरो** | | | पहिरो | कृषिरोग | असिना | पहिरो | पहिरो | खडेरी | जंगली जनावर आतंक | मिचाहा प्रजाती | पहिरो | पहिरो |
| **पशु रोग** | | | | कृषिरोग | पशुरोग | पशुरोग | पशुरोग | खडेरी | जंगली जनावर आतंक | मिचाहा प्रजाती | पशुरोग | पशुरोग |
| **कृषि रोग** | | | | | कृषिरोग | कृषिरोग | कृषिरोग | खडेरी | जंगली जनावर आतंक | कृषिरोग | कृषिरोग | कृषिरोग |
| **असिना** | | | | | | असिना | असिना | खडेरी | जंगली जनावर आतंक | असिना | असिना | असिना |
| **हावाहुरी** | | | | | | | हावाहुरी | खडेरी | जंगली जनावर आतंक | मिचाहा प्रजाती | हावाहुरी | हावाहुरी |
| **हिमपात** | | | | | | | | खडेरी | जंगली जनावर आतंक | मिचाहा प्रजाती | आगलागी डढेलो | चटयाङ्ग |
| **खडेरी** | | | | | | | | | जंगली जनावर आतंक | खडेरी | खडेरी | खडेरी |
| **जंगली जनावर आतंक** | | | | | | | | | | जंगली जनावर आतंक | जंगली जनावर आतंक | जंगली जनावर आतंक |
| **मिचाहा प्रजाती** | | | | | | | | | | | मिचाहा प्रजाती | मिचाहा प्रजाती |
| **आगलागी डढेलो** | | | | | | | | | | | | आगलागी डढेलो |
| **चटयाङ्ग** | | | | | | | | | | | | |
| **जम्मा अङ्क** | ३ | ६ | ६ | ९ | ७ | ३ | ० | १० | ११ | ७ | २ | १ |
| **स्तर** | ६ | ५ | ५ | ३ | ४ | ६ | ९ | २ | १ | ४ | ७ | ८ |

सहभागितामूलक तवरबाट गरिएको लेखाजोखाका आधारमा के.आई.सिंह गाउँपालिकामा देखिएको विभिन्न प्रकारका जलवायुजन्य प्रकोपहरु मध्ये सबै भन्दा बढी असर पारेको प्रकोप र त्यसको असरको लेखाजोखा गरी जोखिम तथा प्रकोपको विश्लेषण गर्न यस विधीको प्रयोग गरिएको थियो । यस विश्लेषणले यस क्षेत्रमा जंगली जनावरको आतंक, खडेरी, कृषिमा लाग्ने रोगले सबैभन्दा बढी असर गर्ने देखिन्छ साथै असिना, मिचाहा प्रजाती, पशुमा लाग्ने रोग, पहिरो, हावाहुरी, बाढी, आगलागी/वनडढेलो, चट्याङ्ग, हिमपातले पनि क्रमश प्रभाव पारेको देखिन्छ । पातीझार/माओवादीझार (स्थानियका अनुसार) (*Parthenium hysterophorus* L.), कालो वनमारा (*Ageratina adenophora* L.), गन्दे (*Ageratum conyzoides* L.), निलो गन्दे (*Ageratum haustonianum* Mill.) जस्ता मिचाहा प्रजातीहरु क्रमश बढ्दो क्रममा रहेको कुरा सामुहिक छलफलले दर्शाएको छ । गन्दे *(Ageratum conyzoides L.)* को बढी जोखिम कृषि क्षेत्रमा, कालो वनमारा *(Ageratina adenophora L.)* को बढी जोखिम वन क्षेत्रमा, र पातीझार/माओवादीझार (स्थानियका अनुसार) (*Parthenium hysterophorus* L.) को बढी जोखिम चरण र खुल्ला क्षेत्रमा बढी भएको पाईन्छ ।

### ४.२.११ वडा जोखिम स्तरीकरण

यस विधि अर्न्तगत विभिन्न वडाहरु बिच प्रकोप तथा जोखिमको आधारमा तुलना गर्दै सबैभन्दा जोखिममा रहेको वडा निर्धारण गरिएको थियो । यस विधि अपनाउँदा जलवायु परिवर्तनका असरसँगको सम्मुखता, संवेदनशिलता र अनुकूलन क्षमताको आधारमा विभिन्न जोखिम र अनुकूलित हुने क्षमताको विश्लेषण गर्दै सहभागीहरु बीच छलफलको माध्यमबाट वडा स्तरीकरण गरिएको थियो ।

**तालिका २१ वडा जोखिमको जोडागत स्तरीकरण**

| वडा नं | वडा नं.१ | वडा नं.२ | वडा नं.३ | वडा नं. ४ | वडा नं.५ | वडा नं. ६ | वडा नं.७ |
|---|---|---|---|---|---|---|---|
| वडा नं.१ | | वडा नं.१ | वडा नं.१ | वडा नं.४ | वडा नं.१ | वडा नं. १ | वडा नं.७ |
| वडा नं.२ | | | वडा नं.३ | वडा नं.४ | वडा नं.५ | वडा नं. ६ | वडा नं.७ |
| वडा नं.३ | | | | वडा नं.४ | वडा नं.३ | वडा नं. ६ | वडा नं.७ |
| वडा नं.४ | | | | | वडा नं.४ | वडा नं. ६ | वडा नं.७ |
| वडा नं.५ | | | | | | वडा नं. ५ | वडा नं.७ |
| वडा नं.६ | | | | | | | वडा नं.७ |
| वडा नं.७ | | | | | | | |
| जम्मा | ४ | ० | २ | ४ | २ | ३ | ६ |
| स्तर | २ | ५ | ४ | २ | ४ | ३ | १ |

सम्मुखता, संवेदनशिलता र अनुकूलन क्षमताको आधारमा संकटासन्न वडाका संकटासन्न बस्तिहरुलाई तालिका २२ मा प्रस्तुत गरिएको छ ।

**तालिका २२ सम्मूखता, संवेदनशिलता र अनूकुलन क्षमताको आधारमा संकटासन्न वडाका संकटासन्न वस्तिहरु**

| संकटासन्न वडा | संकटासन्न वस्तिहरु |
|---|---|
| ७ | बगनटे, विष्टगाउँ, महतगाउँ, थली, सिमलटुका, थली, थलागाड, कोटीगाउँ |
| ४ | गोगनखोला, डाडल, बालावन, खन्कावडा, वगडबजार, भाडागाउँ, काफली, लेक्कोट |
| १ | ओभ्काखर्क, कुडासैनी, खडासैन, बोहरा, गणेशकाडा |
| ६ | भाटीगाउँ, दोभाड, पलेटी, फलेडी, भीताडी |
| ३ | दल्ल, रइखोला, चरिकोट, मटेना, देउकाडाा |
| ५ | जमलकट्टे, गढीगाउँ, बोतडीसैन, बुहार, केदारगाउँ |
| २ | खरतोला, अमगाउँ, मल्लो कापडा, तलकोट, लेकगडा |




**चित्र ११ के.आई.सिंह गाउपालिकाको संकटासन्नता नक्शा**

यसरी जलवायु परिवर्तनका असरसँगको सम्मुखता, संवेदनशिलता र अनुकूलन क्षमताको आधारमा विभिन्न जोखिम र अनुकूलित हुने क्षमताको विश्लेषण गर्दै गर्दा विगतमा भएको धनजनको क्षति र शहरी क्षेत्रसँगको दुरीको लेखाजोखा गर्दा क्रमश वडा नं. ७, १, ४, ६, ५, ३, २ बढी जोखिममा रहेका छन् । सेती नदीको कटान र वायल क्षेत्रको दुई खोला बिचको अवस्थिति लगायत यस क्षेत्रहरुमा भएको बढ्दो बसाइसराइ क्रम र शहरीकरणका साथै यहाँ बस्ने जनसङ्ख्याको संभावित जोखिमसँगको बढ्दो सम्मुखतालाई नकार्न नमिल्ने कुरामा बैठकका सहभागी सरोकारवालाहरुले जोड दिएका थिए ।

## ४.२.१२ प्रकोप तथा जोखिम विश्लेषण

समग्र गाउँपालिकाकमा रहेको प्रकोपको प्रभाव, प्रकोपको प्रभावित क्षेत्रहरु विश्लेषण गर्नुका साथै भविष्यमा प्रकोप हुन सक्ने जोखिम र प्रकोपले पार्न सक्ने जोखिमको विश्लेषण गरिएको थियो । यो विधि प्रयोग गर्दा प्रभावको स्तर, प्रकोप हुन सक्ने जोखिम र प्रभाव पार्न सक्ने जोखिमहरुको स्तर लाई १ देखी ४ अंक भार दिई विश्लेषण गरिएको थियो जसमा १ भन्नाले न्यून प्रभाव तथा प्रयास र ४ भन्नाले सबैभन्दा उच्च प्रभाव तथा प्रयास भन्ने बुझिन्छ । यसरी प्रभावको स्तर, प्रकोप हुन सक्ने जोखिम र प्रभाव पार्न सक्ने जोखिमहरुको अंक भारलाई गुणाकं गरी प्रकोपको जोखिमको स्तर तय गरिएको थियो ।

**तालिका २३ गाउँपालिकाको प्रकोपको अवस्था तथा अनुकूलनका प्रयासहरुको विश्लेषण**

| प्रकोप | असर तथा प्रभावहरु | असरको गम्भिरता | प्रकोप हुन सक्ने सम्भावना | असरको सम्भावना | स्कोर |
|---|---|---|---|---|---|
| खडेरी | पानीका मुहानहरुमा पानीको कमी हुने | ४ | ४ | ४ | ६४ |
| | खडेरीका कारण समयमा बालीनाली नलाग्दा उत्पादनमा ह्रास आएको | ४ | ४ | ४ | ६४ |
| | पिउने पानी, सिँचाईको अभाव भएको | ४ | ४ | ४ | ६४ |
| | फलफुल बाली र तरकारी बालीहरुको उत्पादनमा कमी भएको | ४ | ४ | ४ | ६४ |

| प्रकोप | असर तथा प्रभावहरु | असरको गम्भिरता | प्रकोप हुन सक्ने सम्भावना | असरको सम्भावना | स्कोर |
|---|---|---|---|---|---|
| | घाँस, डाले घाँसहरुको उत्पादन घट्दै जाँदा पशु आहारामा कमी भएको | ४ | ३ | ३ | ४८ |
| | रैथाने वन पैदावरहरुमा ह्रास हुनुका साथै वन्यजन्तुहरु बसाई सराई गर्नुका साथै लोप हुने अवस्थामा रहेको | ४ | ३ | ३ | ४८ |
| | आगलागी र मिचाहा प्रजातिको वृद्धि हुँदै गएको | ४ | ३ | ३ | ४८ |
| | पिउने पानी खोज्ने, मिचाहा प्रजातिका व्यवस्थापन जस्ता कार्यबोझ बढ्ने | ४ | ४ | ४ | ६४ |
| | सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य स्याहार ध्यान नपुग्ने | ४ | ३ | ३ | ४८ |
| | खाद्यको उपलब्धता कम हुनु | ४ | ४ | ३ | ४८ |
| | कुपोषणको शिकार हुनु | ४ | ४ | ३ | ४८ |
| | विभिन्न पेशाका पेशाकर्मीहरुको मनोबल गिर्नु | ४ | ४ | ३ | ४८ |
| | संवेदनशील अवस्था बाल्यकाल, गर्भावस्था तथा वृद्ध उमेरमा पोषण कमी हुनु | ४ | ४ | ४ | ६४ |
| | पशुपंछीका दाना असहज हुनु | ४ | ४ | ३ | ४८ |
| कृषि रोग | अन्न वालीहरुमा ढुसी, डढुवा, पहेँलो हुने, जरा कुहिने, सिन्दुरे, पोके, फल कम लाग्ने रोगहरुले अन्न बाली उत्पादनमा ह्रास आएको | ४ | ४ | ४ | ६४ |
| | रैथाने अन्न बाली, तरकारी बाली, मसला बालीहरुमा रोग किराको कारण उत्पादन कमी हुनुका साथै केही प्रजातिहरुको बीउ बिजन हराएको | ४ | ४ | ४ | ६४ |
| | सवै खालका कृषि बालीहरुमा जरा, पात, बिरुवा, गुदी, टुप्पा खाने किराहरु (बँशेलु, चुर्ना, फटयाङग्रा, कमिला)हरु वृद्धि भई कृषि उत्पादनमा क्षति भएको | ४ | ३ | ३ | ३६ |
| | फौजी किराको जोखिम | ४ | ३ | ३ | ३६ |
| | खाद्यको उपलब्धता कम हुनु | ४ | ४ | ३ | ४८ |
| | कुपोषणको शिकार हुनु | ४ | ४ | ३ | ४८ |
| | विभिन्न पेशाका पेशाकर्मीहरुको मनोबल गिर्नु | ४ | ४ | ३ | ४८ |
| | किट व्यवस्थापनका कार्यबोझ बढ्ने | ४ | ४ | ४ | ६४ |
| | किट व्यवस्थापनका कममा प्रयोग हुने किटनाशकले गर्भवती महिला र गर्भमा नकारात्मक असर | ४ | ४ | ४ | ६४ |
| | संवेदनशील अवस्था बाल्यकाल, गर्भावस्था तथा वृद्ध उमेरमा पोषण कमी हुनु | ४ | ४ | ४ | ६४ |
| | पशुपंछीका दाना असहज हुनु | ४ | ४ | ३ | ४८ |
| पशु रोग | गाई, गोरु, बाख्रामा खोरेत, मुखेत, पखाला, रगत पिसाव गर्ने, पातलो दिसा गर्ने, रोगले मर्ने | ४ | ३ | ३ | ३६ |
| | कुखुराहरुमा कुभिने, बाउँडिने, र्‍याल छाड्ने, पाखाला लाग्ने लक्षणका रोगले धेरै कुखुराहरु मर्ने गरेको | ४ | ३ | ३ | ३६ |
| | दुग्धजन्य मासुजन्य खाद्य पदार्थ को उपलब्धता कम हुनु | ४ | ४ | ३ | ४८ |
| | कुपोषणको शिकार हुनु | ४ | ४ | ३ | ४८ |
| | विभिन्न पेशाका पेशाकर्मीहरुको मनोबल गिर्नु | ४ | ४ | ३ | ४८ |

| प्रकोप | असर तथा प्रभावहरु | असरको गम्भिरता | प्रकोप हुन सक्ने सम्भावना | असरको सम्भावना | स्कोर |
|---|---|---|---|---|---|
| | संवेदनशील अवस्था बाल्यकाल, गर्भावस्था तथा वृद्ध उमेरमा दुग्धजन्य मासुजन्य खाद्य पदार्थ पोषण कमी हुनु | ४ | ४ | ४ | ६४ |
| जंगलीजनावरको आतंक | मान्छे मरेका तथा घाईते भएको | ४ | ४ | ४ | ६४ |
| | पशुचौपाया मरेका तथा घाईते भएको | ४ | ४ | ४ | ६४ |
| | कृषि बाली नोक्सानी हुने | ४ | ४ | ४ | ६४ |
| | धपाउने, रातीमा चौकिदारी गर्ने, घेराबार गर्ने जस्ता गैर उत्पादक कार्यबोझ बढ्नाले किशोरकिशोरी, गर्भवती महिला तथा स्तनपान गराईरहेका आमाहरू, साना बालबालिकाहरु समेत संकटाविमुख | ४ | ४ | ४ | ६४ |
| | मनव वन्यजन्तु द्वन्द्व वढदै गएको | ४ | ४ | ४ | ६४ |
| हिमपात | संवेदनशील अवस्था बाल्यकाल, गर्भावस्था तथा बृद्ध उमेरमा चिसोको जोखिममा | ४ | ४ | ४ | ६४ |
| | कृषि बाली नोक्सानी हुने | ४ | ४ | ४ | ६४ |
| | वन जंगलमा रुख भाँचिएर नष्ट | ४ | ४ | ४ | ६४ |
| पहिरो | कृषियोग्य जमीन पुरेको | ४ | ४ | ३ | ४८ |
| | सिंचाई कुलोमा क्षती | ४ | ३ | ३ | ४८ |
| | खानेपानी मुहान र पाईप क्षती | ४ | ३ | ३ | ४८ |
| | वन क्षेत्रमा रहेका वनस्पति र प्रजातिहरुमा क्षति भएको | ३ | २ | २ | २४ |
| | गाई, गोरु, भैंसी, कृषियोग्य जमीन, अन्न बाली बगाएको | ३ | २ | २ | २४ |
| हावाहुरी | प्रत्येक वर्ष १०/१२ घरहरु, गोठहरुमा क्षति गर्ने गरेको | ४ | ४ | ४ | ६४ |
| | विद्यालयहरुको छाना उडाउने गरेको | ४ | ३ | ३ | ४८ |
| | कृषि बाली, फलफुल, अन्न बाली, वन प्रजातिको फुल, फलहरु नाश गर्ने र रुखका हाँगाहरुमा क्षति भएको | ४ | ३ | ३ | ४८ |
| | पशुचौपाया मरेको तथा घाईते भएको | ४ | ४ | ४ | ६४ |
| आगलागी/ वन डढेलो | सामुदायीक वनमा डेढेलो लागेको | ४ | ३ | ३ | ४८ |
| | तत्कालका लागि घाँस खोज्ने कार्यबोझ बढ्ने | ४ | ३ | ३ | ४८ |
| | वन क्षेत्रमा रहेका वनस्पति र प्रजातिहरुमा क्षति भएको | ४ | ३ | ३ | ४८ |
| मिचाहा प्रजाति | रैथाने घाँस प्रजातिहरु लोप हुँदै गएको | ४ | ३ | २ | २४ |
| | पाखो वारी तथा खेतहरुमा अनावश्यक झारहरुले गर्दा कृषि उत्पादनमा कमी | ४ | ३ | ३ | ३६ |
| | वोटविरुवाको वृद्धि विकासमा असर | ३ | ३ | २ | १८ |
| | चरण क्षेत्रको अभाव भएको | ३ | ३ | ३ | २७ |
| | वन्यजन्तु आहारामा कमी | ४ | ४ | ४ | ६४ |
| | मानव वन्यजन्तु द्वन्द्व बढ्ने संभावना | ४ | ४ | ४ | ६४ |
| असिना | अन्न बाली क्षति भएको र काट्नै नपाएको | ४ | ३ | ३ | ४८ |
| | तरकारी बाली, फलफुल बाली, वनस्पति र वन्यजन्तुहरुमा क्षति भएको | ४ | ३ | ३ | ४८ |

| प्रकोप | असर तथा प्रभावहरु | असरको गम्भिरता | प्रकोप हुन सक्ने सम्भावना | असरको सम्भावना | स्कोर |
|---|---|---|---|---|---|
| बाढी | घरहरु पुरीएको | ४ | ४ | ४ | ६४ |
| | जमीन कटान भई खोला वरिपरिका सिंचाई कूलो, लगायतका भौतिक पुर्वाधारहरुमा क्षति भएका | ४ | ४ | ४ | ६४ |
| | सिंचाई कुलोमा क्षती | ४ | ४ | ४ | ६४ |
| | सिंचाई कुलो बनाउने कार्य बोझ बढ्ने | ४ | ३ | ३ | ४८ |
| | खानेपानी मुहान र पाईप क्षती | ४ | ३ | ३ | ४८ |
| | खानेपानी खोज्ने कार्यकबोझहरु बढ्ने | ४ | ३ | ३ | ४८ |
| | सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य स्याहार ध्यान नपुग्ने | ४ | ३ | ३ | ४८ |
| चट्याङ्ग | सोलार प्यानल बिग्रनु र विद्युत आपुर्ति बन्द हुनु | ४ | ३ | ३ | ३६ |
| | रेडियो, टि.मि, मोबाईल, नष्ट हुनु र सम्पुर्ण विद्युतीय सामान बिग्रनु | ४ | ३ | ३ | ३६ |

### ४.२.१३ जीविकोपार्जनका स्रोतहरु माथिको प्रभाव विश्लेषण

प्रत्येक जीविकोपार्जनका स्रोतहरु प्रत्येक प्रकोपले पारेको प्रभावसँग तुलना गरी क्षति पुऱ्याउँदैन, थोरै क्षति, केहि क्षति र धेरै क्षतिको आधारमा ०, १, २ र ३ अंक क्रमशः प्रदान गरी सोही बमोजिम विश्लेषण गर्नुका साथै भविष्यमा ती पुँजीको अवस्था कस्तो हुनेछ भनी तालिका १५ मा व्याख्या गरिएको छ ।

**तालिका २४ जीविकोपार्जनका स्रोतहरुमा प्रभाव विश्लेषण**

| विवरण | पहिरो | चट्याङ्ग | बाढी | आगलागी / डढेलो | खडेरी | हावाहुरी | असिना | मिचाहा प्रजाति | कृषि रोग | पशु रोग | जंगली जनावरको आतंक | हिमपात | कुल अङ्क | भविष्यको अवस्था (परिदृश्य) र गुणस्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मुख्य पक्की तथा आरसिसि पुल, कल्भर्ट तथा झोलुगें पुलहरु | ३ | ० | ३ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ८ | पानीको बहुउपयोगले खोलामा पानीको उपलब्धता कम हुने, बढ्दो शहरीकरण सँगै प्रदुषणको जोखिम, मुख्य पक्की तथा आरसिसि पुल, कल्भर्ट तथा झोलुगें पुलहरुको आवश्यकतानुसार वृद्धि हुनेछ |
| विद्यालय | ३ | २ | ३ | १ | २ | ३ | १ | ० | ० | ० | २ | ३ | २० | पक्की संरचनाहरु बन्ने छन्, हावाहुरीको जोखिम घट्ने छ |
| विद्यमान सडक सञ्जाल | ३ | १ | ३ | ० | ० | ० | ३ | ० | ० | ० | ० | १ | ११ | प्राविधिक अध्ययनानुसार सडकहरु बन्ने छन्, स्तरोन्नती हुनेछ |
| विद्यमान गोरेटो | ३ | १ | ३ | ० | ० | ० | ३ | ० | ० | ० | ० | १ | ११ | प्राविधिक अध्ययनानुसार सडकहरु बन्ने छन्, स्तरोन्नती हुनेछ |
| पक्की सडक | ३ | १ | ३ | ० | ० | ० | ३ | ० | ० | ० | ० | १ | ११ | प्राविधिक अध्ययनानुसार सडकहरु बन्ने छन्, स्तरोन्नती हुनेछ |
| स्वास्थ्य संस्था | ३ | २ | ३ | १ | १ | ३ | ३ | ० | ० | ० | ० | १ | १७ | अस्पतालको संचालन हुनेछ, महत्वपुर्ण शल्यक्रिया लगायतका स्वास्थ्य सेवा गाउँ मै पाईनेछ |

| विवरण | पहिरो | चट्याङ्ग | बाढी | आगलागी/ डढेलो | खडेरी | हावाहुरी | असिना | मिचाहा प्रजाति | कृषि रोग | पशु रोग | जंगली जनावरको आतंक | हिमपात | कुल अङ्क | भविष्यको अवस्था (परिदृश्य) र गुणस्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला स्वास्थ्य स्वयमसेविका | २ | १ | २ | २ | १ | ० | ० | ० | १ | १ | ३ | २ | १५ | महिला स्वास्थ्य स्वयमसेविकाको सीप विकास हुँदै जानेछ |
| शिक्षक/शिक्षिका | १ | १ | १ | ० | १ | १ | ० | ० | १ | ० | २ | २ | १० | सीप तथा व्यक्तित्व विकास हुनेछ |
| तालिम प्राप्त शिक्षक/शिक्षिका | १ | १ | १ | ० | १ | १ | ० | ० | १ | ० | २ | २ | १० | सीप तथा व्यक्तित्व विकास हुनेछ |
| तालिम प्राप्त सिकर्मी | १ | १ | १ | ० | १ | १ | ० | ० | १ | ० | २ | २ | १० | तालिम प्राप्त सिकर्मीको वृद्धि हुनेछ |
| तालिम प्राप्त डकर्मी | १ | १ | १ | ० | १ | १ | ० | ० | १ | ० | २ | २ | १० | तालिम प्राप्त डकर्मीको वृद्धि हुनेछ |
| सामाजिक संघ, संस्था, समुह | ३ | २ | ३ | १ | १ | ३ | ३ | ० | ० | ० | ० | १ | १७ | सामाजिक संघ, संस्था, समुहहरु थप उत्थानशिल भएका हुनेछन् |
| व्यापार व्यवसाय | १ | १ | १ | २ | १ | १ | ० | ० | १ | ० | ० | २ | १० | व्यापार व्यवसायहरुमा वृद्धि हुनेछ |
| बैंक | १ | १ | १ | २ | १ | १ | ० | ० | १ | ० | ० | २ | १० | आधुनिक बैंकिगं पहुँच वृद्धि हुनेछ |
| सहकारी/वित्तिय संस्था (११) | १ | १ | १ | २ | १ | १ | ० | ० | १ | ० | ० | २ | १० | सहकारी/वित्तिय संस्थाहरुको संख्या वृद्धि हुनेछ, आधुनिक वित्तिय कारोबारमा सबैको पहुँच पुग्नेछ |
| कृषि क्षेत्र तथा झाँडी बुट्यान | ३ | ० | ३ | १ | ३ | १ | ३ | ३ | ३ | १ | १ | ३ | २५ | शहरीकरण सँगै जमिनहरु घडेरीमा परिणत र प्रदुषित हुनेछ |
| नदिनाला/पानीका स्रोतहरु | ३ | ० | ३ | ० | ३ | ० | २ | २ | १ | १ | २ | १ | १८ | पानीको बहुउपयोगले खोलामा पानीको उपलब्द्धता कम हुने, बढ्दो शहरीकरण सँगै प्रदुषणको जोखिम |
| सामुदायिक वन | २ | १ | २ | ३ | ३ | १ | १ | ३ | १ | १ | ० | ० | १८ | जैविक विविधताको दृष्टिकोणवाट अत्यन्तै संवेदनशिल स्थान (Biodiversity Hotspot), वर्तमान पर्यटन गन्तव्य स्थानहरु संगको |

| विवरण | पहिरो | चट्याङ्ग | बाढी | आगलागी/ डढेलो | खडेरी | हावाहुरी | असिना | मिचाहा प्रजाति | कृषि रोग | पशु रोग | जंगली जनावरको आतंक | हिमपात | कुल अङ्क | भविष्यको अवस्था (परिदृश्य) र गुणस्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | आवद्धता सहित पर्यटन संभाव्यताको आधारमा समुदायमा आधारित संरक्षणको उपयुक्त कार्यक्रमहरु र निश्चित क्षेत्र निर्धारण भएको हुनेछ, खोज अनुसन्धान बढ्ने छ भने जैविक विविधता तथा वन्यजन्तुको बासस्थानको खण्डीकरण हुने, दुर्लभ वन्यजन्तुहरु लोप हुने संभावना पनि उत्तिकै हुन्छ |
| वन्यजन्तु | २ | १ | २ | ३ | ३ | १ | २ | ३ | १ | २ | ० | १ | २१ | |
| जडीबुटी/ गैह्र काष्ठ वनजन्य उत्पादनहरु | १ | ० | १ | ३ | ३ | १ | २ | ३ | १ | १ | ० | ० | १६ | गैह्र काष्ठ वनजन्य उत्पादनहरु, जडिबुटीहरु पहिचान, उपयोगीता र बजारिकरणमा जोड दिनुपर्ने देखिन्छ । |

के.आई.सिंह गाउँपालिकाको जीविकोपार्जनका स्रोतहरुमा प्रभाव विश्लेषण गर्दा जलवायुजन्य जोखिमसँग सामना गर्न सक्ने साधन स्रोत तथा क्षमता प्रयाप्त मात्रामा भएको पाँइदैन । के.आई.सिंह गाउँपालिकामा जलवायुजन्य जोखिमको सामना गर्नको लागि दक्ष मानव शक्तिको कमी भएको देखिन्छ । के.आई.सिंह गाउँपालिका खडेरी, पहिरो/भुक्षय, बाढीको जोखिमका हिसाबले बढि संकटासन्न देखिन्छ । उल्लेखित प्रकोपहरुले गाउँपालिका भित्रका भौतिक स्रोतहरु जस्तै विद्यालय, बाटो, सिंचाई, खानेपानी, प्राकृतिक स्रोतमा खेतीयोग्य जमिनहरु, खोलानाला र वन तथा जैविक विविधता बढी संवेदनशील रहेको पाईयो । जलवायुजन्य जोखिम र प्रभाव बढ्दो रहने हुदाँ मानवीय स्रोतमा महिला स्वास्थ्य स्वयम्सेवी बढी संकटासन्न रहेको पाईन्छ । आर्थिक स्रोतमा

खेती तथा पशुपालन र यसमा आधारित व्यापार व्यवसायमा बढी जोखिम रहेका पाईयो । सबै स्रोतहरुमा खडेरी, पहिरो/भुक्षय, बाढीको प्रभाव परेको पाईयो । यसका साथसाथै खेतीयोग्य जमिनहरु, खोलानाला र वन तथा जैविक विविधतामा मिचाहा प्रजाति र वनमा डढेलोको प्रभाव परेको पनि पाईयो ।

## ४.२.१४ विषयगत क्षेत्रमा पारेको प्रभाव

परीमार्जीत स्थानीय अनुकूलन कार्ययोजनाको खाका २०७६ ले दस वटा विषयगत क्षेत्र र यस विधिबाट के.आई.सिंह गाउँपालिकामा विगत ३० वर्षमा जलवायुमा देखिएको परिवर्तनले विभिन्न क्षेत्रगत प्रभाव तथा हालको अवस्था र भविष्यको अनुमान प्रस्तुत गरिएको छ । पहिलेको अवस्थाबाट वर्तमान अवस्थामा भएको परिवर्तन र भविष्यमा पार्न सक्ने नकारात्मक असरको चित्रण गरिएको छ । जसले जलवायु परिवर्तनको असरबाट अनुकूलन हुन गर्नुपर्ने कामहरूको प्राथमिकीकरण र लेखाजोखा गर्न मद्दत भएको छ ।

**तालिका २५ विषयगत क्षेत्रमा पारेको प्रभाव**

| ३० वर्ष अगाडीको अवस्था | हाल सम्म महसुस गरेको प्रभाव | भविष्यको अनुमान | महिला तथा बालबालिकामा पर्न सक्ने प्रभाव |
|---|---|---|---|
| **कृषि तथा खाद्य सुरक्षा** | | | |
| यो अन्तरालमा यस क्षेत्रमा द्वन्द्वको प्रभाव बढी रहेकाले श्रमजिवि युवाहरु युद्धमा होमिएको र केहीले घर छाडेकाले खेतबारीमा अन्न कम लगाउने गरेको र उत्पादनमा कमी भएको थियो । खोरिया खेतीको प्रचलन थियो । मलको प्रयोग कम हुन्थ्यो । वर्षाको पानीमा भर पर्नुपर्ने हुन्थ्यो । सिंचाईको सुविधा थिएन । स्थानिय उत्पादनहरुमा मात्र पहुँच थियो । कागुनो, फापर, सालिधान, नौसल्ले जस्ता स्थानिय प्रजातिका अन्न बालीहरु लगाईन्थ्यो । प्रत्येक घरधुरीमा ८-१० वटा गाई भैंसी हुन्थ्यो । पशुपालनका क्रममा रोगहरुका प्रकोप धेरै हुन्थ्यो । | खाद्यन्न बालीसँगै नगदे बालीको प्रवर्द्धन गर्ने प्रयास भएको छ । कृषि, जैविक विविधीकरण व्यवस्थापन तथा जमिन व्यवस्थापनको तालिम भएको छ । रासायनिक मलको प्रयोग कम हुने गरेको छ, केही स्थानहरुमा सिंचाई सुविधा पुगेको छ । कृषि समूह र कृषि सहकारीका सदस्यहरुको क्षमता विकास, सशक्तिकरण भएको छ । पक्की गोठहरु निर्माण भएका छन् गोठसुधारका कार्यक्रमहरु संचालनमा छन् । पशु तथा खाद्यान्न बिमाको अवधारणा सुरु भएको छ । खाद्य सुरक्षामा पोषणको कुरा बुझेका छन् । यद्यपी शहरीकरण सँगै दूषित खाद्य पदार्थको उपभोग बढेको छ । कागुनो, फापर, सालिधान, नौसल्ले जस्ता स्थानिय प्रजातिका अन्न बालीहरु लोप भएका छन् । | भू-क्षमता अनुसारको भू-उपयोग सम्बन्धि प्राविधिक तालिम पाएका हुनेछन् । खडेरी थेग्ने बाली वितरण भएको हुनेछ । खाद्य सामाग्री भण्डारण तरकारी तथा फलफुल संकलन केन्द्र, सामुदायिक चल्ला उत्पादन केन्द्रको स्थापना हुनेछ । पशु तथा खाद्यान्न बिमा सबैले गरेका हुनेछन् । गाउँपालिकाले खाद्य बजार तथा उद्योग निरीक्षण अनुगमन कार्यमा पनि जोखिममा आधारित निरीक्षण (Risk Based Inspection) प्रणाली अवलम्बन गरेको हुनेछ । | चाउचाउ, फ्रुटी, चिसो पियपदार्थको प्रयोगले महिला तथा बालबालिकामा नकारात्मक प्रभाव पर्न सक्छ । दूषित खाद्य पदार्थको उपभोगबाट उत्पन्न हुने रोगहरूको फैलावट बढ्नेछ । सुनौला हजार दिनका आमाहरु सुरक्षीत पोषण नपाएर कमजोर हुने, गर्भमै बच्चा मर्ने, रक्तअल्पता हुने जस्ता समस्याबाट ग्रसित हुनेछन् । बच्चाहरु कुपोषित हुन सक्नेछन् । |

| | | | |
|---|---|---|---|
| **वन, जैविक विविधता तथा जलाधार संरक्षण** | | | |
| खुल्ला चोरीशिकारी हुने गरेको थियो । थुप्रै वन्यजन्तु जस्तै ओतहरु देखिने गरेको थियो । पहिला पनि गरागरा बनाएर खेती गर्ने चलन रहेको थियो । विभिन्न प्रकारका जडीबुटीहरु प्रचुर मात्रामा पाईन्थ्यो । स्थानियहरु गैरकाष्ठ पैदावार तथा जडिबुटी बिकि गर्न धनगढी सम्म जाने गरेका थिए । | गैरकानुनी रुपमा गरिने चोरीशिकारीका कारण शिकारी र शिकार प्रजातीहरुको आहारा प्रजातीहरुमा सन्तुलन गुम्दा पारिस्थितिकिय प्रणालीहरुमा फरक पर्ने र मानव वन्यजन्तु द्वन्द्वको जोखिम उच्च रहेको छ । मिचाहा प्रजातिहरुले शिकार प्रजातीको आहारा प्रजातीहरुमा कमी आउने र त्यसले ती प्रजातीहरु आहाराका लागि मानव खेती मा आउने र मानव वन्यजन्तु द्वन्द्वको जोखिम उच्च रहेको छ । वन, जैविक विविधता तथा जलाधार सम्बन्धी अध्ययन भएको छैन् । स्थानियहरु गैरकाष्ठ पैदावार तथा जडिबुटी खरिद गर्न बिचौलियाहरु गाउँगाउँमा आउने गरेका छन् । राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको विकास भएको छैन् । वन व्यवस्थापन तालिम तथा सोको लागि आवश्यक सामाग्रीहरु सा.व.उ.स.लाई वितरण गरिएको छ । माथिल्लो तथा तल्लो तटिय क्षेत्रहरुको अन्तर सम्बन्ध र सहकार्य सहितको जलाधार व्यवस्थापनको ज्ञानको कमी छ । | वन्यजन्तुमा आधारित पर्यापर्यटनको विकास भएको हुनेछ । राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको प्रवर्धन भएको हुनेछ । मिचाहा प्रजाति लगायतका अन्य प्रजातिको प्रयोग गरेर बायो ब्रिकेट तथा बायोचार निर्माण गरिने छ । माथिल्लो तथा तल्लो तटिय क्षेत्रहरुको अन्तर सम्बन्ध र सहकार्य सहितको जलाधार व्यवस्थापन सम्बन्धि प्राविधिक तालिम पाएका हुनेछन् । | रोजगारीका सिलसिलाका पुरुषहरु घरमा नहुँदा दाउरा संकलनमा गर्न जाने महिलाहरु वन्यजन्तुसँगको द्वन्द्वको जोखिम रहेको हुन्छ । |
| **जल तथा उर्जा** | | | |
| दियालो बाल्ने गरेको, खाना पकाउन सबै परिवारहरुले दाउरा गर्ने गरेको, वैकल्पिक उर्जा सम्बन्धि ज्ञान नभएको, जलको उपयोग सामान्य पिउने, पशुचौपायालाई दिने, सिंचाईका साथै घट्ट संचालन प्रयोजनका लागि हुने गरेको थियो । मुहान ठाउँठाउँमा फुट्ने गर्दथियो । ती मुहानबाट घण्टौं पानी बोकेर धाउनुपर्ने अवस्था थियो । | बिजुली बत्तीको सुविधा भएता पनि गाउँपालिकाका केही परिवारले सोलारको प्रयोग गरिराखेका छन् । खाना पकाउन अधिकाशं परिवार दाउरा र बजार क्षेत्रमा केही परिवारहरु एल. पि. जि ग्यास प्रयोग गर्दैछन् । जलको बहुउपयोग हुने गरेको छ र माग पनि बढ्दो छ । अव्यवस्थित सडकले पानीका मुहान सुकेका छन् । खानेपानी आयोजनाहरुले टोलटोल पाईप मार्फत् पानी वितरण गरेकाले अहिले घण्टौं पानी बोकेर धाउनुपर्ने अवस्था छैन् । खडेरी, अव्यवस्थित पुर्वाधार विकासले पानीका नाउलो सुक्ने क्रम तिब्र छ अत् पानी बोकेर धाउनुपर्ने अवस्था केही टोलहरुमा अझै पनि देखिन्छ । | गाउँपालिकामा पुर्ण रुप विद्युतीकरण हुनेछ । वैकल्पिक उर्जा सम्बन्धि तालिम संचालन भई प्रयोगमा आएको हुनेछ । एल. पि. जि ग्यास र विद्युतीय उपकरणको प्रयोग अधिक हुनेछ । जलको बहुउपयोग हुने र उद्योग कलकारखानाका लागि माग पनि बढ्दो हुनेछ र प्रति व्यक्ति जलको माग बढ्ने छ । | खाना पकाउन अधिकाशं परिवारले दाउराको प्रयोग गर्ने हुँदा र स्वस्च्छ उर्जाको प्रयोग नहुँदा महिला, दुधे बालबालिका र वृद्धवृद्धाहरुमा श्वास प्रश्वासको जोखिम अधिक रहेको छ । खाना पकाउने दाउराको प्रयोग र रोजगारीका सिलसिलाका पुरुषहरु घरमा नहुँदा दाउरा संकलनमा गर्न जाने |

| | | | |
|---|---|---|---|
| | | | महिलाहरु वन्यजन्तुसँगको द्वन्द्वको जोखिम रहेको हुन्छ । |
| **स्वास्थ्य, खानेपानी तथा सरसफाई** | | | |
| रुडीवादी अन्धविश्वासमा आधारित उपचार पद्धति थियो । धामी झाँक्रीले स्थानीय जडिबुटी प्रयोग गर्दथे । हैजा, दादुराजन्य रोगहरुबाट धेरैको ज्यान जाने गर्दथियो । कपडा धुने, नुवाउने चलन न्युन थियो । रिठ्ठाले कपडा धुने, नुवाउने चलन थियो । आपतकालीन स्वास्थ्य सेवा संचालनका लागि संचार, सवारी केही थिएन । चर्पी थिएन । पानी येथेष्ट थिएन । खुल्ला शौच गर्ने अवस्था थियो । साबुन पानीले हात धुने चलन थिएन । घर र पशुका गोठ खोर नजिकै हुन्थे । असुरक्षीत महिनावारी र असुरक्षीत गर्भधान हुने अवस्था थियो । धार्मिक अवसरमा बावियो, पातिको कुच्चोको प्रयोग हुन्थियो । महिनावारीका समयमा महिलाहरुको सरसफाई स्तर एकदमै न्युन थियो । छाउपडी प्रथा थियो । छाउगोठमा बस्ने चलन थियो । संक्रमण, सर्पदंसका जोखिम उच्च थियो । सात आठ दिनमा गाड (खोला) मा गएर नुहाउने चलन थियो । | प्राथमिक उपचार सम्बन्धी तालिम, सरसफाई कार्यक्रम, बजारमा नकुहिने फोहरमैलाको उचित व्यवस्थाको लागि डस्टविनको व्यवस्था देखिन थालेको छ । खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएको छ र चर्पीको प्रयोग हुन्छ । स्वास्थ्य शिविर सञ्चालनमा छ । एम्बुलेन्सको व्यवस्था छ । प्राथमिक स्वास्थ्य केन्द्र एमबिबिएस डाक्टरसहित र पाँच स्वास्थ्य चौकीमा पाँच प्रसुती गृह छन् । गर्भवति महिलालाई स्वास्थ्य चौकी पुऱ्याउन स्टेचरको व्यवस्था छ । आवश्यक औषधिहरुको पर्याप्त मात्रामा व्यवस्था छ । घरायसी तहमा पानी शुद्धिकरण गर्ने विधिको तालिम तथा सामग्री वितरण भएको छ । विद्यालयमा किशोरी मैत्री शौचालय बन्ने क्रम सुरु भएको छ । सुरक्षीत महिनावारी प्याडको प्रयोग बढ्दो छ । महिनावारीका समयमा महिलाहरुको सरसफाई स्तर सुधारोन्मुख छ । छाउपडी प्रथालाई कानुनले वजित गरेको छ । छाउगोठमा बस्ने चलन छैन् यद्यपी घर मै कुनै छुट्टै कोठामा बस्ने चलन छ । महिलाहरुमा सरसफाइको चेतनाको स्तर वृद्धि भएकाले औसत प्रति व्यक्ति पानीको माग बढेको छ । महिनावारीका समयमा दैनिक नुहाउने चलन बढेको छ । तर खडेरीका कारण नाउलो सुक्ने, धारामा पानी नआउनाले पानीलाई लिएर प्रत्येक दिन महिलाहरु कार्यबोझ बढेको छ । महिलाहरुबिच पानीलाई लिएर झैझगडा हुने गरेको पाईयो । महिनावारी प्याड भएता पनि किशोरीमैत्री शौचालय, प्याड व्यव्स्थापनका लागि उचित प्रवन्ध, पानीको येथेष्ठ उपलब्धता नहुँदा किशोरीहरु विद्यालय नजाने गरेको पनि पाईन्छ । सेवा प्रदायक संस्थाहरुका लागि १० हप्ताको गर्भको सुरक्षीत | महामारीका लागि क्वारिनटिन तथा होल्डीङ्ग सेन्टर सहित अत्यावश्यक उपचारको व्यवस्था भएको हुनेछ । कोभिड १९, कोरोनाजस्ता महामारीका बिरामीको सम्पर्क ट्रेसिङ्ग गरी उपचारको व्यवस्था भएको हुनेछ । मानव महामारी साथै पशु तथा बालीको महामारी प्रकोप क्षेत्रका लागि महामारी प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ । लिङ्ग, उमेर र अपाङ्गताका आधारमा महामारी जोखिमयुक्त क्षेत्रहरूमा Geo Spatial प्रविधि समेत प्रयोग गरी सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ । किशोर किशोरी मैत्री सेवा उपलब्ध हुनेछ । | किशोरी मैत्री शौचालय नभएका विद्यालयमा महिनावारीको समयमा अप्ठेरो पर्ने गरेको छ । त्यस्तै कतिपय किशोरी मैत्री शौचालय भएका विद्यालयका शौचालयहरुमा पानीको आपुर्ति सहज छैन् । |

| | | | |
|---|---|---|---|
| | गर्भपतन तालिम, ईम्प्लान्ट तालिम, जनप्रतिनिधि अभिमुखिकरण, सामुदायिक अगुवा, सामाजिक अभियन्ता, स्वंयम्सेविका अभिमुखिकरण तथा तालिम, अन्तरपाटी महिला संञ्जाल तालिम, पत्रकारहरुका लागि अभिमुखिकरण तथा तालिम, स्वास्थ्य चौकी व्यवस्थापन समिति, पालिका स्तरीय परियोजना सल्लाकार समितीका नियमित बैठक, र यौन र प्रजनन स्वास्थ्य सम्बन्धी नियमित अभिमुखिकरण तथा तालिम संचालन गर्ने गरेको छ । | | |
| **स्थानीय ग्रामिण तथा शहरी बस्ती** | | | |
| ग्रामिण बस्ती तथा भौतिक पूर्वाधारहरूको विकास ज्येष्ठ नागरीक र आदिवासीहरूको वर्षौ देखिको ज्ञान, सीप, अनुभव र परम्परागत अभ्यासका आधारमा आवश्यकता अनुसार स्रोतको पहुँचका आधारमा हुने गर्दथियो । | भौतिक पूर्वाधारहरूको योजना सहित निर्देशित जग्गा विकास कार्यक्रम जग्गा एकीकरण कार्यक्रम घडेरी तथा सेवा सुविधा कार्यक्रम विकास गर्न सकिएको छैन् । | भौतिक पूर्वाधारहरूको योजना सहित निर्देशित जग्गा विकास कार्यक्रम जग्गा एकीकरण कार्यक्रम घडेरी तथा सेवा सुविधा कार्यक्रम विकासमा पहल भएको हुनेछ । महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्गमैत्री पुर्वाधार विकासका विनियमको निर्माण भएको हुनेछ । | महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, संकटान्मुख समुदायहरू र सम्पूर्ण सरोकारवालाहरूको मुद्धा समेटिने गरी स्थानीय ग्रामिण तथा शहरी बस्ती निर्माण हुनुपर्दछ । |
| **जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन** | | | |
| सरकारी कार्यालय, सामुदायिक भवन, विद्यालय, स्वास्थ्य चौकी र आश्रय स्थल बालबालिका, वृद्धवृद्धा, अपाङ्ग मैत्री थिएनन् । खाद्य असुरक्षाको चुनौतिलाई सम्बोधन गर्न कृषि बीमा, कृषक लाभ कार्यक्रम र खाद्य तथा बीउ भण्डारहरू थिएनन् । विपद्का समयमा ढुकुटी, अँचोपैचो गर्ने चलन थियो । आदिवासीहरूको वर्षौ देखिको ज्ञान, सीप, अनुभव र परम्परागत अभ्यासका आभारमा खोज उद्धार हुने गरेको थियो । | विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरूका कार्यक्रम र नीति निर्माणमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग र संकटउन्मुख समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने प्रयास भएको छ । बाढी जोखिम न्यूनीकरणका लागि संरचनागत प्रविधि अवलम्बन गर्दै रडुवाखोला, वेडुखोला, सेती नदीमा तटबन्ध, चेक बाँधको निर्माण भएको छ । गाउँपालिकाको जलवायु अनुकवलन कार्ययोजना तयार हुने क्रममा छ । सरकारी कार्यालय, सामुदायिक भवन, विद्यालय, स्वास्थ्य चौकी र आश्रय स्थल बालबालिका, वृद्धवृद्धा तथा अपाङ्ग मैत्री छैनन् । विद्यालयहरुका विपद् जोखिम व्यवस्थापन योजना (SDRMP) तयार भएको छैन् । गाउँपालिकाका भण्डारण | गाउँपालिकामा महत्वपूर्ण पूर्वाधारहरू (आवास, सिंचाई, उद्योग, कृषि, सडक, ऊर्जा, पशुधन, वन, सिमसार, जलासय, जीविकोपार्जन, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना आदि), आश्रयस्थल र जनसंख्याको लागि बहु-मापदण्डमा आधारित विस्तृत बहु-प्रकोप जोखिम आँकलन तथा नक्शाङ्कन भएको हुनेछ । प्रत्येक सार्वजनिक, सरकारी र व्यावसायिक भवनमा निकासी मार्ग (Evacuation Route) र भेला हुने स्थान (Area of Assembly) छुट्याई रेखाङ्कन र सिमाङ्कन भएको हुनेछ । स्थानीय विद्यालयहरुका विपद् जोखिम व्यवस्थापन योजना तयार भएको हुनेछ । कृषिमा बढदो विपद् (बाढी, खडेरी, पशु | दलित, महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, संकटउन्मुख समुदायहरू र सम्पूर्ण सरोकारवालाहरूका लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी प्रशिक्षण कार्यक्रमहरू संचालन गर्ने । समाजका सीमान्तकृत समूह, महिला, अपाङ्ग, बाल-बालिका तथा वृद्ध-वृद्धाहरू जस्ता अति संकटउन्मुख समूहहरूका लागि प्राथमिकताका आधारमा |

| | | | |
|---|---|---|---|
| | गृहहरूमा आपत्कालिन उद्धार सामाग्रीहरू तथा उपकरणहरू (डुङ्गा, लाइफ ज्याकेट, दमकल, एम्बुलेन्स, स्ट्रेचर आदि) सहित पेय तथा खाद्य सामाग्रीहरू, बीउबिजन, पशुपन्छीका दानाहरू पर्याप्त मात्रामा भण्डारण भएका छैनन् । गाउँपालिकाका भण्डारण गृहहरूमा महिला, सुत्केरी, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग तथा बिरामीहरूका लागि आवश्यक पर्ने विशेष खाद्यान्न, औषधि, सरसफाईका सामान तथा सहायक उपकरणहरू पर्याप्त मात्रामा भण्डारण भएको छैनन् । समुदायमा आधारित, तालिम प्राप्त, पूर्व अभ्यासशील स्वयंसेवकहरूको प्रथम उद्धारक (First Responder) संयन्त्रको विकास र क्षमता अभिवृद्धि भएको छैन् । बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनहरू गरी त्यस्ता जोखिम समेट्न गरी स्थानिय ऐन कानुन, नितिनियम तयार भएको छैन् । | रोग, कृषि रोग, वन्यजन्तु) जोखिम र खाद्य असुरक्षाको चुनौतिलाई सबवोधन गर्न कृषि बीमा, कृषक लाभ कार्यक्रम र खाद्य तथा बीउ भण्डारहरूको स्थापना भएको हुनेछ । गाउँपालिकाका भण्डारण गृहहरूमा आपत्कालिन उद्धार सामाग्रीहरू तथा उपकरणहरू (डुङ्गा, लाइफ ज्याकेट, दमकल, एम्बुलेन्स, स्ट्रेचर आदि) सहित पेय तथा खाद्य सामाग्रीहरू, बीउबिजन, पशुपन्छीका दानाहरू पर्याप्त मात्रामा भण्डारण भएको हुनेछ । गाउँपालिकाका भण्डारण गृहहरूमा महिला, सुत्केरी, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग तथा बिरामीहरूका लागि आवश्यक पर्ने विशेष खाद्यान्न, औषधि, सरसफाईका सामान तथा सहायक उपकरणहरू पर्याप्त मात्रामा भण्डारण भएको हुनेछ । जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धि तालीम तथा स्थानिय शैक्षिक कार्यक्मको पाठ्यक्रममा समावेश गर्न पहल भएको हुनेछ । सबै सार्वजनिक भवन, विद्यालय, अस्पताल तथा महत्वपूर्ण पूर्वाधारहरूमा धुँवा डिटेक्टर र आगलागी अलार्मको विकास र जडान भएको हुनेछ । सरकारी कार्यालय, सामुदायिक भवन, विद्यालय, स्वास्थ्य चौकी र आश्रय स्थल बालबालिका, वृद्धवृद्धा तथा अपाङ्ग मैत्री हुनेछन् । जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापनका लागि वैकल्पिक तथा सृजनशील आर्थिक साधनहरू जस्तै पूर्वानुमानमा आधारित लगानी, साना लगानी, लघु ऋण, बीमा, पुनर्बीमा आदिको विकास तथा प्रवर्धन भएको हुनेछ । विपद प्रभावित व्यक्ति तथा समुदायहरूलाई लघुवित्त, निर्ब्याजी ऋण, ससर्त नगद स्थानान्तरण आदिको व्यवस्था स्थापित | विपद् जोखिम न्यूनीकरण सम्बन्धी विशेष कार्यक्रमहरूको विकास गरी संचालन गर्नुपर्ने देखिन्छ । |

| | | | |
|---|---|---|---|
| | | भएको हुनेछ । व्यवसायिक सामाजिक जिम्मेवारी कार्यक्रम मार्फत विपद् पश्चातको पुनर्लाभ र पुर्ननिर्माणमा निजी लगानी वृद्धि भएको हुनेछ । | |
| **उद्योग, यातायात तथा भौतिक पूर्वाधार** | | | |
| ज्येष्ठ नागरीक र आदिवासीहरूको वर्षौ देखिको ज्ञान, सीप, अनुभव र परम्परागत अभ्यासका आधारमा भौतिक पूर्वाधार बन्ने गरेको थियो । उद्योग, यातायात तथा भौतिक पूर्वाधार खासै विकास भएको थिएन, स्थानियहरु धनगढीदेखि हिड्ने गरेका थिए । | सरकारी कार्यालयहरू, सामुदायिक भवनहरू, विद्यालयहरू, अस्पतालहरू र आश्रय स्थलहरू बालबालिका, वृद्धवृद्धा तथा अपाङ्ग मैत्री छैनन् । गाउँपालिका भित्र रहेका सडक मार्गहरु लगायत अन्य भौतिक पूर्वाधार निर्माणमा वातावरण संरक्षण नियमावली, २०७७ ले निर्दिष्ट गरेका वातावरणीय अध्ययनहरु नभएको पाईन्छ । | गाउँपालिका भित्र रहेका सडक मार्गहरुको आपतकालिन रणनीतिक महत्व पहिचान गरी तिनको जोखिम र विपद सहनशीलताको मुल्यांकन गरी प्रवलीकरण गरिएको हुनेछ । वैकल्पिक मार्गको स्पष्ट पहिचान, प्राथमिकीकरण र निर्माण भएको हुनेछ । पूर्वाधार योजना डिजाइन र निमार्णका लागि विद्यमान मापदण्डहरू र मानकहरू, योजना मापदण्डको पालना भएको हुनेछ । | लैंगिक हिसा, बालमजदुरी जस्ता जोखिमहरु उद्योग, यातायातमा तथा भौतिक पूर्वाधार विकासका क्रममा देखिन सक्छ । |
| **पर्यटन एंव प्राकृतिक तथा सांस्कृतिक सम्पदा** | | | |
| स्थानिय पर्यटनको पनि खासै प्रवर्द्धन भएको थिएन । विभिन्न मेला, नाँच जस्तै देउडा, भुवा, जोंत, गमरा विशु पर्व मनाउने चलन थियो । देउकी प्रथा थियो । देउकी किशोरी माथिको सम्भावित यौनजन्य आक्रमणको जोखिम उच्च रहेको थियो । | स्थानिय ठाँउहरुलाई पर्यटन एंव प्राकृतिक तथा सांस्कृतिक रुपमा प्रवर्द्धन गरेको छ । सामाजिक संजालको प्रयोगकर्ताहरुको बृद्धिले स्थानीय मेला, पर्यटनमा थप टेवा पुगेको छ । विशु पर्वमा ग्वाली लौरी पुज्ने, पिङ्ग खेल्ने, कन्केउलो (डुढकाभात) बनाउने चलन लोपोन्मुख भएको । | पर्यटन एंव प्राकृतिक तथा सांस्कृतिक सम्पदाको प्रवर्द्धन हुनेछ । | पुरातात्विक महत्वका विषयवस्तुहरुको अध्ययन गरी अभिलेख राखिने छ । स्थानिय मेला, चाडमा महिला तथा किशोरीमाथिको सम्भावित यौनजन्य आक्रमणको जोखिम रहने हुन्छ । |
| **लैङ्गिक समानता तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन** | | | |
| लैङ्गिक समानता तथा सामाजिक समावेशिता विभेद थियो । प्रभावितको समतामूलक पहुँच स्थापना हुँदैन थियो । घरको मुली पुरुष हुने गर्दथियो । मुख्य निर्णयहरु पुरुषको हुन्थ्यो । पुरुषले खाना खाईसकेपछि मात्र महिलाहरुले खाने चलन थियो । कृषी तथा पशुपालनमा आधारित | अभिभावक नभएका बालबालिका, एकल महिला, ज्येष्ठ नागरिक, रोगी, सुत्केरी, गर्भवती, अपाङ्गता भएका व्यक्ति, हेरचाह गर्ने कोही नभएका महिलाका लागि सङ्क्रमणकालीन पुर्नस्थापना केन्द्रको स्थापना भएको अवस्था छैन् । व्यापारी, व्यवसायी र उद्यमीहरूलाई जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापनबारे प्रशिक्षण दिई उनीहरूको जवाफदेहिता, सहभागिता र जिम्मेवारीवोध बढाईएको छ । नेपाल | लैङ्गिक समानता तथा सामाजिक समावेशिताको पुर्ण सुनिश्चितता हुनेछ । अभिभावकविहीन बालबालिकाको खोजीनिती, संरक्षण; गर्भवती, सुत्केरी आमा, नवजात शिशु, अपाङ्गता भएका व्यक्ति, एकल महिला, बिरामी, ज्येष्ठ नागरिकको आवश्यकीय हेरचाहको भएको हुनेछ । प्रभावितको समतामूलक पहुँच स्थापना र सामुदायिक पुनर्निर्माण, स्रोत संरक्षण एवं सेवा सञ्चालनमा | महिला तथा किशोरीमाथि सम्भावित यौनजन्य आक्रमण जस्ता अपराध कर्मको जोखिम रहने हुन्छ । विशेष गरी जीविकोपार्जनको अवसर पुनर्सिजना गर्ने गरी समूह, समिति, संस्थाका गतिविधिहरूको निरन्तरता, |

| | | | |
|---|---|---|---|
| जीविकोपार्जन थियो । समुदायमा मुखिया भद्रभलादमीले सिकाउने चलन थियो । चौर, पाटीमा बसेर एकहोरो छलफल र निर्णय गर्ने चलन थियो । महिलालाई महिनावारी र सुत्केरी समयका आफ्नै घरमा पालिएको वस्तुको दुग्ध पदार्थको पहुँच हुँदैन थियो । विगत ३० वर्षको समयमा स्वास्थ्य संस्थामा गएर यौन तथा प्रजनन स्वास्थ्य सेवा लिनेका संख्या शुन्य हुन्थियो । प्रजनन स्वास्थ्य रुग्णताको कारण देखाई बहुविवाह गर्ने चलन थियो । धामी, झांक्रीले दिने स्थानिय जडिबुटीको प्रयोगले असुरक्षीत गर्भपतन गरिन्थ्यो । बालविवाहको चलन थियो । किशोर किशोरीहरूको पुर्ण रुपमा मानसिक र प्रजनन स्वास्थ्य परिपक्क नभई गर्भावस्थामा पुग्थे, असुरक्षीत गर्भावस्था, असुरक्षीत गर्भाधानको जोखिम उच्च हुने गरेको थियो । आमाहरुले अकालमा ज्यान गुमाउने अवस्था थियो । सन्तानहरु ईश्वरका वरदान भन्दै पुरुष प्रधान विचारबाट प्रभावित महिलाको वर्ष पिच्छे असुरक्षीत गर्भाधानका गरिरहेका हुन्थे । | सरकारको प्रचलित कानुन अनुसार विधिको शासन हुन्छ । कृषी बाहेकका जीविकोपार्जनका स्रोतहरुको पहिचान भएको छ । सार्वजनिक स्थानहरुमा जातीय विभेद छैन् । किशोर किशोरी, गर्भवती महिला तथा स्तनपान गराईरहेका आमाहरू, साना बालबालिकाहरु समेत संकटाविमुख रहेका छन् । परिवार नियोजन, सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य स्याहार, गर्भपतनको कारणबाट उत्पन्न हुने समस्याहरूको रोकथाम तथा उपचार, यौन रोग संक्रमण र एचआईभी र एड्स, बाँझोपनको रोकथाम तथा उपचार, किशोर किशोरीहरूको प्रजनन स्वास्थ्य, प्रौढ महिलाहरूको स्वास्थ्य र लैगिंकतामा आधारित हिंसाहरुलाई र महिलाहरुले आफुलाई जहिले पनि न्यून प्राथमिकतामा राखेको पाईन्छ । | वृद्धि भएको हुनेछ । समुदायमा मनोविमर्श सहायता चाहिने प्रभावितहरुको पहिचान गरी उनीहरूको समूहहरूको मागपक्षीय जागृति उपयोगी कियाकलापहरु संचालन भएको हुनेछ । व्यापार, उद्योगमा आधारित जीविकोपार्जनका स्रोतहरुको पहिचान भएको छ । | तीव्रता सबै वडामा भएको पाईंदैन । व्यापार, उद्योगमा आधारित जीविकोपार्जनका स्रोतहरुमा महिला, दलितको पहुँच कम हुन सक्नेछ । लङ्गैगिक विभेद हट्ने र महिलाको स्वास्थ्यलाई प्राथमिकता पाउनेछ । घरको आर्थिक पक्षमा महिलाको नियन्त्रण हुने आर्थिक उन्नती हुने, कार्यबोझ बढ्ने, स्वास्थ्य उपचार गराउन सक्ने हुनेछन् । |
| **जनचेतना अभिवृद्धि तथा क्षमता विकास** | | | |
| जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद जोखिम व्यवस्थापनका सवालमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास जस्ता कार्यक्रमहरु हुँदैन थिए । | राजनीतिक दल तथा भातृ संगठनहरुका सदस्यहरु, निर्वाचित जनप्रतिनिधि, विषयगत निकायका सम्पर्क व्यक्ति, विपद जोखिम व्यवस्थापन क्षेत्रमा कार्यरत संघ संस्थाहरूलाई जलवायुजन्य प्रकोप न्यूनीकरण तथा | संकटउन्मुख लक्षित समुदायहरू (महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, आदिवासी, दलित, विपन्न) को लागि पूर्वसूचना प्रणालीबारे जानकारीमूलक सामाग्रीहरूको (पुस्तिका, | दलित, महिलाहरुले यस्ता जनचेतना अभिवृद्धि तथा क्षमता विकास कार्यक्रममा प्रतिनिधित्व गर्ने अवसर कम |

| | | | |
|---|---|---|---|
| प्रकोप, संकटउन्मुखता तथा जोखिम आँकलन, व्याख्या र समय समयमा अद्यावधिक गर्ने, जोखिम संवेदनशील भू(उपयोग योजना तयारी, विपद प्रभाव मूल्याङ्कन सम्बन्धमा सरोकारवाला र पेशाकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रम हुँदैन थिए । समुदायमा आधारित, तालिम प्राप्त, पूर्व अभ्यासशील स्वयंसेवकहरू थिएनन् । | विपद् जोखिम व्यवस्थापन ऐन, नियम, नीतिबारे अभिमुखिकरण भएको छ । जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धमा सचेतना जगाउने कार्यक्रमहरूको विकास तथा संचालनका लागि समुदायमा आधारित संघ संस्था, गैरसरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरूसँग सहकार्य भएको छ । जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धी चेतना तथा प्रशिक्षणका लागि विस्तृत गाउँपालिका स्तरको कार्यक्रमको विकास गरी संचालन भएको छ । गाउँपालिकामा प्रकोप, संकटउन्मुखता तथा जोखिम आँकलन, व्याख्या र समय समयमा अद्यावधिक गर्ने, जोखिम संवेदनशील भू(उपयोग योजना तयारी, विपद् प्रभाव मूल्याङ्कन सम्बन्धमा सरोकारवाला र पेशाकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रम भएको छ । | सूचनापत्र, विद्युतीय सन्देश इत्यादि) तयारी हुनेछ । विद्यालयका पाठयक्रममा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी पाठयक्रम निर्माण गरी अध्ययन, अध्यापनलाई संस्थागत भएको हुनेछ । दलित, महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, संकटउन्मुख समुदायहरूका लागि जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रमहरू भएको हुनेछ । विद्यार्थी, अभिभावक, शिक्षक, स्वास्थ्यकर्मी, खानेपानी सेवा प्रदायक, सामुदायिक संस्था तथा उपभोक्ताहरूका लागि जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापनमा खेल्नुपर्ने भूमिकाबारे जानकारीमूलक सामग्री बनाई प्रचार प्रसार गर्ने, तालिम प्रदान भएको हुनेछ । वन तथा वन्यजन्तु संरक्षण सम्बन्धि क्षमता अभिवृद्धिका विशेष कार्यक्रमहरू संचालन भएको हुनेछ । विपद जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका सवाल, समस्या र समाधान माथि अनुसन्धान भएको हुनेछ । समुदायमा आधारित, तालिम प्राप्त, पूर्व अभ्यासशील स्वयंसेवकहरूको प्रथम उद्धारक (First Responder) संयन्त्रको विकास र क्षमता अभिवृद्धि भएको हुनेछ । | पाउन सक्ने संभावना हुन्छ । |

### ४.२.१५ पारिस्थितिकीय प्रणालीको संकटासन्नता चित्रण तथा विश्लेषण

के.आई.सिंह गाउँपालिकामा जलवायु परिवर्तनका प्रभावहरु तथा संभावित जोखिम र तिनीहरुले जैविक विविधता/वन जङ्गल, कृषि र जल पारिस्थितिकिय प्रणालीमा कस्तो असर पारिरहेको छ भनी पत्ता लगाउनु यस विश्लेषणको उद्देश्य रहेको छ ।

#### ४.२.१५.१ वन जङ्गल पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण

यस गाउँपालिकामा जलवायु परिवर्तनका प्रभावहरु तथा संभावित जोखिमहरुले वनको अवस्थामा तथा जैविक विविधतामा के कस्तो असर पारिरहेको छ भनी पत्ता लगाउन यस विधिको प्रयोग गरीएको थियो । समुहमा छलफल र अर्न्तक्रियाबाट जानकारी संकलन गरिएको थियो । पत्ता लगाईएका जोखिमहरुलाई उच्च-३, मध्यम-२ तथा न्युन-१ वर्गमा विभाजन गरी वन प्रजातीमा परिवर्तन, जीवजन्तुका प्रजातीमा परिवर्तन, वनको अवस्था, यसका संयोजन तथा पारिस्थितिकिय प्रणलीको सेवामा कस्तो परिवर्तन आएको छ भनी विश्लेषण गरिएको थियो ।

**तालिका २६ वन जगंल पारिस्थितिकिय प्र०ालीमा परेको जोखिमहरुको विश्लेषण**

| क.सं. | जोखिमहरु | वन प्रजातीमा परिवर्तन | जिवजन्तु प्रजातीमा परिवर्तन | वनको अवस्था/गुणस्तर | संयोजन | वनको पारिस्थितिकिय प्रणाली सेवामा परिवर्तन | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | खडेरी | ३ | ३ | ३ | ३ | ३ | १५ |
| २ | कृषि रोग | २ | २ | २ | २ | २ | १० |
| ३ | पशु रोग | १ | २ | १ | १ | १ | ६ |
| ४ | मिचाहा प्रजाति | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ५ | हावाहुरी | ३ | १ | २ | २ | २ | १० |
| ६ | जंगली जनावरको आतंक | १ | १ | १ | १ | १ | ५ |
| ७ | वन डढेलो/ आगलागी | ३ | ३ | ३ | २ | ३ | १४ |
| ८ | असिना | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ९ | हिमपात | १ | १ | १ | १ | १ | ५ |
| १० | पहिरो | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ११ | बाढी | २ | २ | २ | २ | २ | १० |
| १२ | चट्याङ्ग | १ | १ | १ | १ | १ | ५ |
|  | **औसत** | **२.१६६** | **२.०८३** | **२.०८३** | **२.०००** | **२.०८३** |  |

#### ४.२.१५.२ कृषि पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण

जलवायु परिवर्तनका प्रकोपहरुले कृषि पारिस्थितिकिय प्रणालीमा पारेको प्रभाव विश्लेषण गर्नलाई यो विधि प्रयोग गरिएको थियो । समुहमा छलफल र अर्न्तक्रियाबाट जानकारी संकलन गरिएको थियो । पत्ता लगाईएका जोखिमहरुलाई उच्च-३, मध्यम-२ तथा न्युन-१ वर्गमा विभाजन गरी प्रमुख बालीहरुलाई आधार मानि विश्लेषण गरिएको थियो ।

तालिका २७ कृषि पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण

| क.सं. | जोखिमहरु | खेती प्रणालीमा परिवर्तन | कृषि भूमिमा बसोबास गर्ने जिवजन्तु प्रजातीमा परिवर्तन | कृषिजन्य उत्पादन गुणस्तर | कृषि पारिस्थितिकिय प्रणालीको सेवामा परिवर्तन | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | खडेरी | ३ | ३ | ३ | ३ | १२ |
| २ | कृषि रोग | ३ | ३ | ३ | ३ | १२ |
| ३ | पशु रोग | १ | २ | १ | १ | ५ |
| ४ | मिचाहा प्रजाति | ३ | ३ | ३ | ३ | १२ |
| ५ | हावाहुरी | २ | २ | २ | २ | ८ |
| ६ | जंगली जनावरको आतंक | ३ | ३ | २ | २ | १० |
| ७ | वन डढेलो/ आगलागी | १ | १ | १ | १ | ४ |
| ८ | असिना | ३ | ३ | ३ | ३ | १२ |
| ९ | हिमपात | १ | १ | १ | १ | ४ |
| १० | पहिरो | ३ | ३ | ३ | ३ | १२ |
| ११ | बाढी | ३ | ३ | ३ | ३ | १२ |
| १२ | चट्याङ्ग | १ | १ | १ | १ | ४ |
| | **औसत** | २.२५ | २.३३ | २.१६ | २.१६ | |

## ४.२.१५.३ जल (खोला, ताल, नदी) पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण

यस गाउँपालिकामा भएका खोलानाला, पानीका मुहानमा जलवायु परिवर्तनले पारेको असर विश्लेषण गर्न यो विधिको प्रयोग गरिएको थियो । एकातिर जोखिमहरु राखेर र अर्कोतिर पानीका स्रोतहरुमा रहेका वनस्पति र जीवजन्तुमा परिवर्तन, पानीको गुणस्तरमा परिवर्तन, पारिस्थितिकिय प्रणालीको संयोजन तथा तिनका सेवामा परिवर्तन राखी जोखिमको अवस्था विश्लेषण गरिएको थियो । समुहमा छलफल र अर्न्तक्रियाबाट जानकारी संकलन गरिएको थियो । पत्ता लगाईएका जोखिमहरुलाई उच्च-३, मध्यम-२ तथा न्युन-१ वर्गमा विभाजन गरी विश्लेषण गरिएको थियो ।

तालिका २८ जल (खोला, ताल, नदी) पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण

| **क.सं.** | **जोखिमहरु** | **वनस्पती जल प्रजातीमा परिवर्तन** | **जिवजन्तु प्रजातीमा परिवर्तन** | **पानीको अवस्था गुणस्तर** | **संयोजन** | **जल पारिस्थितिकिय प्रणालीको सेवामा परिवर्तन** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| १ | खडेरी | ३ | ३ | ३ | ३ | ३ | १५ |
| २ | कृषि रोग | ३ | २ | ३ | ३ | २ | १३ |
| ३ | पशुरोग | २ | २ | १ | १ | ३ | ९ |
| ४ | मिचाहा प्रजाति | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ५ | हावाहुरी | २ | १ | २ | १ | २ | ८ |
| ६ | जंगली जनावरको आतंक | १ | १ | २ | २ | १ | ७ |
| ७ | वन डढेलो/ आगलागी | १ | १ | १ | १ | १ | ५ |
| ८ | असिना | १ | १ | १ | १ | १ | ५ |
| ९ | हिमपात | १ | १ | १ | १ | १ | ५ |
| १० | पहिरो | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ११ | बाढी | ३ | ३ | ३ | ३ | ३ | १५ |
| १२ | चट्याङ्ग | १ | १ | १ | १ | १ | ५ |

| | औसत | २.०० | १.८३३ | २.०० | १.९१७ | २.०० | |
|---|---|---|---|---|---|---|---|

### ४.२.१५.४ पारिस्थितिकय प्रणालीमा परेको तुलनात्मक रुपमा जोखिम विश्लेषण

विभिन्न पारिस्थितिकिय प्रणालीहरुको विश्लेषण गरे पश्चात निम्न बमोजिमको तालिका ३५ मा राखी तुलनात्मक जोखिम विश्लेषण गरिएको थियो ।

**तालिका २९ पारिस्थितिकिय प्रणालीहरुको तुलनात्मक जोखिम विश्लेषण**

| क्र. सं | पारिस्थितिकिय प्रणाली | विविधता | अवस्था/ गुणस्तर | संयोजन | पारिस्थितिकिय प्रणालीमा परिवर्तन | जम्मा | औसत |
|---|---|---|---|---|---|---|---|
| १ | वन जङ्गल पारिस्थितिकिय प्रणाली | २.१६६ | २.०८३ | २.००० | २.०८३ | ८.३३२ | **२.०८३** |
| २ | कृषि पारिस्थितिकिय प्रणाली | २.२५ | २.३३ | | २.१६ | ६.७४ | **२.२४६** |
| ३ | जल पारिस्थितिकिय प्रणाली | २.०० | १.८३३ | २.०० | १.९१७ | ७.७५ | **१.९३७** |

विभिन्न पारिस्थितिकिय प्रणालीहरुको विश्लेषण गरे पश्चात सबैभन्दा बढी जलवायुजन्य जोखिम कृषि पारिस्थितिकिय प्रणाली त्यसपछि वन जङ्गल पारिस्थितिकिय प्रणाली  र जल (खोला, ताल, नदी) पारिस्थितिकिय प्रणाली परेको पाईयो । कृषि पारिस्थितिकिय प्रणालीमा विविधतामा भन्दापनि अवस्था/ गुणस्तरमा धेरै प्रभाव परेको छ । खडेरी, मिचाहा प्रजाती र जंगली जनावरको आतंकले जोखिम थपेको देखिन्छ । बजार क्षेत्रमा बसाई सर्ने बढ्दो क्रम र सल्लाको वन र त्यसता वनमा हुने अमलियपनका कारणले वन जङ्गल पारिस्थितिकिय प्रणालीमा तुलनात्मक हिसाबमा कृषि पारिस्थितिकिय प्रणालीमा भन्दा कम प्रभाव परेको पाईन्छ । जल (खोला, ताल, नदी) पारिस्थितिकिय प्रणालीमा पहिरोलाई टेवा पुऱ्याउने अव्यवस्थित बाटोको निर्माण यसले सृजित खोला, नदीमा माटोका थिग्रने प्रकिया, खडेरी, मिचाहा प्रजातिले जल (खोला, नदी) पारिस्थितिकिय प्रणालीमा अवस्था/गुणस्तरमा भन्दा विविधता र संयोजनमा धेरै प्रभाव परेको छ । वन जङ्गल पारिस्थितिकिय प्रणालीमा आएको परिवर्तनले गर्दा मिचाहा प्रजातीले गुणस्तरीय घाँसमा ह्रास अत् वन्यजन्तुको खेतीपातीमा आतंक रहने, पशुचौपायालाई गुणस्तरीय घाँसको उपलब्द्धतामा कमी, मिचाहा प्रजाती व्यवस्थापनको कार्यबोझ, परिवारमा कार्यबोझ बढ्ने त्यसको प्रतीप्रभाव महिलाहरुमा पर्ने, मानव वन्यजन्तुको द्वन्द्वमा वृद्धि, खाद्यान्नको उत्पादनमा ह्रास, वन्यजन्तुसँगको द्वन्द्वमा जुध्न बढी खर्च, कृषि पारिस्थितिकिय प्रणालीमा आएको परिवर्तनले गर्दा बाहिरी स्रोतबाट खाद्यान्नको आपुर्ति बढ्ने, भाउ बढ्ने, मनौविज्ञानमा असर पर्ने, पशुपालनका लागि खाद्य सामाग्रीका रुपमा प्रयोग हुने कृषिजन्य पराल, छ्वाली, मकैको ढोडको मात्रा र गुणस्तर घट्ने, कृषि उत्पादनको गुणस्तर घट्ने र भएका कृषि उत्पादनको मुल्यमा गिरावट आउने, मानसिक बिचलन पैदा हुनु, धपाउने, रातीमा चौकिदारी गर्ने, घेराबार गर्ने जस्ता गैर उत्पादक कार्यबोझ बढ्नाले किशोर किशोरी, गर्भवती महिला तथा स्तनपान गराईरहेका आमाहरू, साना बालबालिकाहरु समेत संकटाविमुख रहेका छन् । जल पारिस्थितिकिय प्रणालीमा परेको जलवायुजन्य प्रकोपको प्रभावले गर्दा माछा लोप हुने माछामा आश्रित समुदायको हकमा जिविकोपार्जनको विकल्प नरहने, माछाजन्य पोषण तत्व खोज्ने कार्यबोझ बढ्ने गरेको पाईन्छ ।

## परिच्छेद ५ : जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिहरुको पहिचान

### ५.१ अनुकूलन तथा विपद जोखिम व्यवस्थापन योजना

विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तनका असरहरूको सामना गरी परिवर्तित सहज जीवनयापन गर्न सक्ने अवस्थाको सृजना गर्ने प्रक्रिया, स्थानीय परिस्थिति अनुसार अल्पकालीन र दीर्घकालीन अनुकूनका रणनीतिहरूको अवलम्बन गर्न सकिन्छ । यस रणनीति तथा उपायहरु अवलम्बन गरी गाउँपालिकाले तयार गरेको जलवायु परिवर्तन अनुकूलन योजना कार्यान्वयनमा सवै सरोकारवालाहरुको सहयोगमा सम्पन्न गरिने छ ।

**तालिका ३० जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिहरुको पहिचान**

| जलवायु उत्पन्न प्रकोपहरू | प्रभावित जीविकोपार्जनका स्रोतहरू | समुदायले अपनाएका जुध्ने उपायहरू | के ती उपायहरूले काम गरेको छन् ? | के ती उपायहरू दिगो छन् ? | वैकल्पिक अनुकूलनका उपायहरू र विपद जोखिम न्यूनिकरण |
|---|---|---|---|---|---|
| खडेरी | खाद्य बाली, नगदे बाली खेती, जडीबुटी संकलन, ज्याला मजदुरी, पशुपंछी पालन, जागिर, व्यापार | सिमे भुमे पुजा गर्ने गरेको, कृषिमा आधारित जिविकोपार्जनका स्रोतहरुलाई वैदेशिक रोजगार, नेपालगञ्ज सुर्खेतबाट भँडा, खच्चर, घोडा हुनेले ती जनावरहरुमा र नहुनेले पैदल नै ढुवानी गर्ने गरेको, पोषणका लागि जंगलका च्याउ, सागपात संकलन तथा वन्यजन्तुको चोरीशिकारी गर्ने गरेको, ज्याला मजदुरीमा परिवर्तन गरिएको, केही अरु उपाय नभएको, खोरियाखेती गर्ने गरेको | छैन् | छैन् | माथिल्लो तटीय क्षेत्रका खाली भुभागमा वृक्षारोपण, पानीको मुहान संरक्षण, सिंचाईको व्यवस्थापन गनुपर्ने, खडेरी प्रतीरोधी स्थानिय बाली बीउको प्रर्वद्धन |
| कृषि रोग | खाद्य बाली, नगदे बाली खेती, ज्याला मजदुरी, पशुपंछी पालन, व्यापार | कम्पोस्ट मलको प्रयोग, प्रांगारिक मल तथा जैविक विषादीको प्रयोग, खोरिया खेती गर्ने गरेको | केहि हिसाबमा काम गरेको छ । | पुर्ण रुपमा छैन् | माटो परिक्षण, सामुदायिक बीउ बैंकको स्थापना गरी स्थानिय बालीलाई जोगाई राख्ने, उन्नत जातका बाली बीउ वितरण, तरकारी खेतीका लागि नर्सरी स्थापना, एकिकृत किट व्यवस्थापन गर्ने, सिंचाईको व्यवस्थापन गर्ने |
| पशुमा रोग | पशुपंछी पालन, जागिर, व्यापार | झारफुक गर्ने, स्थानिय जडिबुटीको प्रयोग गर्ने, पशुपंछीमा रोगको संक्रमण छ भन्ने मेसो नपाएर | छैन् | छैन् | पशुपालन सम्बन्धि तालिम, पशु स्वास्थ्य शिविर /पशु खोप |

| जलवायु उत्पन्न प्रकोपहरू | प्रभावित जीविकोपार्जनका स्रोतहरू | समुदायले अपनाएका जुध्ने उपायहरू | के ती उपायहरूले काम गरेको छन् ? | के ती उपायहरू दिगो छन् ? | वैकल्पिक अनुकूलनका उपायहरू र विपद जोखिम न्यूनिकरण |
|---|---|---|---|---|---|
| | | खाने समेत गरेको, केही अरु उपाय नभएको | | | कार्यक्रम, भकारो सुधार, डिपिङ टंकी निर्माण, बाखाको खोर सुधार, नश्ल सुधारका लागि बोका खरिद, नश्ल सुधारका लागि कृतिम गर्भाधान (गाई र भैंसी) |
